चैत - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क २३ **२०७७, चैत १-१५** पूर्णाङ्क ६८९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिष्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री चन्द्रमणि चापागाइँ
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रुद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ७ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | १ |
| इजलास नं. ३ | ४ |
| इजलास नं. ४ | ८ |
| इजलास नं. ५ | ४ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ६ |
| इजलास नं. ९ | १० |
| **जम्मा** | **५४** |

| | |
|---|---|
| इजलास नं. १० | ९ |
| इजलास नं. ११ | ८ |
| इजलास नं. १२ | २ |
| इजलास नं. १४ | ४ |
| एकल इजलास | १ |
| **जम्मा** | **२४** |

**कूल जम्मा ५४ + २४ = ७८**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, चैत – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ६** |
| १. | उत्प्रेषण / परमादेश | धनबहादुर श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १ |
| २. | निषेधाज्ञा | भागवतप्रसाद साह वि. रामलखन साहसमेत | १ |
| ३. | परमादेश | ज्ञानेन्द्रकुमार पाण्डेसमेत वि. कार्यालय प्रमुख, मालपोत कार्यालय महोत्तरी | २ |
| ४. | अंश चलन | उर्मिलाकुमारी विश्वास वि. दुहनेश्वर थारू | ४ |
| ५. | उत्प्रेषण / परमादेश | अधिवक्ता अवतार न्यौपाने वि. उद्योग मन्त्रालय, सिंहदरबारसमेत | ४ |
| ६. | परमादेश | आमोद दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ५ |
| **इजलास नं. १** | | | **६ – १०** |
| ७. | उत्प्रेषण / परमादेश | लामा टेण्डी शेर्पा वि. युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारसमेत | ६ |
| ८. | लिखत दर्ता बदर दर्ता | दिपेन्द्रप्रसाद यादव वि. धर्मनारायण साह | ६ |
| ९. | निषेधाज्ञा | दिपेन्द्रप्रसाद यादव वि. वितु भन्ने रामनारायण यादवसमेत | ७ |
| १०. | बन्दी प्रत्यक्षीकरण | दुर्गाप्रसाद जैसी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ८ |
| **इजलास नं. २** | | | **१०** |
| ११. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विष्णुबहादुर कार्की | १० |
| **इजलास नं. ३** | | | **११ – १४** |
| १२. | लागु औषध (ब्राउन सुगर) | मोहम्मद अब्जल राई वि. नेपाल सरकार | ११ |
| १३. | जबरजस्ती करणी | दिलबहादुर वि.क वि. नेपाल सरकार | ११ |
| १४. | हाडनाता जबरजस्ती करणी | राम भनिने कृष्णबहादुर वि.क. वि. नेपाल सरकार | १२ |
| १५. | उत्प्रेषण / परमादेश | ईश्वरी खनाल वि. त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग, कीर्तिपुरसमेत | १३ |
| **इजलास नं. ४** | | | **१४ – २२** |
| १६. | उत्प्रेषण / परमादेश | प्रतापसिंह बुडाल वि. श्री जिल्ला शिक्षा समिति बैतडीसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १७. | उत्प्रेषण / परमादेश | अधिवक्ता शिव अर्यालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | १६ |
| १८. | कर्तव्य ज्यान | निर्मलबहादुर सार्की वि. नेपाल सरकार | १७ |
| १९. | कर्तव्य ज्यान | भवानी भन्ने भगवती राना वि. नेपाल सरकार | १८ |
| २०. | बन्दी प्रत्यक्षीकरण | भिमबहादुर शाहीसमेत वि. जिल्ला प्रहरी कार्यालय, सुर्खेतसमेत | १९ |
| २१. | सवारी ज्यान अङ्ग भङ्ग | नेपाल सरकार वि. विपेन्द्र साह भन्ने विपेन्द्रप्रसाद नेपाली | २० |
| **इजलास नं. ५** | | | **२२ – २५** |
| २२. | उत्प्रेषण / परमादेश | तोत्रबहादुर कार्की वि. सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत | २२ |
| २३. | उत्प्रेषण / परमादेश | मानप्रकाश खड्का वि. देव इबाहाङ | २३ |
| २४. | उत्प्रेषण | सत्य प्रधान वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेड जलजले, उदयपुर हाल सम्पर्क कार्यालय, लैनचौरसमेत | २४ |
| २५. | जबरजस्ती करणी हाडनाता | परिवर्तित नाम श्यामु वि. नेपाल सरकार | २५ |
| **इजलास नं. ६** | | | **२५ – ३०** |
| २६. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. शेष इस्लाम मियासमेत | २५ |
| २७. | डाँका | कुमार लामासमेत वि. नेपाल सरकार | २६ |
| २८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अजमत अली साह | २८ |
| २९. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. अमजत अली साह भन्ने अजमत अली साह | २९ |
| **इजलास नं. ७** | | | **३० – ३६** |
| ३०. | भ्रष्टाचार | नेपाल सरकार वि. महेन्द्र मण्डल | ३० |
| ३१. | भ्रष्टाचार | नेपाल सरकार वि. लालबाबु रायसमेत | ३२ |
| ३२. | वैदेशिक रोजगार | नेपाल सरकार वि. संजिवकुमार साह | ३३ |
| ३३. | परमादेश | सुजन माक वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत | ३४ |
| ३४. | अंश | हजरतअलि बागवान धोबी वि. मस्तान धोबीसमेत | ३५ |
| **इजलास नं. ८** | | | **३६ – ४२** |
| ३५. | जबरजस्ती करणी | नेपाल सरकार वि. काले भन्ने हिराबहादुर थापा | ३६ |
| ३६. | हातहतियार खरखजाना | नेपाल सरकार वि. प्रकाश मिश्र | ३७ |

| | | | |
|---|---|---|---|
| ३७. | भन्सार रकम | लावण्यकुमार ढकाल वि. मुकुन्दकुमार श्रेष्ठ | ३८ |
| ३८. | जबरजस्ती करणी | नेपाल सरकार वि. शेरबहादुर कार्की | ३९ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | अमितकुमार यादव वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत | ४० |
| **इजलास नं. ९** | | | **४२ – ५३** |
| ४०. | निषेधाज्ञा | शिवशंकर राउत अहिर वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत | ४२ |
| ४१. | निषेधाज्ञा / परमादेश | जिल्ला विकास समितिको कार्यालय, सिराहासमेत वि. जावेद नवि इराकी | ४३ |
| ४२. | उत्प्रेषण | राधारमण चौधरीसमेत वि. जिल्ला सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति जनकपुरसमेत | ४४ |
| ४३. | दर्ता बदर हक कायम दर्ता | शेरबहादुर रावलसमेत वि. ईन्द्रबहादुर रावल | ४६ |
| ४४. | पर्खाललगायत संरचनासमेत भत्काई खिचोला छोडाई चलनसमेत | प्रजादेवी नुनियाइन वि. राजहरण चौधरी | ४८ |
| ४५. | उत्प्रेषण / परमादेश | विज्ञानकुमार अर्याल वि. वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरसमेत | ५० |
| ४६. | बन्दी प्रत्यक्षीकरण | बबरजंगबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५१ |
| ४७. | उत्प्रेषण | विजयकुमार लजान वि. नेपाल दूरसञ्चार प्राधिकरण काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, कमलादीसमेत | ५२ |
| **इजलास नं. १०** | | | **५३ – ५८** |
| ४८. | हालैको बकसपत्र दर्ता बदर हक कायम दर्ता | रामपुकार रौनियार वि. किरणकुमारी रौनियारसमेत | ५३ |
| ४९. | बन्दी प्रत्यक्षीकरण | मोहम्मद मुन्ना वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत | ५४ |
| ५०. | बन्दी प्रत्यक्षीकरण | मोहन माया कार्की वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | ५५ |
| ५१. | बन्दी प्रत्यक्षीकरण / उत्प्रेषण | प्रेम पुरी वि. विशेष अदालत, बबरमहलसमेत | ५६ |

| | | | |
|---|---|---|---|
| ५२. | बन्दी प्रत्यक्षीकरण | रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ५६ |
| ५३. | बन्दी प्रत्यक्षीकरण | सत्यमान लामा वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ५७ |
| **इजलास नं. ११** | | | ५८ - ६८ |
| ५४. | निषेधाज्ञा | आलम गिरी अन्सारीसमेत वि. जिल्ला प्रहरी कार्यालय, बारा कलैयासमेत | ५८ |
| ५५. | बन्दी प्रत्यक्षीकरण | जयस्नु गुरूङ वि. उच्च अदालत पाटनसमेत | ५९ |
| ५६. | बन्दी प्रत्यक्षीकरण / उत्प्रेषण / परमादेश | रामबहादुर ब्लोन वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत | ५९ |
| ५७. | बेलगती मोही लगत कट्टा | पुनदेव महतो नुनिया वि. मधुसुदन प्रसाद जयसवाल | ६० |
| ५८. | अंश चलन | ताराप्रसाद कायस्थ वि. तिलकप्रसाद कायस्थ | ६२ |
| ५९. | उत्प्रेषण / परमादेश | कोमलकुमार होडा (श्रेष्ठ) समेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगरसमेत | ६३ |
| ६०. | अदालतको अवहेलना | प्रमोद श्रेष्ठ वि. नेपाल उद्योग वाणिज्य महासङ्घ, शहीद शुक्र एफ.एन.सी.सी.आई. मिलन मार्ग, पचली टेकुसमेत | ६५ |
| ६१. | भ्रष्टाचार घुस रिसवत | नरेन्द्रकुमार साउद वि. नेपाल सरकार | ६६ |
| **इजलास नं.१२** | | | ६८ - ७० |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजकुमार चेम्जोङ | ६८ |
| ६३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. विकास राय | ६९ |
| **इजलास नं.१४** | | | ७० - ७५ |
| ६४. | मोही लगत कट्टा | हरिनारायण मोची (चमार) वि. जमुना गुरूङ | ७० |
| ६५. | अंश दर्ता | साबित्री दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत | ७१ |
| ६६. | बहुविवाह | नेपाल सरकार वि. गीता परियार | ७४ |
| **एकल इजलास** | | | ७५ - ७६ |
| ६७. | उत्प्रेषण | रामप्रितप्रसाद गुप्तासमेत वि. अनिताकुमारी गुप्तासमेत | ७५ |

## संयुक्त इजलास

### १

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७३-WO-१२०५, उत्प्रेषण / परमादेश, धनबहादुर श्रेष्ठसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

शक्तिपृथकीकरण सिद्धान्तबमोजिम राज्य सञ्चालनसम्बन्धी नीतिगत निर्णय गर्ने अधिकार कार्यकारी निकाय कार्यपालिकामा नै हुने हुँदा प्रचलित संविधान र कानूनको परिधिभित्र रही कार्यपालिकाले जुनसुकै बखत आवश्यक निर्णय गर्न सकिने कुरामा प्रश्न उठाउन नसकिने ।

संवैधानिक कानूनी वा न्यायिक निरूपणको मापदण्डभित्र नपर्ने राज्य र शासन व्यवस्थाका नीतिगत कुराहरू एवं न्यायपालिकाभन्दा कार्यपालिका व्यवस्थापिकाका अन्य निकायबाट प्रभावकारी किसिमले निरूपण हुन सक्ने राजनीतिक विवादलाई राजनीतिक प्रश्नको रूपमा लिनुपर्ने ।

मिति २०७४।३।१४ मा प्रदेश नं.१, ५ र ७ का ३३४ स्थानीय तहमा पनि निर्वाचन सम्पन्न भई स्थानीय तह गठन भइसकेको देखिँदा यसरी स्थानीय तहको निर्वाचन भइसकेका उक्त प्रदेशहरूका सम्बन्धमा उठाइएको प्रश्नका सम्बन्धमा कानून निर्माण गरेर मात्र फेरबदल गर्न सकिने भएकोले स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको प्रदेशमा कानूनको अभावमा स्थानीय तहको संख्या थपघट सिमाना फेरबदल गर्न नमिल्ने ।

संविधानको प्रभावकारी कार्यान्वयनका लागि संविधानको स्वीकार्यता बढाउनु र अपनत्व भाव सिर्जना गराउने अहम् दायित्व सरकारलगायत सबै सरोकारवालाहरूको हो । यसका लागि के कस्ता कार्यक्रम वा रणनीति अख्तियार गरी यो उद्देश्य हासिल गर्नुपर्छ भन्ने विषय राजनीतिक प्रश्न हो । तर संविधानको स्विकार्यता वा संविधानप्रतिको अपनत्व भाव सिर्जना गर्ने भन्ने आधारमा संविधानले अपरिहार्य ठानेको निर्वाचन वा यसका लागि बाध्यात्मक रूपमा निर्धारण गरेको कार्यविधिबाट भने कसैले पनि उन्मुक्ति पाउन नसक्ने ।

नेपाल सरकारले स्थानीय निर्वाचनको अपरिहार्यतालाई मनन गरेर नै संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित आयोगले दिएको प्रतिवेदनमा आवश्यक हेरफेर र परिमार्जन गरी संख्या निर्धारण गरेको परिप्रेक्ष्यमा निर्वाचन हुन बाँकी क्षेत्रमा पुनः सो अधिकारको प्रयोग गर्न मिल्दैन भनी संविधानले सरकारलाई रोक नलगाएको स्थितिमा प्रस्तुत रिट निवेदनको औचित्य देखिएन । रिट निवेदनहरू खारेज हुने ।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल साउन २६ गते रोज ५ शुभम् ।

- यसमा यसै प्रकृतिको ०७३-WO-०९३२, ११७२, ०८४२, परमादेश, चिरन्जिवी रिजाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको ।

### २

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७१-CI-१५७५, निषेधाज्ञा, भागवतप्रसाद साह वि. रामलखन साहसमेत*

साबिक कि.नं. ४८२, ५०५ का साबिक २ वटा घरहरू निवेदकको भएकोमा विपक्षीले जबरजस्ती भत्काइदिने, अप्रिय घटना घटाउने प्रबल सम्भावना भएकोले कानूनबमोजिम बाहेक निवेदकको हकभोगको उक्त घरहरूमा प्रवेश नगर्नु नगराउनु, तोडफोड नगर्नु, मर्मत गर्न कुनै किसिमको अवरोध सिर्जना नगर्नु भनी निषेधाज्ञा जारी गरिपाउँ भन्ने निवेदन गरेकोमा उक्त

घरहरू धेरैअघि नै भत्किसकेको छ। विपक्षीको घरहरू आफैँ भत्किसकेकोले भत्किसकेको घरलाई भत्काउने प्रश्न नै आउँदैन भनी विपक्षीहरूले संयुक्त लिखित जवाफ पेस गरे तापनि निवेदकको सो साबिकदेखिको घर भत्किसकेको भन्ने वस्तुनिष्ठ प्रमाण पेस हुन सकेको छैन। उल्लिखित सा.दे.नं. २४०४ को अबन्डा जग्गा बन्डा मुद्दामा मिति २०५५।८।२२ मा भएको नापनक्सामा न.नं. २ र ३ मा भएको (ग) र (झ) मा घरहरू निवेदक रामलखनको भोग रहेको भन्ने देखिएको र सप्तरी जिल्ला अदालतबाट मिति २०७०।२।१२ फैसलाबाट समेत घरको अस्तित्व देखिई रहेको तथा लिखित जवाफ फिराउँदाको मितिमा घर भत्किसकेको भन्ने पुष्ट्याइँको आधार विपक्षीले नदिएको अवस्थामा घर यथावत् कायम छ भन्ने निवेदन जिकिरलाई अन्यथा मान्न सकिने नदेखिने।

निवेदकसमेतका अंशियाराका बिचमा गाउँ ब्लकको जग्गा अबन्डा जग्गा रहेकोमा बन्डा नहुँदै जग्गामा यी निवेदकले घर बनाई आफ्नो भन्ने हैसियतमा निरन्तररूपमा भोग गरिरहेको र त्यसउपर हकाधिकार रहेका अन्य अंशियारले अन्यथा नगरेको वा सो गाउँ ब्लकको सो अबन्डाको जग्गामा अन्य अंशियारले पनि आफूले घर बनाई आ-आफ्नै तरिकाले भोग गरेकोमा त्यसरी आफू आफूले बनाएका घरहरू आपसी सहमतिले बन्डा हुन नसकेपछि आ-आफूले गरेको त्यस्तो भोगलाई अन्य अंशियारसमेतले थाहा पाएर पनि त्यस्तो भोगलाई मौन सम्मति प्रदान गर्दछ भने त्यसबाट भोगकर्ताको भोगाधिकार सिर्जना हुन सक्ने देखिने।

त्यसरी लामो समयदेखि घर बनाई भोगचलन गरी आएकोमा पछि अदालतबाट फैसला हुँदा जग्गासम्म अंशियाराबिच भाग लाग्ने ठहरेको वा कुनै अंशियाराको भागमध्ये यी विपक्षीले खरिद गरी स्वामित्व प्राप्त गरे पनि निवेदकको साबिकदेखिको भोगचलनमा रहेको सो घरहरू यथावत् कायम रहेसम्म विपक्षीले भत्काउन पाउने कानूनी आधार नदेखिने।

तसर्थ, निवेदन दाबीका जग्गामा भएका घरहरू अदालतको फैसलाबाट निवेदकको भोग देखिएको र विपक्षीहरूले घरहरू आफैँ भत्किसकेको भन्ने लिखित जवाफ भए पनि घरहरूको अस्तित्व रहेको देखिएको र निवेदकको उक्त घरहरूमा निजको यथावत् हक भोगमा रहेको देखिएबाट निवेदन मागबमोजिम सो घरहरूमा कुनै किसिमले भोगमा अवरोध सिर्जना नगर्नु भनी विपक्षीहरूको नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहराएको पुनरावेदन अदालत राजविराजको मिति २०७१।८।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CI-०१४१, परमादेश, ज्ञानेन्द्रकुमार पाण्डेसमेत वि. कार्यालय प्रमुख, मालपोत कार्यालय महोत्तरी*

निवेदन दाबीको कि.नं. ३ को जग्गा २०२५।१०।१३ मा नापनक्सा भएको देखिएको छ। नापीको फिल्डबुक हेर्दा उल्लिखित कि.नं. ३ को जग्गामा रहेको पोखरीलाई ऐलानी भन्ने उल्लेख भइरहेको देखियो। जग्गा नापजाँच ऐन, २०१९ को दफा २ को (ङ) मा "सरकारी जग्गा" को परिभाषा गरी "पोखरी, ऐलानी" लाई सरकारी जग्गाको परिभाषाभित्र समेटेको र ऐ. को दफा २(च) मा सार्वजनिक जग्गाको परिभाषा गरी कुनै व्यक्तिले मात्र नभई सार्वजनिक रूपमा उपयोग गर्न पाउने परापूर्वदेखि प्रचलनमा रहेको पोखरीलाई पनि सार्वजनिक जग्गाको परिभाषाभित्र समेटेको पाइयो। निवेदन दाबीबमोजिम विवादित पोखरी यी निवेदककै भोगचलन थियो भनी पुष्टि हुनको लागि भोगका अतिरिक्त निजले दर्ता स्रेस्ता वा कुन बेहोराबाट निजले भोग गरेको हो भनी दाबी

लिने निवेदनले नै साबिक दर्ता तिरो वा भोगको कानूनी आधार पुष्टि गर्न सक्नुपर्नेमा २०२५ सालको नापीसमेतबाट उक्त पोखरी सार्वजनिक किसिमको ऐलानी देखिई उल्लिखित ऐनको परिभाषासमेतबाट सरकारी देखिइरहेकोमा सो जग्गा सरकारी नभई निजी पोखरी भए जग्गाको साबिक दर्ता तिरोसमेतको आधारमा दर्ता कायम गर्न सक्नुपर्ने हुने।

नापी हुँदादेखि नै सार्वजनिक ऐलानी देखिएको वा झण्डै ४५।४६ वर्षदेखि सार्वजनिक प्रयोग र उपयोगमा आएको पोखरी मान्नुपर्ने अवस्था देखिएकोले ऐलानी जग्गा वा पोखरी सार्वजनिक सम्पत्ति हुने कानूनी व्यवस्था र सार्वजनिक उपभोगको अनुमानलाई खण्डन गर्न निवेदनले साबिक दर्ता स्रेस्ता तिरो भोगसमेतको आधारमा दाबी लिन र भोग स्वामित्व कायम गर्न निवेदकले प्रयत्न गरेको आधारहरूसमेत पेस गर्न सक्नुपर्ने हुन्छ। साबिक दर्ता स्रेस्ता तिरोको आधार नै पेस नगरेको र निरन्तर भोगको पुष्ट्याइँसमेत गर्न नसकेको अवस्थामा प्रथमदृष्टिमा नै विवादित जग्गा निवेदकको निर्विवाद भोग स्वामित्व रहेको नदेखिने।

मालपोत ऐन, २०३४ को दफा ७(२) मा जग्गा नापजाँच ऐन, २०१९ बमोजिम नापनक्सा भएको कुनै जग्गा दर्ता गर्नसम्म छुट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगसमेतको आवश्यक छानबिन गरी तोकिएबमोजिमको समितिको सिफारिसमा तोकिएको प्रक्रिया अपनाई मालपोत कार्यालयले त्यस्तो जग्गा दर्ता गर्न सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको देखिँदा साबिक दर्ता तिरो र भोगसमेतको आधारमा छुट जग्गा दर्ता हुने उल्लिखित कानूनी व्यवस्थाको प्रावधानबाट देखिएकोले प्रस्तुत मुद्दाको दाबीको जग्गा फिल्डबुकबाट ऐलानी जग्गा देखिएको र साबिक स्रोत पुष्टि हुने दर्ता तिरोको प्रमाण वादीले मुद्दाको मिसिलमा समेत सामेल गर्न नसकेको केवल साबिक भोगमा आधारित भई गरेको सिफारिस, भोगमा आधारित भई जारी भएका निषेधाज्ञाको आदेश, भोगको आधार देखाई पेस गरेको तायदाती, भोग विषयमा खिचोलासम्बन्धी मुद्दाका कागजातलाई सम्म मुद्दाको पुनरावेदनसमेतमा उल्लेख गरेको देखिएको हुने।

सार्वजनिक पदाधिकारीले आफ्नो कानूनबमोजिम तोकिएको कर्तव्य पूरा नगरेमा परमादेश जारी हुन सक्छ। विपक्षीले छुट जग्गा दर्ता गर्न ढिलाई गरेकोले छिटो निर्णय गर्नु भनी परमादेशको आदेश माग गरी अदालत प्रवेश गरेकोले निर्णय गर्न ढिलाई गरेकोलाईसम्म आधार बनाएको भए पनि निर्णय गर्न बाँकी नै रहेकोले कारबाहीयुक्त अवस्थामा नै रहेको त्यस्तो विषयलाई तोकिएको सार्वजनिक कर्तव्य पूरा गर्न इन्कार गरेको भन्न मिल्नेसमेत देखिएन। विपक्षीले सार्वजनिक कर्तव्य पूरा गर्न इन्कार रहेको पुष्ट्याइँ नभएको र साबिक दर्ता स्रेस्ता एवं भोग तिरोको आधारसमेत पेस गर्न नसकेको अवस्थामा केवल निवेदन दाबीबाट विवादित पोखरीमा आफ्नो लामो समयदेखि भोग रहेको भन्ने आधारमा दाबीको जग्गामा निवेदकको निर्विवाद हक रहेको मान्न सकिने अवस्था नदेखिएको तथा कानूनले तोकेको कर्तव्य विपक्षी कार्यालयबाट यथासमयमा नै पूरा हुने नै देखिएकोले हालको अवस्थामा निवेदन दाबीबमोजिम आदेश जारी हुने अवस्था नदेखिने।

तसर्थ, फिल्डबुकसमेतबाट जग्गा ऐलानी भन्ने देखिएको र साबिकदेखि व्यक्ति विशेषको स्वामित्वको साबिक दर्ता तिरो रहेको प्रमाण पेस गरी निर्विवाद स्वामित्व / हकाधिकारको पुष्ट्याइँ निवेदकले पेस गर्न नसकेको अवस्थामा ऐलानी जनिएको पोखरीको जग्गालाई छुट जग्गाको प्रक्रियाबाट दर्ता माग गरेको विषयले प्रस्तुत निवेदनको औचित्य पुष्टि नभएको र कारबाहीयुक्त रहेको छुट जग्गा दर्ता जस्तो प्रमाण बुझी निर्णय गर्नुपर्ने विषयमा निर्णय गर्न केही ढिलाई भएको कारणसमेतका आधारमा निवेदकको निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज

हुने ठहराएको पुनरावेदन अदालत जनकपुरको मिति २०७१।९।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल आश्विन २९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-०४३७, अंश चलन, उर्मिलाकुमारी विश्वास वि. दुहनेश्वर थारू*

पुनरावेदन अदालत जनकपुरको फैसलाउपर साबिक न्याय प्रशासन ऐन, २०४८ तथा प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत पुनरावेदनमा देहायको आधार, कारण र कानूनी व्यवस्थाका आधारमा मिलेको देखिँदा केही परिवर्तन गरिरहनुपर्ने अवस्था देखिन आएन । पुनरावेदन अदालत विराटनगरको मिति २०७२।२।२६ को फैसला सदर हुने।

१. एकासगोलका अंशियार परिवारभित्रका व्यक्तिले सोही अंशियारभित्रका व्यक्तिलाई गरिदिएको बकसपत्रद्वारा प्राप्त सम्पत्तिलाई निजी आर्जन मान्न नमिल्ने।
२. धर्मपुत्र भई गएकोले धर्मपुत्र राख्नेतर्फबाट अंश पाउने कानूनी व्यवस्था रहेको सन्दर्भमा पुनरावेदन अदालत विराटनगरबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर : रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २२ गते रोज ४ शुभम्।

५

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-WO-०६१४, उत्प्रेषण / परमादेश, अधिवक्ता अवतार न्यौपाने वि. उद्योग मन्त्रालय, सिंहदरबारसमेत

विपक्षी कम्पनी रजिस्ट्रारबाट जारी भएको कम्पनी निर्देशिका, २०७२ को दफा ६ बदर हुने हो, होइन भन्ने सम्बन्धमा विचार गर्दा कम्पनी ऐन, २०६३ अनुसार दर्ता हुने कम्पनी मुनाफाको उद्देश्यले संस्थापना हुने कुरामा विवाद छैन । त्यसरी मुनाफाको उद्देश्यले संस्थापना हुने कम्पनीको सेयर लिन एवं संस्थापकसमेत हुन प्राकृतिक व्यक्ति, कानूनी अस्तित्व भएका कम्पनी, सार्वजनिक संस्था र निगम जस्ता सङ्गठित संस्थाले पाउने, संस्था दर्ता ऐन, २०३४, साझेदारी वा प्राइभेट वा सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएका सङ्घ, संस्था, फर्मले कम्पनी संस्थापना गरी संस्थापक हुन नपाउने व्यवस्था गरेको कुरा विपक्षी कम्पनी रजिस्ट्रारले मिति २०७२।८।६ मा जारी गरेको कम्पनी निर्देशिका, २०७२ को दफा ६ को अध्ययनबाट देखिन्छ । उक्त निर्देशिकाको दफा ६ को व्यवस्थाले निवेदकको हकमा कसरी असर परेको भन्ने कुरा रिट निवेदनमा केही उल्लेख हुन सकेको देखिँदैन । त्यसैगरी निर्देशिकाले प्राइभेट र साझेदारी फर्ममा संलग्न व्यक्तिलाई कम्पनी ऐनअन्तर्गत दर्ता भएका कम्पनीको संस्थापक हुन र सेयर लिन नपाउने व्यवस्थालाई निवेदकले स्वीकार गरेको देखिन्छ । विपक्षी कम्पनी रजिस्ट्रारले जारी गरेको उक्त निर्देशिकाले संस्था दर्ता ऐन, २०३४ र सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएका कम्पनीको सेयर लिन र संस्थापक हुन रोक लगाएको अवस्थामा निर्देशिकाको व्यवस्थाले असर पुग्ने संस्था दर्ता ऐन, २०३४ र सहकारी ऐन, २०४८ अन्तर्गत दर्ता भएका सङ्घ संस्थाले कम्पनी निर्देशिका बदर माग गरेको देखिँदैन। न त निवेदकको संस्था दर्ता ऐन, २०३४ र सहकारी ऐन, २०४८ अनुसार दर्ता भएको कुनै सङ्घ संस्थामा आबद्धतासँग सम्बद्धता नै देखिने।

त्यसमा पनि निवेदकले कानून व्यवसायीको हैसियतले सार्वजनिक सरोकार प्रकृतिको विवाद भनी रिट निवेदन दिएको देखिन्छ । तर निवेदकले यस अदालतबाट ने.का.प. २०४८, चैत्र, निर्णय नं. ४४३०

र ने.का.प. २०६७, माघ, निर्णय नं. ८४८४ मा प्रतिपादित सिद्धान्तअनुसार विवादित विषयमा सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको कुरा देखाउन सकेको देखिँदैन । यसरी निवेदकले विवादित विषयमा सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको कुरा पुष्टि गर्न सकेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम् ।

६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, *०७३-WO-०९१७, परमादेश, आमोद दाहाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

उल्लिखित रैथाने जातका पशुपंक्षीले हाम्रो सामाजिक र आर्थिक जीवनमा युगौदेखि पुऱ्याउँदै आएको योगदानलाई अन्यथा भन्न सकिने अवस्था छैन । हाम्रो सामाजिक र आर्थिक जीवनमा योगदान पुऱ्याउने पशुपंक्षीको अस्तित्व लोप हुँदै लोपोन्मुख अवस्थामा पुग्नु पक्कै पनि राम्रो होइन । हाम्रो जीवनमा सामाजिक र आर्थिक योगदान पुऱ्याउने पशुपंक्षीको अस्तित्व लोप नहोस् भन्नका लागि निवेदकले सार्वजनिक सरोकारको विवाद भनी प्रस्तुत विवादको उठान गरेको देखिन्छ । स्टकहोम घोषणापत्र, १९७२ ले वर्तमान तथा भावी पुस्ताका लागि पर्यावरण संरक्षण गर्नु र सावधानीपूर्वक व्यवस्थापन गर्नु मानिसको कर्तव्यभित्र पारेको देखिन्छ । Convention concerning the protection of the world cultural and natural Heritage, 1972 ले अन्तरवंशीय समन्यायको सिद्धान्तलाई अङ्गीकार गर्दै भावी पुस्ताका लागि पनि प्राकृतिक र साँस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने दायित्व राज्यको हुने व्यवस्था गरेको छ । UNEP Biodiversity Convention, 1972 ले जैविक विविधताप्रतिको सचेतता स्वीकार गर्दै यसको पर्यावरणीय, जैविक सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक र मनोरञ्जनात्मक मूल्य आत्मसात् गरी बिनाभेदभाव प्रत्येक जीवको आत्मासम्मान र प्रतिष्ठाको संरक्षण हुनुपर्ने उद्घोष गरेको अवस्थाले निवेदकले विभिन्न ७ बुँदामा उठाएको विषयवस्तु सान्दर्भिक देखिने ।

तर, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफबाट नेपाल सरकार प्राकृतिक र साँस्कृतिक विविधता संरक्षण गर्न प्रतिबद्ध रही जनावरहरूको संरक्षणको निमित्त सदैव प्रयत्नशील रही कानून निर्माण गर्न र संस्थागत संरचना निर्माण गर्न लागि परेको देखिन्छ । विपक्षी पशुपंक्षी विकास मन्त्रालयको लिखित जवाफबाट विपक्षी नेपाल सरकारको आ.व. २०७३।०७४ को नीति तथा कार्यक्रममा पशु सङ्कलन केन्द्र स्थापना गर्ने भनी ल्याएको कार्यक्रमअनुसार पशु कल्याण कार्यक्रम, विभिन्न २५ स्थानीय प्रजातिका आनुवांशिक स्रोत संरक्षण प्रवर्द्धन तथा उपयोग कार्यक्रमहरू सञ्चालन भई पशुपंक्षीको गणना गर्ने एवं पशु कल्याण कार्यविधि निर्माण गर्ने कार्य हुँदै आएको भन्ने देखिन्छ । उपर्युक्तबमोजिम विपक्षीहरूको लिखित जवाफबाट निवेदकको केही माग पूरा भएको र केही माग पूरा हुँदै गरेको देखियो । यसरी निवेदकको केही माग पूरा भएको र केही माग पूरा हुँदै गरेको अवस्थामा निवेदन मागबमोजिमको कानून निर्माण गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

उपर्युक्तबमोजिम रिट निवेदन खारेज हुने ठहर भए पनि प्रस्तुत रिट निवेदनमा उठान भएको विषयवस्तुको अध्ययनबाट रैथाने जातका पशुपंक्षीको संरक्षणका लागि हाल भइरहेको नीति, कार्यक्रम र कानूनी व्यवस्था पर्याप्त भए नभएको सम्बन्धमा अध्ययन गरी विपक्षी नेपाल सरकारमा प्रतिवेदन पेस गर्न तीनजना विशेषज्ञहरू सम्मिलित अध्ययन समितिको गठन गर्नु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी

हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७४ साल चैत्र १९ गते रोज २ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-WO-०१३४,* उत्प्रेषण / परमादेश, *लामा टेण्डी शेर्पा वि. युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबारसमेत*

निवेदक लामा टेण्डी शेर्पालाई नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।२।२९ को निर्णयबाट मिति २०७१।३।१० देखि राष्ट्रिय खेलकुद परिषद्को सदस्यमा र युवा तथा खेलकुद मन्त्री एवं राष्ट्रिय खेलकुद परिषद्का अध्यक्षद्वारा खेलकुद विकास ऐन, २०४८ को दफा ३ को उपदफा (३) बमोजिम मिति २०७१।३।१५ गतेदेखि लागु हुने गरी राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्ष पदमा नियुक्त गरिएको कुरामा विवाद देखिएन । निज खेलकुद विकास ऐन, २०४८ बमोजिम राष्ट्रिय खेलकुद परिषद्को उपाध्यक्ष पदमा ४ वर्षका लागि नियुक्त भएको देखिन्छ । निवेदकउपर चलेको भन्सारसम्बन्धी मुद्दामा अन्तिम किनारा नभएसम्म मिति २०७४।५।६ को मन्त्रीस्तरीय निर्णयबाट निजलाई जिम्मेवारीबाट अलग गरिएको भनिएकोमा यस अदालतबाट जारी भएको अन्तरिम आदेशको परिणामस्वरूप निज पदमा कायम (बहाल) रहेको देखिने।

यसरी उपर्युक्तअनुसार निवेदकको ४ वर्षे कार्यकाल अहिले समाप्त भइसकेको देखियो। निजलाई कुनै आरोप लगाई कारबाही वा सजाय गरेको अवस्था पनि देखिँदैन। तसर्थ, अब यसमा निवेदन मागबमोजिम कुनै आदेश जारी गर्नुपर्ने प्रयोजन नै नरहेकोले थप व्याख्या वा विवेचना गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : सुभाषचन्द्र दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक २० गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-१९७५, लिखत दर्ता बदर दर्ता, दिपेन्द्रप्रसाद यादव वि. धर्मनारायण साह*

प्रस्तुत मुद्दामा लिलामी विवरणमा कि.नं. २९ को जग्गामात्र उल्लेख भएको तर घर उल्लेख नभएको भन्ने पुनरावेदन जिकिर रहेको भए पनि सप्तरी जिल्ला अदालतबाट मिति २०५७।३।२० मा भएको लिलामी मुचुल्कालाई हेर्दा उक्त मुचुलुकाको दोस्रो पानामा 'डाक लिलाममा चढेको जग्गा र सोमा भएको घरसमेत भनी पञ्चकृते मूल्याङ्कनबमोजिम' भन्ने उल्लेख भएबाट पुनरावेदकहरूले जिकिर लिएजस्तो डाक लिलाम हुँदा कि.नं. २९ को जग्गा मात्र लिलाम भएको तर घर लिलाम नभएको भन्ने जिकिर स्थापित हुन नआउने।

पुनरावेदन पत्रमा लिइएको उपर्युक्त जिकिरलाई मान्ने हो भने डाक लिलाम भई गएको जग्गाको स्वामित्व एकजनामा र उक्त जग्गामा रहेको फुसको घरको स्वामित्व जग्गा लिलाम भएको बाह्र वर्षपछि पनि अर्को जनामा हस्तान्तरण हुने भन्ने देखिन्छ । यसरी डाक लिलाम भई गएको जग्गा र फुसको घरको स्वामित्व अलग-अलग व्यक्तिमा हुने भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

प्रत्यर्थी वादी र प्रतिवादी जसोदादेवीका पति सोभिलाल यादवबिच परेको लेनदेन बिगो मुद्दामा यसै कि.नं. २९ को जग्गा सप्तरी जिल्ला अदालतबाट डाक लिलाम भई धर्मनारायण साहका नाममा दा.खा. पुर्जीसमेत बनिसकेको पाइयो । प्रत्यर्थीले उक्त जग्गा दर्ता गराउन नसकेको भनी पुनरावेदकले जिकिर लिएको भए पनि मुलुकी ऐन, जग्गा पजनीको २क नं.

मा *"आफ्नो हक हुन आई दाखिल खारेज गर्नुपर्ने भएको र दर्तावाला मरी हकवालाको नाममा सार्नेमा समेत पैंतीस दिनभित्र दाखिल दर्ता नगराई म्याद गुजारी बसेकोमा पछि दाखिल दर्ता गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतीत भए पनि दस रूपैयाँ दस्तुर लिई नामसारी दाखिल खारिज गरिदिनुपर्छ ।"* भन्ने उल्लेख भएको देखिएबाट वादीले आफूले प्राप्त गरेको अदालतको दाखिल खारेज पुर्जीबमोजिमको जग्गा जहिलेसुकै पनि दर्ता गराउन पाउने अवस्था रहेबाट दाखिल खारेजसमेत नगरेको भन्ने पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने।

उपर्युक्त कानूनी व्यवस्थासमेतका आधारमा सप्तरी जिल्ला बेल्ही चपेना गा.वि.स. वडा नं.९ (ग) साबिक कित्ता नं. २९ को ०-१-० जग्गामा रहेको फुसको घर मात्र आपसमा राजीनामा गरी प्रतिवादीहरू जसोदादेवी यादव र दिपेन्द्रप्रसाद यादवबिच मालपोत कार्यालय सप्तरीबाट र.नं. ३२६१ मिति २०६९।५।१८ मा लिनुदिनु गरेको लिखत हक स्वामित्व नै नरहेका व्यक्तिहरूले दूषित तवरले पारित गरेको कुरामा विवाद नरहने।

अत: विवेचित उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा मालपोत कार्यालय सप्तरीबाट र.नं. ३२६१, मिति २०६९।५।१८ मा प्रतिवादीहरूबिच पारित लिखत बदर भई वादीका नाममा हक कायम रहने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।४।२४ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक ११ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७२-CI-१९७७, निषेधाज्ञा, दिपेन्द्रप्रसाद यादव वि. वितु भन्ने रामनारायण यादवसमेत*

उपर्युक्तबमोजिमको तर्क एवं जिकिर रहेको प्रस्तुत पुनरावेदनमा उठाइएको विषयको मूल विवाद नै सप्तरी जिल्ला बेल्ही चपेना गा.वि.स. वडा नं. ९(ग) को कि.नं. २९, क्षेत्रफल ०-१-० को जग्गामा रहेका घरको स्वामित्वसँग जोडिन आएको देखियो। उक्त कित्ता नं. २९ को जग्गामा रहेका घरहरू मात्र जसोदादेवी यादव दिने र दिपेन्द्रप्रसाद यादव लिने भई मालपोत कार्यालय सप्तरीको र.नं. ३२६१, मिति २०६९।५।१८ मार्फत पारित लिखतको कानूनी हैसियतका सम्बन्धमा यसै लगाउको ०७२-CI-१९७५ को लिखत बदर मुद्दामा आजै यसै इजलासबाट उक्त लिखत बदर भई वादी धर्मनारायण साहका नाममा कायम हुने ठहऱ्याई फैसला भइसकेकोले सोही कित्ता नं. २९ मा बनेका घरका सम्बन्धमा निषेधाज्ञाको आदेश जारी गरी पाउने हक यी निवेदकलाई भएको देखिन नआउने।

निषेधाज्ञाको आदेश कसैको निर्विवाद हक कुण्ठित हुने अवस्थामा मात्र जारी हुने प्रकृतिको आदेश हो। प्रस्तुत निवेदनमा निवेदकले र.नं. ३२६१ मिति २०६९।५।१८ बाट प्राप्त गरेका कि.नं. २९ मा रहेका फुसका घरका सम्बन्धमा जिकिर लिएकोमा कि.नं.२९ को जग्गा विपक्षी धर्मनारायण साहले जिल्ला अदालतको मिति २०५७।३।२० को डाक लिलामबाट प्राप्त गरेको देखिन्छ। निवेदकले दाबी लिएको कित्ता नं. २९ उपर यी निवेदकको निर्विवाद हक नरहेको भन्ने कुरा यसबाट पुष्टि हुन्छ। यसैअनुरूप लगाउको मुद्दामा पुनरावेदन अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई आजै यसै इजलासबाट फैसलासमेत भइसकेको छ। यस्तो अवस्थामा प्रस्तुत निवेदनउपर निषेधाज्ञा आदेश जारी हुने अवस्था नरहने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा दाबीको र.नं. ३२६१, मिति २०६९।५।१८ को लिखतबाट पारित कि.नं. २९ को जग्गामा निवेदकको निर्विवाद हक पुग्न सक्ने अवस्था नरहेकोले निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन

अदालत राजविराजबाट मिति २०७२।४।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक ११ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री डम्बरबहादुर शाही,** *०७५-WH-००४५, बन्दीप्रत्यक्षीकरण, दुर्गाप्रसाद जैसी वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदनको तथ्यलाई हेर्दा ने.क.पा. का केन्द्रीय सदस्य चन्द्रबहादुर खड्का गृह जिल्ला सल्यानबाट काठमाडौं आउने क्रममा धादिङको नौबिसे भन्ने स्थानमा आइपुगेपछि मिति २०७५।५।५ गते विपक्षी प्रधान कार्यालयबाट खटी आएका प्रहरीहरूले पक्राउ गरी ऐजन ६ गते विपक्षी महानगरीय प्रहरी परिसर, टेकु पुर्‍याई आँखामा कालोपट्टी बाँधी, शारीरिक यातनासमेत दिएको भन्ने निवेदन दाबी रहेको देखियो । निज विरूद्ध परेको विष्फोटनसम्बन्धी कसुरमा मुद्दा चलाउन ऐजन ७ गते जिल्ला प्रहरी कार्यालय रूपन्देही पुर्‍याई हिरासतमा राखिएको भन्नेसमेत दाबी रहेकोमा जिल्ला अदालत रूपन्देहीको मिति २०७५।६।४ गतेको आदेशले निजविरूद्ध धरौटी माग गरेको देखिएबाट उक्त दाबी समर्थित हुन आयो । अदालतको उक्त आदेशबमोजिमको धरौटी मिति २०७५।६।१० गते जम्मा गरी निज तारिखमा छुटी जाने अवस्था भएकोमा निज विरूद्ध प्र.ना.नि. विरेन्द्र महतको प्रतिवेदनले इलाका प्रहरी कार्यालय, पालुङ्मा मिति २०७५।५।१० मा मुद्दा दर्ता भइसकेको र यी प्रतिवादी खोजतलासकै क्रममा रहेको अवस्थामा अजमुद्दिन अन्सारीले पनि आफ्नो सोही On Test गाडी जलाई ध्वस्त पारेको भनी इ.प्र.का.मा नै आगो लगाई सङ्गठित अपराध गरेको भन्ने मुद्दामा किटानी जाहेरी दिएका थिए, यिनै आधारमा प्रहरीद्वारा चन्द्रबहादुर खड्काको खोजतलास भइरहेको अवस्थामा निजलाई जिल्ला कारागार कार्यालय रूपन्देही हुँदै इ.प्र.का. पालुङ्मा उपस्थित गराइएको र स्थान अभाव तथा जिल्ला अदालतमा पेस गर्न सुगमतासमेतको दृष्टिकोणले निजलाई जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा राखिएको हो भन्ने देखिने ।

आगो लगाई सङ्गठित अपराध गरेको मुद्दामा मिति २०७५।६।१० गते इलाका प्रहरी कार्यालय बुटवलले पक्राउ गरी इलाका प्रहरी कार्यालय मकवानपुरमा दाखिला गराएको हो भन्ने प्रहरी प्रधान कार्यालय, नक्सालको लिखित जवाफ र मिति २०७५।५।६ गते महानगरीय प्रहरी परिसर, काठमाडौंसँगको समन्वयमा चन्द्रागिरी नगरपालिका, काठमाडौंबाट पक्राउ गरी बुटवल ल्याइएको हो भन्ने जिल्ला प्रहरी कार्यालय, रूपन्देहीको लिखित जवाफका बिचमा तालमेल रहेको नदेखिने ।

नेपालको संविधानको धारा २० मा न्यायसम्बन्धी हकको व्यवस्था गरिएको छ । यसै धाराको उपधारा (३) ले पक्राउ परेको व्यक्तिलाई बाटोको म्यादबाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गरी त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन भन्ने व्यवस्था गरेको छ । संविधान प्रदत्त उपर्युक्त व्यवस्था यी निवेदकको हकमा लागु भए नभएकोतर्फ विचार गर्दा निवेदकले आफूलाई मिति २०७५।५।५ गतेदेखि नै गैरकानूनी रूपमा थुनामा राखिएको भनी जिकिर लिए पनि विष्फोटनसम्बन्धी कसुरमा तत्काल रूपन्देही जिल्ला अदालतमा उपस्थित गराइएको र उक्त अदालतबाट मिति २०७५।६।४ गते भएको थुनछेक आदेशबाट निज धरौटीमा छुट्ने आदेश भइसकेको देखिने ।

यद्यपि उक्त आदेशबाट धरौटीमा छुटेका निवेदकलाई आगो लगाई सङ्गठित अपराध गरेको कसुरमा जिल्ला प्रहरी कार्यालय, मकवानपुर उपस्थित

गराउने क्रममा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागु भइसकेको अवस्थामा अदालतबाट पक्राउ गर्ने अनुमति नलिई, जरूरी पक्राउ पुर्जी दिनुपर्ने अवस्थाको गलत प्रयोग गर्दै, आफूखुसी पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा ल्याइएको भन्ने कुरा *यस कार्यालयमा जिल्ला अदालतको आदेशले जारी भएको पक्राउ पुर्जी बुझाइएको* भनी जि.प्र.का. मकवानपुरको लिखित जवाफमा उल्लेख भएबाट पुष्टि हुन्छ । संविधानले कुनै पनि व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष पेस गरी निजबाट अनुमति नलिई थुनामा राखिने छैन भन्ने कुराको प्रत्याभूति गरेको छ । यसरी अनुमति दिँदा के-कुन प्रयोजनका लागि थुनामा राख्नुपर्ने हो सोको आधार र कारण खोली अनुमति दिने वा म्याद थप गरिदिनुपर्छ भन्ने कुरा प्रचलित कानूनले निर्दिष्ट गरेको छ । यद्यपि यी बन्दीको हकमा मकवानुपर जिल्ला अदालतबाट मिति २०७५।६।११ लगायत पटकपटक दिइएका म्याद थप अनुमतिमा थुनामा राखी अनुसन्धान गर्नुपर्ने आधार र कारण स्पष्ट गरिएको छैन । प्रत्येक पटक गरिएको म्याद थप अनुमतिमा *प्रतिवादीलाई हिरासतमा राखी राख्न मनासिब देखिएको* भन्ने बेहोरा मात्र उल्लेख गरिएको छ । यसरी थुनामा राख्नुपर्ने स्पष्ट आधार र कारण नखोली फौजदारी कार्यविधि संहिताको समेत उल्लङ्घन गरी पटकपटक म्याद थप गर्दै व्यक्तिलाई हिरासतमा राख्ने कार्यले संविधान प्रदत्त मौलिक हकमा गम्भीर आघात पुगेकै देखिने ।

यसैगरी संविधानको धारा २० कै उपधारा (१) मा रहेको कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन भन्ने व्यवस्थाको तथा उपधारा (२) मा पक्राउमा परेका व्यक्तिलाई पक्राउमा परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने छ भन्ने व्यवस्थाको पनि उचित पालना भएको भन्ने देखिएको छैन। निवेदक बन्दीलाई के-कुन मितिबाट पक्राउ गरिएको हो भन्ने कुरामा नै विपक्षीहरूको लिखित जवाफ परस्परमा बाझिएको छ । अदालतको अनुमतिबाट जारी गरिने पक्राउ पुर्जी दिइएको भनी मिसिल संलग्न रहेको कागजातमा अनुसन्धान अधिकारीले हस्ताक्षर गरेको देखिए पनि निजले हस्ताक्षर गर्दा पूरा मिति उल्लेख नगरी, गते नै नलेखी, खाली राखी, पक्राउ पुर्जी जारी गरिएको छ। यसबाट पहिले नै तयारी गरिएको पुर्जीमा औपचारिकता मात्र पूरा गरिएको भन्ने शंकामा बल पुगेको छ । यही प्रक्रिया बन्दीलाई दिइएको थुनुवा पुर्जीमा पनि दोहोरिएको देखिने।

निवेदक विरूद्ध विभिन्न प्रहरी कार्यालयमा दर्ता भएका फौजदारी मुद्दामा अनुसन्धान गर्न पक्राउ गरिएको भनिए पनि त्यस्ता कसुरमा निज संलग्न रहेको भन्ने विश्वसनीय आधार विपक्षीहरूले देखाउन सकेको अवस्था छैन । यस्तो अवस्थामा निवेदकलाई पटकपटक पक्राउ गर्दै विभिन्न प्रहरी कार्यालय पुऱ्याउँदै थुनामा राख्ने गरिएको देखिन्छ। विपक्षीहरूका तर्फबाट गरिएको यस्तो कार्यलाई संविधानसम्मत मान्न नसकिने।

अत: उपर्युक्त तथ्य एवं प्रमाणसमेतका आधारमा निवेदक असल भन्ने चन्द्रबहादुर खड्कालाई आगो लगाई सङ्गठित अपराध गरेको कसुरमा इलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरमा परेको प्रहरी प्रतिवेदन तथा किटानी जाहेरीसमेतका आधारमा भनी इलाका प्रहरी कार्यालय बुटवल, रूपन्देहीबाट मकवानपुर ल्याउने तथा अनुसन्धानको क्रममा हिरासतमा राख्ने क्रममा समेत नेपालको संविधान तथा त्यसले सुनिश्चित गरेका मौलिक हक एवं प्रचलित कार्यविधि कानूनले निर्दिष्ट गरेका अनिवार्य कार्यविधिको समेत पालना नगरी निवेदकलाई पटकपटक पक्राउ गरी थुनामा राख्ने कार्यलाई कानूनसम्मत मान्न मिल्ने

नदेखिँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट निवेदन जारी हुने।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल कार्तिक ९ गते रोज ६ शुभम्।

## इजलास नं.२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७१-CR-०२३५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विष्णुबहादुर कार्की*

जाहेरवाला ऋषिप्रसाद सिंखडासमेतको जाहेरीको हकमा अभियोग दाबीअनुसार प्रतिवादी विष्णुबहादुर कार्कीलाई आरोपित कसुरमा सजाय भएकोमा सोउपर प्रतिवादीको पुनरावेदन परेको नदेखिँदा सो सन्दर्भमा केही बोलिरहनु परेन। वादी नेपाल सरकारको पुनरावेदनको सन्दर्भमा विचार गर्दा, जाहेरवालाहरू जानकीप्रसाद पण्डित र परमेश्वर चौधरीले आफ्नो छोरा इश्वरकुमार चौधरीलाई वैदेशिक रोजगारीमा क्यानडा पठाउनको लागि प्रतिवादीले जनही रू.२५,०००।– लिई वैदेशिक रोजगारीमा पनि नपठाएको र लिएको रकम फिर्ता पनि नगरेकोले वैदेशिक रोजगारी ठगी गरेको भनी किटानी जाहेरी दिएको देखिने।

जाहेरीसाथ Promising Career Education Consultancy Pvt.Ltd. को रसिदमार्फत रू.२५,०००।– प्रतिव्यक्ति बुझाएको कागज पेस गरेका छन्। प्रतिवादी विष्णुबहादुर कार्कीले अनुसन्धानको क्रममा एवं न्यायाधिकरणमा बयान गर्दा आफूले जानकीप्रसाद पण्डित र परमेश्वर चौधरीसमेतका जाहेरवालाहरूलाई चिन्दिन र निजहरूसँग उल्लिखित रकम लिएको पनि होइन भनी इन्कार गरेका छन्। जाहेरवालाहरूले पेस गरेको उक्त रसिदमा निज प्रतिवादीले सो रकम लिएको हो भन्ने निजको कुनै सही वा दस्तखत रहेको देखिँदैन। जुन कन्सल्टेन्सीमा सो रकम बुझाएको देखिन्छ सो कन्सल्टेन्सी प्रतिवादीको हो वा निज सो कन्सल्टेन्सीसँग सम्बन्धित व्यक्ति हो भन्ने कुराको कुनै प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको पनि छैन। जाहेरवालाहरूले आफ्नो किटानी जाहेरीलाई समर्थन हुने गरी राजस्व न्यायाधिकरणमा बकपत्र गरी दिएको देखिए पनि निजहरूले जाहेरीसाथ पेस गरेको रू. २५,०००।– बुझाएको रसिदबाट सो रकम यी प्रतिवादीलाई बुझाएको नदेखिने।

जाहेरवालाहरू जानकीप्रसाद पण्डित र परमेश्वर चौधरीले दिएको किटानी जाहेरीलाई समर्थन गरी बकपत्रसमेत गरे पनि निज प्रतिवादीलाई रकम बुझाएको कुनै लिखित कागज प्रमाण पेस गर्न नसकेको अवस्थामा निजहरूको मौखिक भनाइकै आधारमा यी प्रतिवादी विष्णुबहादुर कार्कीले वैदेशिक रोजगारीमा पठाउनको लागि निजहरूसँग प्रतिव्यक्ति रू.२५,०००।– लिएको मान्न नमिल्ने हुँदा जाहेरवाला जानकीप्रसाद पण्डित र परमेश्वर चौधरीको जाहेरीको हकमा पनि अभियोग दाबीअनुसार सजाय नगरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला उल्टी हुनुपर्दछ भनी वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणबाट जाहेरवालाहरू जानकीप्रसाद पण्डित र परमेश्वर चौधरीको छोरा ईश्वरकुमार चौधरीलाई वैदेशिक रोजगारमा पठाउने कार्यका लागि प्रतिवादी विष्णुबहादुर कार्कीले रकम लिएको भन्ने अभियोग दाबी प्रमाणित हुन सकेको नदेखिँदा निजहरूको जाहेरीको हकमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।१२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

इति संवत् २०७५ साल असार ५ गते रोज ३ शुभम्।

## इजलास नं.३

१

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७२-CR-१९७५, लागु औषध (ब्राउन सुगर), मोहम्मद अब्जल राई वि. नेपाल सरकार*

प्रतिवादी साथबाट लागु औषध ब्राउन सुगर बरामद भएको भन्ने बेहोरा उल्लेख छ। उक्त लागु औषध ब्राउन सुगर भएको भन्ने कुरा परीक्षण प्रतिवेदनबाट देखिन्छ। प्रतिवादी मोहम्मद अब्जल राईको साथबाट ५० ग्राम लागु औषध (ब्राउन सुगर) बरामद भएकोमा उक्त बरामदी मुचुल्कामा निज प्रतिवादीसमेत रोहवरमा रहेको देखिन्छ । प्रतिवादीले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूबाट उक्त परिमाणको लागु औषध बरामद भएको कुरा स्वीकार गरी उक्त लागु औषध बिक्री वितरणको लागि भारतबाट ल्याएको कुरा पनि स्वीकार गरेको देखिएको छ। निजले अदालतमा बयान गर्दा लागु औषध बिक्री वितरणमा इन्कार रहे पनि निजको उक्त इन्कारी बयान पुष्टि भएको नदेखिँदा प्रतिवादीले अदालतमा गरेको बयानलाई प्रमाणमा लिन मिल्ने नदेखिने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, प्रतिवादी आफूले भारतबाट उल्लिखित परिमाणको लागु औषध (ब्राउन सुगर) नेपालमा बिक्री गर्न लिई आउँदा पक्राउ परेको हो भनी लेखाइदिएको बयानलाई पुष्टि हुने गरी निज प्रतिवादी ५० ग्राम लागु औषध (ब्राउन सुगर) सहित पक्राउ परेको भनी प्रतिवेदक प्र.स.नि. आइते पुनले अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ। प्रतिवेदक प्र.स.नि. आइते पुनले गरेको उक्त बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रत्यक्ष प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन आयो । अर्कोतर्फ अनुसन्धान अधिकारीले प्रतिवादीलाई फसाउने उद्देश्यले प्रतिवादीको साथबाट लागु औषध बरामद गराइएको भन्नेसम्मको तथ्ययुक्त आधार मिसिलबाट देखिएको छैन। प्रतिवादीबाट बरामद भएको ५० ग्राम लागु औषधको परिमाण अत्यधिक देखिन आएको र उक्त लागु औषध बिक्री गर्ने प्रयोजनार्थ ल्याएको देखिन्छ । निज प्रतिवादीले अर्का सहअभियुक्तलाई समेत पोल गरेको तथा बरामद भएको लागु औषध (ब्राउन सुगर) को उक्त परिमाणले निज प्रतिवादी मोहम्मद अब्जल राईले बिक्री वितरण गर्ने उद्देश्यबाट लिई आएका होइनन् भनी मान्न मिलेन। यस अवस्थामा आफूले कसुर नगरेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट अभियोग मागदाबीबमोजिमको आरोपित कसुरमा वादी दाबी पुग्ने गरी प्रतिवादी मोहम्मद अब्जल राईलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४ को (छ) (२) बमोजिम १२ वर्ष ६ महिना (बाह्र वर्ष छ महिना) कैद र रू.एक लाख जरिवानासमेत हुने ठहराएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७२।८।२७ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल साउन १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७३-CR-०२०७,* जबरजस्ती करणी, दिलबहादुर वि.क वि. नेपाल सरकार

मिति २०७१।३।६ मा प्रतिवादी दिलबहादुर वि.क.ले अपाङ्ग नाबालिका वर्ष ११ की परिवर्तित नाम पोखरा ३८ लाई पोखरा उपमहानगरपालिका वडा नं.११ फुलवारी स्थित आफ्नै डेरा कोठामा पसी जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी

दरखास्त रहेको देखिन्छ । मिति २०७१।३।६ गते मलाई केही रूपैयाँ आवश्यकता परेको हुँदा दिउँसो करिब १२:३० बजेको समयमा जाहेरवालाको डेरामा रूपैयाँ माग्न जाँदा यी पीडित पोखरा ३८ लाई कोठामा एक्लै देखेपछि निजलाई खाटमा राखी मेरो उत्तेजित लिङ्ग निजको योनिमा जबरजस्ती प्रवेश गराई २/४ पटक रगडेको हुँ भनी प्रतिवादी दिलबहादुर वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुरमा साबिती बयान गरेको देखिन्छ । पीडित पोखरा ३८ मिति २०७१।३।६ गते सदाझैं डेरा कोठामा बसिरहेको र बुबा आमा काममा जानु भएको थियो । सोही दिन करिब दिउँसो १२:३० बजे प्रतिवादी दिलबहादुर वि.क. मेरो कोठामा आई बोले कराएमा ज्यानै मारी दिने धाकधम्की दिई आफनो उत्तेजित लिङ्ग मेरो योनिभित्र जबरजस्ती प्रवेश गराई जबरजस्ती करणी गरेका हुन् भनी पीडितले मौकामा गरेको कागजमा लेखाई दिएको देखिन्छ । मौकामा बुझिएका व्यक्ति प्रमीला ढकालले मिति २०७१।३।६ गते दिनको १२:३० बजे यी दिलबहादुर वि.क. पीडितको कोठाबाट भाग्दै गर्दा देखेको हुँ, पीडितलाई भेटी सोध्दा दिलबहादुर वि.क.ले आफूलाई जबरजस्ती करणी गरी भागेका हुन् भनी बताइन् भनी मौकामा गरेको कागजमा उल्लेख गरेका र सोही बेहोरालाई पुष्टि हुने गरी जाहेरवाला श्यामबहादुर थापाले अदालतमा बकपत्र गरेको देखिने।

पुनरावेदक प्रतिवादी दिलबहादुर वि.क.ले अदालतमा आफूले पीडितलाई करणी नगरेको जाहेरवालाले आफूलाई दिनुपर्ने पैसा नदिई फसाउन जाहेरी दिएका हुन् भनी कसुरमा इन्कार रही बयान गरे तापनि वारदात मिति र समयमा आफू घटनास्थलमा उपस्थित रहेको तथ्यलाई प्रतिवादीले अस्वीकार गर्न सकेको अवस्था छैन । प्रतिवादीले जाहेरवालासँग लिनुपर्ने रकमको विवादको कारणले झुठो आरोप लगाएको भन्ने जिकिर लिए तापनि सो तथ्य पुष्टि हुने कुनै प्रमाण पेस गर्न सकेको देखिँदैन। यसैगरी पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा योनिको झिल्ली Intact नरहेको एक औंला Loosely पठाउन मिल्ने भन्ने बेहोरा उल्लेख भएको देखिने।

तसर्थ, माथि विवेचित आधार, प्रमाणबाट यी प्रतिवादीलाई जबरजस्ती करणीको १ नं. र ३ नं. विपरीतको कसुरमा ऐ.३ (३) अनुसार ६ (छ) वर्ष कैद र पीडित अपाङ्गलाई जबरजस्ती करणी गरेको देखिँदा ऐ.३ (क) नं. बमोजिम थप ५ (पाँच) वर्षसमेत जम्मा ११ (एघार) वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति स्वरूप रू.१,००,०००।- (एक लाख) भराइदिने गरी भएको सुरूको फैसलालाई सदर गर्ने गरी भएको पुनरावेदन अदालत पोखराको मिति २०७२।४।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७५ साल श्रावण १५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०७३-CR-०६६७, हाडनाता जबरजस्ती करणी, राम भनिने कृष्णबहादुर वि.क. वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अदालतमा भएको बयानमा जाहेरवाली कान्छी श्रीमतीसँग झगडा हुने गरेको हुँदा राम्रो सम्बन्ध थिएन र सोही कारणले झुट्टा जाहेरी दिएकी हुन् भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको भए तापनि निजले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मदिरा सेवन गरेको नशाको सुरमा यौन इच्छा जागेकाले आफ्नै साथमा रहेकी पीडित छोरीलाई वारदातस्थलमा लगी निजको कपडा खोली जबरजस्ती करणी गरेको र यो कुरा कसैलाई नभन्नु भनी घरमा ल्याई छाडेको हुँ भनी आरोपित कसुरमा साबिती भई बयान गरेको देखिन्छ । निजको उक्त साबिती बयानलाई पीडित छोरीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा "There is a Laceration in hymen

at 5 O'clock position measuring 0.5×0.2 CM and the edge are erythematous" भन्ने उल्लेख भएको बेहोरा र उक्त स्वास्थ्य परीक्षण गर्ने डाक्टर एन्जिन घिमिरेले अदालतमा बकपत्र गर्दा पीडितको कन्याजाली च्यातिएको, रातो भएको र कम्मरमुनिको भाग र योनिमा दुखाई भएको भनी बताएकी थिइन् भन्ने बेहोरा लेखाई दिएको विशेषज्ञको बकपत्रसमेतबाट प्रतिवादीले १४ वर्षमुनिकी आफ्नै नाबालिका छोरीलाई जबरजस्ती करणी गरी वारदात घटाई आरोपित कसुर गरेको भन्ने तथ्यलाई पीडितको शारीरिक परीक्षणबाट थप पुष्टि हुन आएको अवस्था देखिने।

पुनरावेदक प्रतिवादीले अमानवीय, पशुतुल्य तथा नैतिकताहीन र सामाजिक दृष्टिकोणबाट निन्दनीय एवं घृणित क्रियाकलाप गरी आफूले जन्माएकी छोरीलाई करणी गरी अभियोग माग दाबीबमोजिमको कसुर गरेको पुष्टि भएको अवस्था हुँदा मिसिल संलग्न समष्टिगत सबुद प्रमाणहरूको उचित मूल्याङ्कन गरी आरोपित कसुरमा निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम १० वर्ष कैद र हाडनाता करणीको महलको १ नं. अनुसार थप १० वर्ष कैदसमेत गरी जम्मा २० वर्ष कैद हुने र निज प्रतिवादीबाट पीडित नाबालिकालाई जबरजस्ती करणीको महलको १० नं. बमोजिम रू.२५,०००।- (पच्चिस हजार) क्षतिपूर्ति भराइदिने गरी सुरू अदालतले गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट भएको फैसला न्यायको रोहमा कानूनसङ्गत नै देखियो। पुनरावेदकले पुनरावेदनपत्रमा जिकिर लिएअनुसार जाहेरवालीले आफ्नो लोग्नेउपर आफ्नै छोरीलाई जबरजस्ती करणीजस्तो जघन्य अपराधमा फसाउन झुठ्ठा जाहेरी दिई जालप्रपञ्च गरेको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट समर्थित भएको नदेखिएकोले पुनरावेदन अदालत पोखराको मिति २०७२।१२।२३ को फैसला बदर गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, तनहुँ जिल्ला अदालतबाट मिति २०७२।३।३० मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत पोखराबाट मिति २०७२।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवहरि पौड्याल
कम्प्युटर: विपिनकुमार महासेठ
इति संवत् २०७५ साल श्रावण १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-WO-११०७, उत्प्रेषण / परमादेश, ईश्वरी खनाल वि. त्रिभुवन विश्वविद्यालय पुनरावेदन आयोग, कीर्तिपुरसमेत*

त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयबाट विज्ञापन नं.१९/२०७२-०७३ (बढुवा) को लागि विभिन्न पदहरूको विज्ञापन भएकोमा नर्सिङ सहनियन्त्रक पदमा पद संख्या २ को लागि मिति २०७२।१०।२ मा सूचना प्रकाशित भएको देखिन्छ। उक्त कार्यालयबाट मिति २०७३।८।२६ मा नतिजा प्रकाशित हुँदा नर्सिङ सहनियन्त्रक पदमा शोभा गुरूङ र गंगा हुमागाईको बढुवाको लागि सिफारिस भएको र गंगा हुमागाईको कुल प्राप्ताङ्क १०७.०० भएको निवेदकले निवेदनसाथ पेस गरेको नतिजा प्रकाशनसम्बन्धी सूचनाको प्रतिलिपिबाट देखिने।

त्रिभुवन विश्वविद्यालय कर्मचारी नियुक्ति एवं बढुवाका आधार, कार्यसम्पादन तथा कार्यक्षमता अङ्क विभाजन एवं सिफारिससम्बन्धी कार्यविधि, २०६८ को परिच्छेद ४ को ४.१ मा बढुवाको हकमा अनुभवबापत ६०, भौगोलिक क्षेत्रमा काम गरेबापत १५, कार्यसम्पादन मूल्याङ्कनबापत ४०, शैक्षिक योग्यताबापत २० र तालिमबापत ५ गरी जम्मा १४० अङ्क विभाजन गरेको र सोबमोजिम बढुवाका लागि परेका आवेदन फारामहरूको प्राप्ताङ्क तालिकीकरण गर्दा वि.नं.१९/०७२-०७३ नर्सिङ सहनियन्त्रक पदमा

शोभा गुरूङको ११०.०, गंगा हुमागाइँको १०७.० भई सिफारिसमा परेको र रिट निवेदकको कुल प्राप्ताङ्क १०१.० रहेको कर्मचारी मूल्याङ्कन फारामको प्रतिलिपिबाट देखिने।

लिखित जवाफसाथ पेस भएको कर्मचारी मूल्याङ्कन फाराम हेर्दा, कार्यसम्पादन मूल्याङ्कनबापत निवेदक इश्वरी खनालले अङ्क ३१ प्राप्त गरेको, विपक्षीमध्येका शोभा गुरूङले ४० अङ्क र गंगा हुमागाईले प्राप्त गरेको ३५ अङ्कभन्दा कम देखिएको छ। निवेदिकाले अस्पतालमा रही सेवा गर्दा गर्ने स्तरलाई तोकिएको आधारमा मूल्याङ्कन गरी पठाइएको र मूल्याङ्कन वस्तुनिष्ठ र तथ्यमा आधारित रहेर गरिएको भन्ने मूल्याङ्कनकर्ताहरूको लिखित जवाफबाट देखिने।

रिट निवेदकले निजको तालिमबापतको अङ्क प्रदान नगरिएको र विपक्षी गंगा हुमागाईको नर्सिङ परिषद्मा नवीकरण नभएको प्रमाणपत्र पेस गरेको भन्ने निवेदन जिकिर लिएका सन्दर्भमा हेर्दा रिट निवेदकको तालिम आवेदित पदसँग सम्बन्धित नरहेको हुँदा सोबापतको अङ्क प्रदान नगरिएको भन्ने लिखित जवाफमा देखिन्छ । उक्त तालिमबापतको अङ्क जोड्दा पनि सिफारिसमा परेका विपक्षीहरूले प्राप्त गरेको कुल प्राप्ताङ्कभन्दा कम अङ्क कायम हुने देखिन्छ । यसैगरी गंगामाया हुमागाईले नर्सिङ परिषद्मा दर्ता भएको प्रमाणपत्रको नवीकरण सेवा आयोगमा पेस गरेको हुँदा प्रमाणपत्र नवीकरण नगराएको भन्ने दाबी गलत हो भन्ने सेवा आयोगको लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदिकाको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार प्रमाणबाट त्रिभुवन विश्वविद्यालय सेवा आयोगले सिफारिससम्बन्धी कार्यविधि तथा नियमको प्रक्रिया पूरा गरी गरेको सिफारिसलाई पुनरावेदन आयोगले समेत सदर गरिसकेपछि सिफारिसमा परेका उम्मेदवारहरूलाई कार्यकारी परिषद्ले नियुक्तिसमेत दिइसकेको अवस्था विद्यमान रहेको देखिँदा पुनरावेदन आयोगको मिति २०७३।१२।४ को निर्णय बदर हुनुपर्ने भन्ने निवेदिकाको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शिवहरी पौड्याल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ साल साउन १३ गते रोज १ शुभम्।

## इजलास नं.४

### १

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-WO-००५६, उत्प्रेषण / परमादेश, प्रतापसिंह बुडाल वि. श्री जिल्ला शिक्षा समिति बैतडीसमेत*

प्रचलित कानूनी व्यवस्थाअनुसार अभिभावकद्वारा निर्वाचित विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई अभिभावकहरूको भेलाले हटाउनसक्ने नै देखिन्छ तर यसरी हटाउनुपर्दा निजलाई सफाइ पेस गर्ने मौका दिएको छ, छैन ? सो तथ्य महत्त्वपूर्ण रहने देखिन्छ। दानेश्वर नागार्जुन उच्च मा.वि. बैतडीको अभिभावकहरूको आमभेलाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षउपर अविश्वासको प्रस्ताव आएकोले मिति २०७३।२।२७ गतेका दिन आफैँ उपस्थित भई लिखित तथा मौखिक रूपमा सफाइ पेस गर्नु भनी उक्त विद्यालयका प्र.अ. र शिक्षक अभिभावक सङ्घका अध्यक्षसमेतको संयुक्त दस्तखतबाट मिति २०७३।२।२४ को पत्रबाट निवेदकलाई जानकारी गराएको देखिन्छ । उक्त पत्र यी निवेदकका भाइ नाताका लक्ष्मण बुडालले बुझी दस्तखत गरेको देखिएबाट यी निवेदकलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट हटाउनुअघि सफाइको मौका नदिएको भन्न नमिल्ने।

निवेदकले लिएको अर्को दाबी प्रत्यर्थी भाष्कर दत्त पन्तलाई दानेश्वर नागार्जुन उच्च मा. वि. बैतडीको शिक्षक पदमा नियुक्त गर्ने गरी मिति २०७३।२।२१ मा भएको निर्णय र नियुक्तिलगायतका सम्पूर्ण काम, कारबाही तथा निर्णयहरू गैरकानूनी भएकोले बदर गरिपाउँ भन्ने प्रश्नतर्फ हेर्दा भाष्करदत्त पन्त नि.मा. वि. तहको शिक्षक पदमा करारमा नियुक्त शिक्षक भई शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्तिका लागि सफारिस भएका शिक्षकलाई पदस्थापन गर्ने क्रममा विस्थापित हुन गएका शिक्षक रहेको देखिन्छ । यस सम्बन्धमा शिक्षा विभाग विद्यालय व्यवस्थापन शाखा सानोठिमी भक्तपुरको च.नं.२२ मिति २०७१।४।१२ गतेको पत्रबाट सबै तहका स्थायी शिक्षकहरूको पदस्थापन गर्दा दरबन्दीमा कार्यरत अस्थायी शिक्षकहरूलाई सकेसम्म कम विस्थापित हुने गरी जिल्ला तहमा कार्यविधि तयार गरी सबै प्रकृतिका अस्थायी दरबन्दी तथा राहत अनुदानसमेतमा विस्थापित हुन सक्ने शिक्षकहरूलाई नियुक्तिको ज्येष्ठताको आधारमा जि.शि.स.को निर्णयानुसार विस्थापित हुन सक्ने शिक्षकबाट स्वेच्छाले तल्लो तह वा राहत अनुदान कोटामा काम गर्न चाहेमा र सोही पदअनुसारको सुविधा लिन चाहेमा मन्जुरी गरेको निवेदन दिएमा सोहीबमोजिम गर्ने भन्ने परिपत्र भएको देखिन्छ । शिक्षा विभागको सोही पत्र मुताबिक जि.शि.स.ले निज शिक्षक भाष्करदत्त पन्तलाई पुनस्थापना गरिएको भनी लिखित जवाफमा उल्लेख भएको देखिएकोले जबरजस्तीपूर्वक गैरकानूनी रूपमा नियुक्त गरेको भन्न मिल्ने नदेखिने।

यसरी शिक्षा ऐन, २०२८ मा भएको व्यवस्था मुताबिक अभिभावकद्वारा निर्वाचित विद्यालय व्यवस्थापन समितिको अध्यक्षलाई सफाइको मौकासमेत दिई अभिभावकहरूको भेलाले हटाउनसक्ने नै भएकोले सोबमोजिम नै हटाएको र भाष्करदत्त पन्त नि.मा.वि. तहको शिक्षक पदमा करारमा नियुक्त शिक्षक भई शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्तिका लागि सिफारिस भएका शिक्षकलाई पदस्थापन गर्ने क्रममा विस्थापित हुन गएका शिक्षक भएकोले शिक्षा विभागको पत्र मुताबिक जि.शि.स.ले शिक्षक भाष्करदत्त पन्तलाई पुनस्थापना गरिएको कार्य गैरकानूनी नदेखिँदा उत्प्रेषणको आदेश जारी गरी उक्त निर्णय बदर गर्नुपर्ने देखिएन । निवेदकलाई दानेश्वर नागार्जुन उच्च मा.वि. बैतडीको अभिभावकहरूको आमभेलाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट हटाउन गरेको निर्णय नै कानूनबमोजिम भएको अवस्थामा निवेदकको मागदाबीबमोजिम दानेश्वर नागार्जुन उच्च मा.वि.को विद्यालय व्यवस्थापन समितिको अध्यक्षको पदमा रही काम काज गर्न रोक नलगाउनु भनी परमादेशको आदेश जारी हुने अवस्था देखिएन । यस्तो अवस्थामा तीन वर्षका लागि निर्वाचित दानेश्वर नागार्जुन उच्च मा.वि. बैतडीको विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट हटाउने गरी भएको निर्णय बदर गरी आफूलाई आफ्नो पूरा अवधिभर काम गर्न परमादेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर तथा निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थः निवेदकलाई प्रचलित कानूनी व्यवस्थाअनुसार अभिभावकद्वारा विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट हटाएको कार्य कानूनसम्मत देखिएको अवस्थामा निवेदकको निवेदन मागबमोजिमको रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : राजकुमार दाहाल
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७६ साल मङ्सिर १५ गते रोज १ शुभम्।

- यसमा यसैसँग सम्बन्धित ०७३-WO-००५७, ००५९, ००६०, उत्प्रेषण / परमादेश, ०७३-MS-०००४, अदालतको अवहेलना, रमेशदत्त ओझा वि. जिल्ला

शिक्षा समिति बैतडीसमेत भएको मुद्दाको आदेशसमेत यसै प्रकृतिको रहेको।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-WO-००८५, उत्प्रेषण / परमादेश, अधिवक्ता शिव अर्यालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार*

प्रस्तुत रिट निवेदनको सन्दर्भमा लुम्बिनी विकास कोष ऐन, २०४२ सङ्घीय कानून हो। लुम्बिनी विकास कोष ऐन, २०४२ को दफा ८(ज) मा प्रस्ट रूपमा सदस्य सचिव नेपाल सरकारले मनोनित गरेको व्यक्ति हुने भन्ने कानूनी व्यवस्था रहेको छ। यसबाट सदस्य सचिवको पद विज्ञापनबाट पूर्ति गरिने पद नभई नेपाल सरकारले मनोनयन गर्ने पद भन्ने प्रस्ट भएको अवस्थामा निवेदकको रोजगारीको हकमा असर परेको नदेखिने।

विपक्षी विष्णुप्रसाद ढकाललाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।४।१० को निर्णयअनुसार लुम्बिनी विकास कोषको सदस्य सचिव नियुक्त गरिएको र उक्त निर्णय विष्णुप्रसाद ढकाललाई लुम्बिनी विकास कोषको सदस्य सचिव पदमा गरिएको नियुक्ति नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७६।२।१० मा बदर गरेको मिसिल संलग्न निर्णयको प्रतिलिपिबाट देखिएको अवस्थामा निजको नियुक्ति सम्बन्धमा विवेचना गरिरहन पर्ने नदेखिने।

जहाँसम्म मिति २०७४।९।१८ मा प्रकाशित विज्ञापनबमोजिम लुम्बिनी विकास कोषको सदस्य सचिव पदमा पदपूर्तिसम्बन्धी कारबाही अगाडि बढिरहेको अवस्थामा सदस्य सचिव पदमा विष्णुप्रसाद ढकालको नियुक्ति गर्ने गरी भएको मिति २०७५।०४।१० को निर्णय गैरकानूनी रहेको छ भन्ने जिकिर रहेको छ। सो सम्बन्धमा मिति २०७५।४।६ मा नेपाल सरकार (मा. मन्त्रिस्तर) को निर्णयबाट लुम्बिनी विकास कोषको सदस्य सचिव पदमा पदपूर्तिसम्बन्धी अघि भए गरेको सम्पूर्ण प्रक्रिया रद्द गरी सोको जानकारी संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको भन्ने लिखित जवाफमा उल्लेख भएको देखिन्छ। विज्ञापन गर्ने निकायसँग विज्ञापन रद्द गर्न पाउने अवशिष्ट अधिकार रहन्छ। कानूनले दिएको अख्तियारीभित्रै रही निर्णय गरी सोअनुरूपको सूचना प्रकाशन गरेको कार्य कानूनबमोजिम नै रहेको देखिने।

लुम्बिनी विकास कोषको सदस्य सचिव पदको नियुक्तिको लागि विज्ञापन प्रकाशित गरी प्रक्रिया अघि बढाइसकेपश्चात् सो प्रक्रियालाई पूरा गर्नुपर्नेमा आवेदन पेस गरी योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ता लिइसकेपछि नतिजा प्रकाशन नगर्नु कार्य गलत हुन्छ उक्त पदका लागि आफूहरूले प्राथमिकता पाउनुपर्छ भन्ने निवेदन जिकिरतर्फ हेर्दा निवेदकहरू आफू सूचीकृत भएको विज्ञापन नै साधिकार निकायबाट रद्द गरी सोको सूचनासमेत प्रकाशित भएको देखिन्छ। विज्ञापन गर्ने निकायसँग विज्ञापन रद्द गर्न पाउने अवशिष्ट अधिकार रहने भएकोले उक्त विज्ञापनको औचित्य नै समाप्त भएको अवस्थामा निवेदकको दाबीलाई उचित मान्न सकिएन। अख्तियार प्राप्त अधिकारीद्वारा कानूनमा भएको व्यवस्थाबमोजिमको प्रक्रिया अवलम्बन गरी गरिएको नियुक्तिसम्बन्धी निर्णयले कानूनी मान्यता पाउने नै हुने।

उल्लिखित संवैधानिक एवं कानूनी व्यवस्थासमेतको रोहबाट हेर्दा निवेदकहरूको संविधान प्रदत्त हकहरूमा कुनै आघात पुगेको देखिएन। परीक्षाको लागि आवेदन दिनु, प्रस्तुतीकरण र अन्तरवार्ताको लागि सूचीकृत हुनुले नै आफू सो पदको लागि योग्य व्यक्ति हो भन्न मिल्दैन। यी सब परीक्षाको चरणहरू (phase of examination) मात्र हुन्। यदि सबै चरण पार गरी नतिजासमेत प्रकाशन गरी अन्य व्यक्तिलाई सिफारिस गरेको भए सो कार्य कानूनविपरीत हुन जान्थ्यो तर प्रस्तुत निवेदनको सन्दर्भमा निवेदकहरूलाई सूचीकृतसम्म गरिएको

अवस्था हो, अत सूचीकृत भएका व्यक्तिहरूलाई नै मनोनयन गरिनुपर्छ भन्ने जरूरी हुँदैन र सूचीकृत हुनुले मात्र सो पदमा आफ्नो हक स्थापित हुन्छ भन्न मिल्दैन । निवेदकहरू सूचीकृत भएको उक्त पदको लागि प्रकाशित विज्ञापन नै साधिकार निकायबाट कानूनबमोजिम रद्द भई उक्त विज्ञापनको औचित्य नै समाप्त भएको छ । यस्तो अवस्थामा निर्णय बदर गरी मिति २०७४।९।१८ मा प्रकाशित विज्ञापनको नतिजा प्रकाशित गरिपाउँ भन्ने निवेदन जिकिर तथा निवेदकतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन सकिएन साथै प्रस्तुत मुद्दामा विद्वान् कानून व्यवसायीहरूबाट पेस भएका नजिरको समेत सान्दर्भिकता नदेखिने ।

तसर्थ, निवेदकहरू सूचीकृत भएको उक्त पदको लागि मिति २०७४।९।१८ मा प्रकाशित विज्ञापन नै साधिकार निकाय नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७५।४।६ को निर्णयबाट रद्द भई उक्त विज्ञापनको औचित्य नै समाप्त भएको अवस्थामा निवेदकको निवेदन मागबमोजमको रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ । मिति २०७५।४।२४ मा यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७६ साल मङ्सिर १५ गते रोज १ शुभम् ।

- यसमा यसै लगाउको ०७५-WO-०३३१, उत्प्रेषण / परमादेश, अधिवक्ता शिव अर्यालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दाको आदेशसमेत समान प्रकृतिको रहेको ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१३०६, कर्तव्य ज्यान, निर्मलबहादुर सार्की वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले फलामको सब्बलजस्तो जोखिमी हतियारले मृतकको टाउको जस्तो संवेदनशील अङ्गलगायत शरीरका विभिन्न भागमा जथाभावी प्रहार गरेका कारण मृतकको मृत्यु भएको भन्ने पुष्टि हुन आएको हुँदा निजलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू फैसलालाई सदर गरेको उच्च अदालत तुल्सीपुरको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने ।

जहाँसम्म आफूले अनुसन्धान र अदालतमा समेत सत्य तथ्य बेहोरा उल्लेख गरी अदालती प्रक्रियामा सहयोग गरेको हुँदा न्यूनतम सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र प्रतिवादीले अनुसन्धान र अदालती प्रक्रियामा गरेको सहयोगलाई मध्यनजर गरी कम सजाय हुनुपर्ने भन्ने पुनरावेदकका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिर छ त्यसतर्फ विचार गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा रहेको कानूनी व्यवस्थालाई हेर्नुपर्ने देखिन आयो । अ.ब. १८८ नं. को व्यवस्था जुनसुकै कर्तव्य ज्यान मुद्दामा प्रयोग हुने नभई घटना हुँदाको प्रकृति र परिस्थितिसमेतका आधारमा भवितव्य प्रकृतिको जस्तो न्यायकर्तालाई लागेमा वा कसुरको प्रकृति हेर्दा सजाय चर्को पर्छ कि भन्ने अनुभूति न्यायकर्तालाई हुने वस्तुनिष्ठ आधार र परिस्थिति मिसिलबाट देखिनु पर्दछ । साथै कम सजाय गर्ने भनी राय व्यक्त गर्ने कुरा सम्बन्धित न्यायाधीशले मुद्दाको तथ्यगत अवस्थाको गहन अध्ययन गरी विवेक प्रयोग गर्ने विषय भएकाले त्यस्तो विवेकको प्रयोगमा मुद्दाका कुनै पक्षले चुनौती दिन वा यस्तो राय व्यक्त गर्नुपर्ने भनी कसैले पनि बाध्य गर्न मिल्ने विषय पनि होइन । प्रस्तुत मुद्दामा प्रतिवादीले मृतकलाई आफ्नो घरको ढोकामा देखी निज मृतक त्यहाँबाट भाग्दै गरेको अवस्थामा निजलाई समाई २/३ थप्पड हातले हानी आफ्नो नियन्त्रणमा कोठामा थुनी गाउँघरका

मानिसलाई बोलाएकोमा गाउँका मानिसहरूले निजलाई अहिले नहानेस् भोलि छलफल गरौंला भनी निजहरू फर्किएपछि पुन: ढोका खोली फलामको सब्बल जस्तो जोखिमी हतियारले टाउकोलगायत शरीरका विभिन्न भागमा जथाभावी अन्धाधुन्ध प्रहार गरेको कारणबाट मृतकको मृत्यु भएको भन्ने देखिन्छ। फलामको सब्बल जस्तो जोखिमी हतियारले टाउकोलगायत शरीरका विभिन्न भागमा जथाभावी अन्धाधुन्ध प्रहार गर्दा मानिसको मृत्यु हुन सक्छ भन्ने कुरा जोसुकै सामान्य मानिसलाई पनि ज्ञान हुन सक्ने विषय हो। घटना प्रकृतिबाट यी पुनरावेदक प्रतिवादीले मनसायपूर्वक नै उक्त वारदात गरेको भन्ने देखिन्छ। कसुर स्वीकार गरेको भन्ने मात्र आधारमा गम्भीर प्रकृतिका कसुर अपराधमा पनि न्यून सजाय गर्नुपर्ने भन्ने कानूनको मनसाय पनि होइन। अत: प्रस्तुत मुद्दामा अ.बं.१८८ नं. बमोजिम न्यून सजायको राय व्यक्त गर्न मिल्ने आधार र अवस्थाको विद्यमानता नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर एवम् निजका तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताको बहससँग सहमत हुन नसकिने।

तसर्थ, उपर्युक्त उल्लिखित आधार कारणबाट पुनरावेदक प्रतिवादी निर्मलबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू रूकुम जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत तुल्सीपुरको मिति २०७५।४।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कुवेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७५-CR-१९८१, कर्तव्य ज्यान, भवानी भन्ने भगवती राना वि. नेपाल सरकार*

मिति २०७४।७।२४ गते राति आमा पुनिकला रानालाई भाउजू भवानी भन्ने भगवती रानाले मादक पदार्थ सेवन गरी घट्ट बिक्री गरेको रकमको विषयमा विवाद उठाई वियरको बोतलसमेतले प्रहार गरी मारेको हुँदा कानूनी कारबाही गरिपाउँ भनी जाहेरवाला निर्जल राना मगरको किटानी जाहेरी परेको देखिन्छ। प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष र सुरू अदालतमा समेत बयान गर्दा वियरको बोतलले सासू पुनिकलालाई प्रहार गर्दा टाउकोमा लागि निजको मृत्यु भएको कुरामा साबित भई बयान गरेको पाइन्छ। घटनास्थल तथा लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा मृतकको टाउको, निधार, मुख, नाक जस्ता अङ्गहरूमा घाउ चोट निलडाम देखिएको, मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Head injury due to blunt force भन्ने उल्लेख भएको पाइन्छ। जाहेरवालाले जाहेरी बेहोरालाई समर्थन गरी र घटना विवरण कागज गर्ने मृतकका पति दुधबहादुर राना, भगवती राना, केशव रानासमेतले मिति २०७४।७।२४ गते राति घट्ट बिक्री गरेको रकमको विषयमा विवाद हुँदा वियरको बोतल तथा हथौडाले पुनिकला रानाको नाक, मुख, कञ्चट, निधारको भागमा प्रहार गरी मारेकोमा विश्वास लाग्छ भनी अनुसन्धानका क्रममा कागज गर्नुका साथै अदालतमा समेत सोही बेहोराको बकपत्र गरेकोसमेतका आधार प्रमाणबाट प्रतिवादी भवानी भन्ने भगवती रानाले पुनिकला रानालाई कर्तव्य गरी मारेको भन्ने पुष्टि हुन आएको देखिँदा अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराएको सुरू फैसलालाई सदर गर्ने गरी उच्च अदालत सुर्खेतबाट भएको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

उच्च अदालत सुर्खेतले अ.बं. १८८ नं. बमोजिम १०(दस) वर्ष कैद सजाय हुनु पर्ने भनी व्यक्त गरेको रायतर्फ विचार गर्दा प्रस्तुत वारदातमा प्रतिवादी

र मृतक दुवैले मदिरा सेवन गरेका र घट्ट बिक्री गरेको रू. ६,०००।– को आधा रकम बाँडफाँट जस्तो सामान्य विषयमा विवाद झै-झगडा भएको, प्रतिवादीले सासू पुनिकलालाई मार्ने पूर्वयोजना र तयारीसमेत गरेको नदेखिएको, निजले अनुसन्धानका क्रममा र अदालतमा समेत कसुर अपराध गरेको कुरामा साबित भई अदालती प्रक्रियामा सहयोग पूराएको तथा सो घटनाप्रति पश्चातापसमेत गरेको, प्रतिवादी दुई बालबालिकाकी आमा रहेकी र निज बालबालिकाहरू प्रतिवादीउपर आश्रित रहे भएको देखिएको अवस्थासमेतलाई आधार लिई निज प्रतिवादी भवानी भन्ने भगवती रानालाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १०(दस) वर्षको सजाय गर्दा उपयुक्त हुने भनी सुरू जाजरकोट जिल्ला अदालतको रायलाई उच्च अदालत सुर्खेतले समर्थन गरी व्यक्त गरेको राय मनासिब नै देखिन आउने।

अ.बं. १८८ नं. बमोजिम १०(दस) वर्ष कैद सजाय हुने राय व्यक्त भएको उच्च अदालत सुर्खेतको फैसला न्यायोचित नभएकाले कम सजाय हुने गरी राय व्यक्त गरिपाउँ भनी प्रतिवादीले लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा उक्त प्रश्नमा प्रवेश गर्नुअघि मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. मा रहेको कानूनी व्यवस्थालाई हेर्नुपर्ने देखिन आयो । उक्त कानूनी व्यवस्थाले मुद्दाका कुनै पक्षको कानूनी हकको सिर्जना गर्ने नभई निर्णयकर्ताले सजाय तोक्दा प्रयोग गर्न सक्ने तजबिजी हकमा मात्र सीमित रहेको मान्नुपर्ने हुन्छ। अ.बं. १८८ नं. मा त्यस्तो राय व्यक्त गर्ने आधारहरूसमेत तोकिएको छ । राय व्यक्त गर्ने कुरा सम्बन्धित न्यायाधीशले मुद्दाको तथ्यगत अवस्थाको गहन अध्ययन गरी विवेक प्रयोग गर्ने विषय भएकाले त्यस्तो विवेकको प्रयोगमा मुद्दाका कुनै पक्षले चुनौती दिन वा यस्तो राय व्यक्त गर्नुपर्ने भनी बाध्य गर्न सक्दैन। त्यस्तो रायलाई समर्थन गर्ने वा नगर्ने वा फरक रूपमा समर्थन गर्ने भन्ने अधिकार केवल माथिल्लो अदालतलाई मात्र हुँदा उच्च अदालत सुर्खेतले व्यक्त गरेको राय न्यायोचित भएन भनी पुनरावेदक प्रतिवादीले लिएको पुनरावेदन जिकिर मनासिब नदेखिने।

तसर्थ, उपर्युक्त उल्लिखित आधार, कारणबाट पुनरावेदक प्रतिवादी भवानी भन्ने भगवती रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई निजलाई अ.बं.१८८ नं. बमोजिम १०(दस) वर्ष कैदको सजाय गर्न उपयुक्त हुने भनी रायसमेत व्यक्त गरी सुरू जाजरकोट जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याएको उच्च अदालत सुर्खेतको मिति २०७५।६।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कुवेर पाण्डे

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-०२०३, बन्दीप्रत्यक्षीकरण, भिमबहादुर शाहीसमेत वि. जिल्ला प्रहरी कार्यालय, सुर्खेतसमेत*

मुद्दा चलाउनुपर्ने अवस्थामा अधिकारप्राप्त निकायले कानूनको रीत पुऱ्याई अनुसन्धान प्रयोजनका लागि मुद्दा हेर्ने अधिकारीको अनुमतिले थुनामा राख्न पाइने विषयलाई कानून प्रतिकूल मान्न नमिल्ने।

निवेदकहरूलाई विपक्षी जिल्ला प्रहरी कार्यालयले पक्राउ गरी थुनामा राखिएकोमा विवाद रहेको छैन । निज निवेदकहरूलाई जिल्ला प्रशासन कार्यालय, सुर्खेतबाट हिरासतमा राख्न म्याद थप अनुमतिसमेत लिएको देखिन्छ र अभद्र व्यवहार कसुरमा मुद्दा चलाई उक्त मुद्दामा भएको थुनछेक आदेशबाट निवेदकहरू धरौटीमा थुनामुक्त भइसकेको अवस्था विपक्षीहरूको लिखित जवाफबाट देखिएको

र निवेदकका कानून व्यवसायीले समेत सो तथ्यमा अन्यथा जिकिर लिएको नदेखिएबाट निवेदकहरू मिति २०७६।२।२३ मा नै थुनामुक्त भइसकेको तथ्यमा विवाद नदेखिने।

कुनै पनि व्यक्ति वा निकायले कसैलाई पनि गैरकानूनी रूपमा वा कानूनले तोकेको उचित प्रक्रिया नपुऱ्याई थुनामा राखी निजको मौलिक एवं कानूनी हक अधिकारको हनन् गरेमा अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत अदालतले बन्दीलाई गैरकानूनी थुनाबाट मुक्त गरी निजका संवैधानिक एवम् कानूनी हक अधिकारहरूलाइ पुनर्स्थापित गर्नका लागि नेपालको संविधानको धारा १३३ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न सक्ने अवस्था रहन्छ। निवेदकहरू निजहरूउपर चलाइएको मुद्दामा धरौट तारेखमा थुनाबाट मुक्त भइसकेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने देखिन नआउने।

निवेदनमा उठाइएको निवेदकहरूलाई थुनामा कुटपिट यातना दिँदा घाउ चोट लागेको भन्ने सम्बन्धमा हेर्दा जिल्ला प्रहरी कार्यालय, सुर्खेतको लिखित जवाफमा विपक्षी निवेदकहरूलाई यातना दिइएको नभई पक्राउ गर्ने क्रममा दोहोरो झडपको क्रममा विपक्षीहरूमध्येका कृपाराम बुडुवाल र हिक्मत खत्रीको शरीरमा समान्य चोटपटक लाग्न गए तापनि अन्य विपक्षीहरूलाई कुनै पनि प्रकारको चोटपटक नलागेको भनी बेहोरा उल्लेख गरेको तथा लिखित जवाफसाथ पेस गरिएको प्रदेश अस्पताल वीरेन्द्रनगर, सुर्खेतको मिति २०७६।२।२१ को स्वास्थ्य परीक्षण प्रतिवेदनले निवेदकहरूमध्ये कृपाराम बडुवालको दायाँ हात पाखुरा र छातीमा पुरानो डाम रहेको र हिक्मत खत्रीको ढाडमा, दायाँ खुट्टाको तिघ्रामा पुरानो डाम भएको र अन्यको हकमा केही चोटपटक र निलडाम नरहेको प्रमाणित गरिन्छ भन्ने बेहोरा खुलाएको देखिँदा निवेदकहरूलाई गम्भीर रूपमा घाउ चोट लागेको अवस्था देखिएन भने सो सम्बन्धमा क्षतिपूर्तितर्फ उपचारको बाटो रहेको नै देखिन पनि आउने।

अतः निवेदकहरू थुनाबाट मुक्त भइसकेको र थुनामा नै नरहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था देखिएन। निवेदकहरूले कुनै कसुर नगरेको अवस्थामा समेत निजहरूलाई कसुर गरेको देखाई थुनामा राखी मुद्दा चलाइएको भन्ने निवेदन जिकिरका सम्बन्धमा निवेदकहरूका विरूद्ध जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा चलाइएको मुद्दामा धरौट माग भई सो मुद्दा विचाराधीन रहेबाट कानूनबमोजिम न्याय निरूपण हुन सक्ने नै देखिन्छ। गैरकानूनी रूपमा निवेदकहरूलाई थुनामा राखिएको र यातना दिइएको हुँदा क्षतिपूर्ति दिलाइपाउँ तथा प्रहरी कर्मचारीहरूलाई कारबाहीसमेत गरिपाउँ भन्ने निवेदन जिकिरका सम्बन्धमा त्यस विषयमा अलग्गै मुद्दा चलाउन पाउने कानूनी अधिकार निवेदकहरूलाई रहेको नै देखिँदा सो विषयमा हाल बोलिरहनु परेन। निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी नहुने भई रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७६ साल श्रावण ३ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-CR-०११४, सवारी ज्यान अङ्ग भङ्ग, नेपाल सरकार वि. विपेन्द्र साह भन्ने विपेन्द्रप्रसाद नेपाली*

यसमा घटनास्थल मुचुल्का, प्रहरी प्रतिवेदन बेहोरा, लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी बेहोरा आदिले प्रतिवादी विपेन्द्रप्रसाद नेपालीले चलाएको JH 15 D 7881 नं. को स्कारपियो गाडीले ठक्कर दिँदा घाइते भएका कृष्णकान्त महतोको मृत्यु हुन पुगेको देखिन आउँछ भने उक्त कुरालाई प्रतिवादी स्वयंले समेत स्वीकार गरेको हुँदा उक्त

तथ्यमा कुनै विवाद नदेखिने । प्रतिवादीले मैले जानी जानी लापरवाही गरी सवारी चलाएको होइन बचाउन प्रयास गर्दा गर्दै घटना भएको हो भन्ने जिकिर तथा प्रतिवादीले मादक पदार्थ सेवन गरी सवारी चलाएको हुँदा प्रतिवादीको कार्य लापरवाहीपूर्ण कार्य हो भन्ने पुनरावेदकको पुनरावेदन जिकिरलाई हेर्दा प्रतिवादीले मैले लापरवाही गरी सवारी चलाएको होइन भन्ने जिकिर लिएको भए तापनि निज प्रतिवादीले मादक पदार्थ सेवन गरेको भन्ने मिति २०६९।३।३० को जिल्ला स्वास्थ्य कार्यालय प्राथमिक स्वास्थ्य केन्द्र, बरहथवा, सर्लाहीको परीक्षण प्रतिवेदनले देखाएको हुँदा दुर्घटना भएको समयमा प्रतिवादीले मादक पदार्थ सेवन गरी सवारी चलाइरहेको प्रस्ट हुन्छ । प्रतिवादीले उक्त प्रतिवेदनलाई अन्यथा भन्नसमेत सकेका छैनन् भने मैले सवारी चलाउँदाको अवस्थामा वियर सेवन गरेको थिएँ भनी बयान बेहोरामा खुलाई घटना हुँदा मादक पदार्थ सेवन गरेको कुरा स्वीकारसमेत गरेको देखिने ।

मादक पदार्थ सेवन गरिएकै कारणबाट प्रतिवादीको लापरवाहीबाट दुर्घटना घट्न गएको भन्ने नदेखिने भन्ने आधारमा पुनरावेदन अदालत जनकपुरले फैसला गरेको देखिन्छ । यस सम्बन्धमा मादक पदार्थको प्रभाव फरकफरक व्यक्तिमा फरकफरक हुन सक्छ । के कस्तो व्यक्तिमा के कसरी र कस्तो दरमा प्रभाव पर्छ भन्ने कुरा छुट्ट्याउन कठिन हुन्छ । यसमा मादक पदार्थको प्रकृति, मात्रा, व्यक्तिगत रूपमा फरकफरक रूपमा प्रभाव पर्न सक्ने अवस्था, कति समय पहिले सेवन गरिएको थियो भन्ने विषयहरूले फरकफरक प्रभावको अवस्था कायम हुन सक्छ । अतः सवारी चालकको मादक पदार्थ सेवनको प्रभावको Degree प्रमाणित हुन नसकेको अवस्थामा सेवनको पुष्टि हुनु नै सेवनकर्ता मादक पदार्थको प्रभावमा थियो भनी मान्नुपर्ने । सवारी चलाउने कार्य आँफैमा संवेदनशील कार्य हो । सवारी चलाउँदा पालना गर्नुपर्ने केही निश्चित नियम तथा पूर्वसर्तहरू रहेका हुन्छन् । जसमा सवारी साधन चलाउँदा मादक पदार्थ सेवन गर्न नहुने एक महत्त्वपूर्ण पूर्वसर्त हो । मादक पदार्थ सेवनको अवस्थामा सवारी साधन नियन्त्रणमा नरहने तथा चालकले जति सावधानी अपनाई चलाउनुपर्ने हो त्यति सावधानी अपनाउन नसक्ने स्वाभाविक अवस्था हुने हुँदा सवारी साधन चलाउँदा उचित र वाञ्छित सावधानी अपनाउनु निरपेक्ष आवश्यकता हो । मादक पदार्थ सेवन गरी नशामा रहेको व्यक्तिको सवारी चलाउने कार्यलाई पूर्ण सावधानी अपनाई सवारी चलाइएको अवस्था भनी अर्थ गर्न नमिल्ने हुँदा मादक पदार्थ सेवन गरी सवारी चलाउने कार्य स्वतः लापरवाहीपूर्ण कार्य हुन आउने देखिने ।

चालकको लापरवाहीका अन्य अवस्थाहरूमा सवारीले बाटो छाडी घाइते तथा मृतकलाई ठक्कर दिएको, नादिमा ठोकिएको, रूखमा ठोक्किएको तथा नजिकको घरमा समेत ठक्कर खाएको र गाडीले बाटो छाडेको स्थानबाट ११२ फिट लामो चक्काको डाम चन्द्राकार रूपमा देखिएको छ । ११२ फिटको चक्काको डामले सवारी नियन्त्रित अवस्थाभन्दा बढीको गतिमा कुदिरहेको र ब्रेक लगाउँदासमेत तत्कालै गाडी नरोकिई ११२ फिटसम्म घिस्रिएको देखिन्छ । यसले समेत प्रतिवादीले लापरवाहीपूर्ण तरिकाले सवारी साधन चलाएको भन्ने कुरालाई देखाउने ।

यस सम्बन्धमा "सवारी साधन चलाउने अनुमतिप्राप्त व्यक्ति र सवारी चलाउने अनुभवप्राप्त व्यक्तिले ट्राफिक नियम, सङ्केतहरू र तत्कालीन अवस्था र परिस्थितिको बारेमा स्वाभाविक रूपमा जानकारी राखी आफूले त्यस्तो बेलामा मादक पदार्थ सेवन गरी तेज गतिमा चलाएको सवारीबाट घटना हुन सक्ने जानकारी भएको व्यक्ति हुन् भनी मान्नुपर्ने हुन्छ । यस्तो अवस्थामा पूर्ण होसियारीका साथ नियन्त्रित गतिमा सावधानीपूर्वक सवारी चलाउने दायित्व पूरा नगरी आवश्यक सावधानी नअपनाई

आवश्यकताभन्दा बढी गतिमा र मादक पदार्थ सेवन गरी चलाएबाट निजले लापरवाहीपूर्वक सवारी चलाएको देखिन आउने" (ने.का.प. २०६८, अङ्क ७, नि.नं. ८६५९) भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको देखिने।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) मा कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागी वा कुनै किसिमले सवारी दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिस त्यस्तो दुर्घटनाको कारणबाट तत्कालै वा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलमा उल्लिखित म्यादभित्र मरेमा त्यस्तो कार्य ज्यान मार्ने मनसाय लिई गरेको नभए तापनि त्यसरी सवारी चलाउँदा कसैको ज्यान मर्न सक्ने ठुलो सम्भावना छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाएको कारणबाट सवारी दुर्घटना हुन गई त्यसैको कारणबाट कुनै मानिसको मृत्यु हुन गएको रहेछ भने त्यसरी सवारी चलाउने व्यक्तिलाई कसुरको मात्राअनुसार दुई वर्षदेखि दस वर्षसम्म कैद हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त प्रावधानले कसैले सवारी साधन चलाउँदा कसैको ज्यान मर्नसमेत सक्छ भन्ने कुरा जानी जानी वा लापरवाही गरी सवारी चलाउँदा दुर्घटना भई कसैको मृत्यु भएमा उक्त दफा आकर्षित हुने कुरा देखाउँछ। उक्त कानूनी प्रावधानको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यलाई राखी हेर्दासमेत मादक पदार्थ सेवन गरी तीव्र गतिमा सवारी चलाउँदा गाडी अनियन्त्रित भई दुर्घटना हुन सक्छ भन्ने कुराको जानकारी यी प्रतिवादीमा थिएन भन्ने अवस्था नरहेको हुँदा र उक्त कुराको जानकारी रहँदारहँदै प्रतिवादीले मादक पदार्थ सेवन गरी गाडी नियन्त्रण गर्न नसकिने गरी सवारी चलाएकोले प्रतिवादीले लापरवाही गरी सवारी चलाउँदा प्रस्तुत मुद्दाको वारदात घटित हुन पुगेको भन्ने स्पष्ट रूपमा पुष्टि हुन आएको देखिने।

अतः प्रतिवादीले सवारी चलाउँदा अपनाउनुपर्ने अपेक्षित सतर्कता वा सावधानी अपनाएको नदेखिएको, मादक पदार्थ सेवन गरी सवारी साधन चलाएको र सवारी साधन नियन्त्रणमा रहने गरी चलाएको नदेखिई लापरवाहीपूर्ण तवरले सवारी चलाएको पुष्टि हुन आई प्रतिवादीको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) बमोजिमको देखिन आएकोले सुरू फैसला उल्टी हुने गरी प्रतिवादीलाई १ वर्ष कैद सजाय हुने गरी भएको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।६।९ को फैसला केही उल्टी भई प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१ (२) बमोजिम २ वर्ष कैद सजाय हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल जेठ ३१ गते रोज ६ शुभम्।

## इजलास नं.५

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७३-CI-००८०, उत्प्रेषण / परमादेश, तोत्रबहादुर कार्की वि. सामान्य प्रशासन मन्त्रालय सिंहदरबारसमेत*

निवेदकले २०३४ सालमा भरेको सिटरोलमा जन्ममिति २०१४।१०।१ भनी उल्लेख भएको र पेस गरेको शैक्षिक प्रमाणपत्रमा २०१५।४।१० र मिति २०३३।७।१९ मा लिएको नागरिकताको प्रमाणपत्रमा १८ वर्ष भन्ने देखिँदा निजको जन्ममिति कुन हो र कहिले अवकाश हुने भन्ने कुरा विवादमा आएको देखिन्छ। निजको जन्ममिति कुन हुने भन्ने सम्बन्धमा हेर्दा निजामती सेवा ऐन, २०४९ को दफा ३३ को उपदफा (३) को कानूनी व्यवस्थाबाट शैक्षिक संस्थाबाट जारी भएको प्रमाणपत्र, नागरिकता प्रमाणपत्र वा वैयक्तिक नोकरी विवरण (सिटरोल) मा किटिएको

जन्ममितिबाट हुन आएको उमेरलाई अवकाशको आधार मान्नुपर्ने देखिन्छ । निवेदकको हकमा विपक्षी निजामती किताबखानाले सोमध्ये वैयक्तिक नोकरी विवरणलाई आधार लिई मिति २०१४।१०।१ जन्ममिति कायम गरी अवकाश मिति कायम गरेको देखिने।

तसर्थ, माथि विवेचित आधार, प्रमाणबाट निवेदक तोत्रबहादुर कार्की स्वयंले नोकरी प्रवेश गर्दा आफ्नै हस्ताक्षरले भरी सहीछापसमेत गरी निजामती किताबखानामा पठाएको वैयक्तिक नोकरी विवरण फाराम ( सिटरोल) मा आफ्नो जन्ममिति २०१४।१०।१ भनी उल्लेख गरेको र निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) नं. बमोजिम सिटरोलमा उल्लेख गरेको निवेदकको जन्ममिति २०१४।१०।१ पहिलो देखिएकोले सोही आधारमा निजामती किताबखानाबाट निवेदकलाई अनिवार्य अवकाश दिने गरी भएको निर्णय कानूनअनुरूप नै भएको देखिँदा रिट निवेदन खारेज हुने ठहराई पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस ९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७३-CI-०२१०, उत्प्रेषण / परमादेश, मानप्रकाश खड्का वि. देव इबाहाङ*

पुनरावेदक गाउँ विकास समितिको कार्यालय भेडेटारले कानूनले दिएको अख्तियारीभन्दा बाहिर गई पत्राचार गरेको देखिन आयो । घर जग्गा खिचोलासम्बन्धी विषयमा पक्षबाट फिरादपत्र ग्रहण गरी सोअनुरूप नाप नक्सा गराई न्यायिक निरूपण गर्ने अधिकार गाउँ विकास समिति कार्यालयलाई कानूनले दिएको देखिँदैन । गाउँ विकास समिति कार्यालयबाट अतिक्रमिक रूपमा निर्माण गरिएको भनी घर टहरा हटाउन पत्रमार्फत दिएको आदेशलाई कानूनबमोजिम आदेश दिएको हो भनी मान्न नसकिने।

अधिकारक्षेत्रविहीन कार्यले कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिँदैन । पुनरावेदक गाउँ विकास समितिको कार्यालयलाई घर जग्गा खिचोलासम्बन्धी विवाद हेर्ने अधिकार मुलुकी ऐन, अदालती बन्दोबस्तको २९ नं. एवम् न्याय प्रशासन ऐन, २०४८ को दफा ७ ले दिएको देखिँदैन। कानूनमा भएको प्रावधानको प्रयोग गर्दा कानून जे जस्तो अवस्थामा कायम छ, त्यही रूपमा प्रयोग गरिनु पर्दछ। अन्य कारण वा औचित्यको आधार देखाई प्रचलित ऐनमा रहेको प्रावधानलाई अन्यथा प्रयोग गर्ने छुट कसैलाई हुँदैन । कसैलाई प्रतिकूल असर पुग्ने गरी आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई कुनै निर्देशन दिने घर टहरा हटाउने भनी अधिकारको अभावमा गाउँ विकास समितिको कार्यालयले पत्राचार गर्न मिल्ने देखिँदैन । यसरी सम्बन्धित निकायबाट निर्णय नहुँदै गाउँ विकास समितिको कार्यालयबाट निर्देशन दिनु उचितसमेत नहुने।

तसर्थ, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ ले दिएको न्यायिक अधिकारको प्रयोगको क्रममा दफा ७० को उपदफा (१) को खण्ड (क) को हवाला दिई गाउँ विकास समितिको कार्यालय, भेडेटार, धनकुटाले घर टहरा भत्काउने सम्बन्धमा प.सं. च.नं. २०७२।७३-३५६ मिति २०७२।९।२९ मा दिएको पत्र कानूनले प्रत्याभुत गरेको अधिकारको अभावमा कानूनबमोजिम भएको देखिएन । अतः घर टहरा भत्काउने सम्बन्धमा प्रवाह गरिएको प.सं. च.नं. २०७२/७३- ३५६ मिति २०७२।९।२९ को पत्रलाई उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहऱ्याई पुनरावेदन अदालत धनकुटाबाट मिति २०७३।०१।२८ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

इति संवत् २०७५ साल पुस ९ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७३-CI-०८९१, उत्प्रेषण, सत्य प्रधान वि. उदयपुर सिमेन्ट उद्योग लिमिटेड जलजले, उदयपुर हाल सम्पर्क कार्यालय, लैनचौरसमेत*

निवेदकले पेस गरेको बोलपत्र स्वीकृत भएपछि निवेदकलाई मिति २०७१/११/८ मा विपक्षी उद्योगले आशयपत्र पठाएको र सोको जानकारी यी निवेदकले पाएकोबारे स्वयं निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको देखिन्छ। विपक्षी उद्योगले पुनः निवेदकलाई विड वण्डपछि ठेक्का रकमको ५% कार्य सम्पादन जमानत राखी खरिद सम्झौता गर्न आउनु अन्यथा बोलपत्रसाथ पेस भएको बैंक जमानत जफत गरिने छ भनी पत्राचार भएको र मिति २०७१/१२/२० को गोरखापत्रमा बोलपत्रसाथ प्रस्तुत जमानत रकम जफत गर्नेसम्बन्धी सार्वजनिक सूचनासमेत प्रकाशित भएको मिसिल संलग्न कागजातबाट देखिन आयो । यसरी प्रत्येक चरणमा भएको काम कारबाहीको सूचना यी निवेदकले पाएको देखिएको र जमानत जफत गर्ने बेहोराको सूचना जारी गर्नुपूर्व निवेदकलाई खरिद सम्झौता गर्न आह्वान गरेको पत्रसमेत पठाइएको देखिँदा आफूले सफाइ पेस गर्ने मौका नै नपाएकोले प्राकृतिक न्यायको सिद्धान्तविपरीतको काम विपक्षी उद्योगबाट भएको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

निवेदकले विपक्षी उद्योगको बोलपत्र आह्वानको सर्तहरू स्वीकार गरी इ-विडिङसमेत गरेको हुँदा निवेदक स्वयं पनि बोलपत्र आह्वान गर्दाका बखत संलग्न गरिएका सर्तहरू पालन गर्न कानूनतः बाध्य हुने देखिन्छन्। यी निवेदकले बोलपत्र आह्वानबमोजिम २.५% बैंक जमानत राखेर बोलपत्र पेस गरेको र निजको बोलपत्र स्वीकृत भएको हुँदा अब निवेदकले विपक्षी उद्योगले बोलपत्र आह्वान गर्दा उल्लिखित सर्तबमोजिम कार्य सम्पादन जमानत (Performance Bond) राखी सम्झौता गर्न अनिवार्यता आउनुपर्ने हुन्छ । निवेदक फर्मले पेस गरेको बोलपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउनु भनी उदयपुर सिमेन्ट उद्योगले निवेदकलाई मिति २०७१।११।८ मा Letter of Intent लेखी सो मितिले १५ दिनभित्र कूल मूल्यको ५% बराबरको Performance Guarantee लिई सम्झौता गर्न आउन जानकारी पठाएको र सोको जानकारी यी निवेदकले प्राप्त गरेको देखिन्छ । निवेदकले तोकिएको समयभित्र Performance Guarantee लिई नआएकोले उद्योगले निजको Bid Bond जफत गर्ने निर्णय गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) मा उल्लेख भएअनुसार विपक्षी उद्योगको सूचनाअनुरूप निवेदक खरिद सम्झौता गर्न आएको नदेखिँदा सोही ऐनको दफा २७(५) बमोजिम यी निवेदकले बोलपत्रसाथ पेस गरेको जमानत रकम जफत गर्नको लागि नेपाल क्रेडिट एन्ड कमर्स बैंक लिमिटेडलाई मिति २०७१।१२।०८ को पत्रबाट ग्यारेन्टी नं. NCCBO३७/BB ५९३ बाट पेस गरेको रू.४,२५,०००।– मध्ये कायम हुने रू.३,९१,२५० जफत गर्ने निर्णय भई उद्योगको खातामा जम्मा गरिदिन पत्राचार गरेको देखिन्छ । ऐनले निर्धारित गरेको प्रक्रियाअनुरूप जारी बोलपत्र आह्वान सूचनाबमोजिम बोलपत्र पेस गरिसकेपछि त्यसबाट सिर्जना हुने दायित्व स्वयं पुनरावेदकले लिनुपर्नेमा निज स्वयंले त्यसको बेवास्ता गरी आफूले निर्वाह गर्नुपर्ने दायित्व निर्वाह गरेको भन्ने नदेखिँदा दाबीबमोजिम आदेश जारी हुनुपर्दछ भन्ने जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार कारणबाट जमानत रकम (Bid Bond) जफत गर्ने कार्य कानूनबमोजिम नै भएको देखिँदा निवेदकको मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकोले निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति

२०७२।११।१९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल पुस ९ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३–cR-०५१८, जबरजस्ती करणी हाडनाता, परिवर्तित नाम श्यामु वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी मौकामा र अदालतमा कसुरप्रति इन्कार रही बयान गरेको र सो क्रममा पीडिता छोरीलाई एक वर्षअगाडि मंगोलियन अनुहारको २०।२२ वर्षको मानिससँग आपत्तिजनक अवस्थामा भेटेको हुँदा निजहरूले यौन सम्पर्क गरेको भन्ने मलाई शंका लागेकोले मैले छोरीलाई पिटेको कारणले पीडिता र जाहेरवालीले झुट्ठा आरोप लगाएको हो भन्ने जिकिर लिएको देखिन्छ। यी पीडिता परिवर्तित नाम ग–४ यी पुनरावेदक प्रतिवादीको छोरी नाताकी भएको र आफ्नो बाबुले आफूलाई गरेको कार्यबाट आफ्नै इज्जत र चरित्रमा दाग लाग्ने गरी आफ्नो पिता विरूद्ध झुट्ठा आरोप लगाएको भनी मान्न सकिने अवस्था मिसिल प्रमाणबाट देखिँदैन । यसै क्रममा यी पुनरावेदक प्रतिवादीको साक्षी धनप्रसाद तिवारीले प्रतिवादीको जिकिरलाई समर्थित हुने गरी अदालतमा बकपत्र गर्न सकेको देखिँदैन। यसबाहेक मौकामा बुझिएका चन्द्र साँवा, उर्मिला अधिकारी र जीवनाथ अधिकारीलगायत वस्तुस्थितिका पुष्पा दाहाल, रचना राई र लिलादेवी कोइरालाले अदालतमा बकपत्र गर्दा मौकाको बेहोरालाई समर्थित हुने गरी बेहोरा लेखाएको मिसिल प्रमाणबाट देखिन आएकोले यी पुनरावेदक प्रतिवादीको उक्त इन्कारी खण्डित भएको देखिन्छ।

यी प्रतिवादी परिवर्तित नाम श्यामले अभियोग माग दाबीबमोजिमको कसुरजन्य कार्य गरेको ठहर गरी निजलाई जबरजस्ती करणीको महलको ३(३) नं. अनुसार १०(दस) वर्ष कैद सजाय हुने र आफ्नै नाबालिका छोरीलाई हाडनाताभित्रको जबरजस्ती करणी हुँदा हाडनाता करणीको महलको १ नं. बमोजिम थप दस (१०) वर्षको कैद सजाय हुने तथा प्रतिवादीबाट पीडित ग–४ लाई चार लाख रूपैयाँ क्षतिपूर्ति भराइदिने ठहर गरी भएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत इलामको फैसला अन्यथा मान्न मिलेन । उक्त फैसला बदर गरी अभियोग माग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर तथा निजतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार र कारणबाट प्रतिवादी परिवर्तित नाम श्यामुलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नम्बरअनुसार १०(दस) वर्ष कैद सजाय हुने र आफ्नै नाबालिका छोरीलाई हाडनाताभित्रको जबरजस्ती करणी हुँदा हाडनाता करणीको महलको १ नं. बमोजिम थप दस (१०) वर्ष कैद सजाय हुने तथा प्रतिवादीबाट पीडित ग–४ लाई चार लाख रूपैयाँ क्षतिपूर्ति भराइदिने ठहर्‍याई सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गरी भएको पुनरावेदन अदालत इलामको मिति २०७२।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २७ गते रोज १ शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०६७-CR-०४६१, लागु औषध (खैरो हेरोइन), नेपाल सरकार वि. शेष इस्लाम मियासमेत*

पहिलो प्रश्नतर्फ, प्रतिवादी शेष इस्लाम मियाले सोझै अदालतमा उपस्थित भई आरोपित कसुरमा इन्कार भई बयान गरेको देखिन्छ । सहअभियुक्त रन्जन अधिकारी यादवले प्रतिवादी शेष इस्लाम मियालाई चिन्दिन भनी अदालतसमक्ष बयान गरेको देखिन्छ । मिसिल संलग्न कागजबाट प्रतिवादी इस्लाम मिया कसुरदार देखिने वस्तुनिष्ठ प्रमाण फेला परेको छैन । वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिँदा प्रतिवादी रहिम अन्सारीले मौकामा बयान गर्दा शेष इस्लामबाट लागु औषध खरिद गरी ल्याइदिएको भनी बताउनुका साथै लागु औषध सञ्चयको कसुरमा साबित रन्जन अधिकारी र लागु औषध सेवनको कसुरमा साबित निर्तोम दास परियारलाई सजाय गर्दा प्रमाणको आधारमा लिइएको बयानबाट नै पोल भएका शेष इस्लामलाई कसुरदार ठहर नगरिएको भनी जिकिर लिए तापनि उक्त पोललाई समर्थन गर्ने स्वतन्त्र तथा वस्तुनिष्ठ प्रमाण फेला नपरेकोले प्रतिवादी शेष इस्लाम मियालाई सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिने ।

दोस्रो प्रश्नतर्फ विचार गर्दा, प्रतिवादी रहिम अन्सारीले प्रतिवादी रन्जन अधिकारी र प्रतिवादी शेष इस्लाम मियाको चिनजान गराइदिएको र प्रतिवादी रन्जन अधिकारीले प्रतिवादी शेष इस्लाम मियाबाट लागु औषध खरिद गरेको तथा प्रतिवादी रहिम अन्सारीले समेत मौकामा साबित भई बयान गर्नुका साथै सुरू अदालतबाट कसुर ठहर भएका निर्तोम दास परियारले समेत पोल गरेको अवस्थामा सहअभियुक्तको पोललाई प्रमाणमा लिई कसुरदार ठहर गर्नुपर्ने भन्ने पुनरावेदन जिकिर लिए तापनि प्रतिवादी रहिम अन्सारीले सुरू पर्सा जिल्ला अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार भई बयान गरेको देखिन्छ । मौकामा पोल गर्ने प्रतिवादीहरू निर्तोम दास परियार र रन्जन अधिकारीले अदालतसमक्ष बयान गर्दा प्रतिवादी रहिम अन्सारीको संलग्नताको पुष्टि हुने तथ्य खुलाएको देखिँदैन । वादी नेपाल सरकारतर्फबाट प्रतिवादी रहिम अन्सारी मतियारको रूपमा संलग्न भएको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको हुँदा प्रतिवादी रहिम अन्सारीलाई सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिने ।

तेस्रो प्रश्नतर्फ विचार गर्दा, अन्य स्वतन्त्र सबुद प्रमाणको अभावमा सहअभियुक्तको पोलको भरमा कसुरदार ठहऱ्याउन त्यस्ता सहअभियुक्तको पोल स्वतन्त्र र विश्वसनीय हुन आवश्यक हुन्छ, शङ्कास्पद कसुरदार ठहऱ्याउँदा अन्याय पर्न सक्दछ भन्ने ने.का.प. २०४६, नि.नं. ३९५९, अङ्क १० मा सिद्धान्त प्रतिपादन भएको पाइन्छ । खानतलासी मुचुल्कामा समेत प्रतिवादी शेष इस्लाम मिया र रहिम अन्सारीको घरबाट अपराधसँग प्रमाण लाग्ने कुनै चिजवस्तु फेला नपरेको अवस्थाको विद्यमानता छ । प्रतिवादीहरू अदालतसमक्षको बयानमा प्रतिवादी रहिम अन्सारीको संलग्नता खुलाउन सकेको अवस्था छैन । सहअभियुक्तको पोललाई समर्थन गर्ने अन्य स्वतन्त्र प्रमाणहरूको अभावमा पोलको भरमा मात्र कसुरदार ठहर गर्नु न्यायको दृष्टिबाट उचित नहुँदा प्रतिवादीहरू शेष इस्लाम मिया र रहिम अन्सारीलाई सफाइ दिने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: हर्क माया राई

इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम् ।

## २

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०६७-CR-०६४६, ०६८-CR-०४९२, डाँका, कुमार लामा वि. नेपाल सरकार, नेपाल सरकार वि. कर्णबहादुर तामाङसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेरी प्रतिवादीहरूमध्ये कुमार लामाको सम्बन्धमा

विचार गर्दा कर्णबहादुर तामाङको सुराकीको आधारमा पूर्वयोजनाअनुसार मिति २०६४।९।२३ गते रातको अ.१९:०० बजेको समयमा अरू प्रतिवादीहरूसमेतको सहमतिमा काठमाडौं जिल्ला विष्णु गा.वि.स. वडा नं.४ स्थित हरिबहादुर खड्काको घरमा धारिलो हतियारसमेत लिई गई जाहेरवालालगायत निजका परिवारलाई नियन्त्रणमा लिई घर कोठामा रहेको दराजहरूसमेत खोली नगद तथा धनमालहरू जबरजस्ती डाँका गरी लगेको हो भनी अनुसन्धान अधिकारीसमक्ष साबिती बयान दिएको पाइन्छ । यसबाट निज प्रतिवादी उक्त वारदातमा संलग्न भएको देखिन्छ । साथै निज प्रतिवादीको शरीर तलासी लिँदा चोरी ल्याएका नगद तथा धारिलो हतियारसमेत निजको साथमा बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन आउने ।

वादीबाट प्रतिवादी कर्णबहादुर लामा डाँका वारदातमा संलग्न रही कसुर गरेको प्रमाणित हुने तथ्यगत आधार प्रमाण प्रस्तुत गर्न सकेको अवस्थासमेत देखिएन । प्रतिवादी कर्णबहादुर लामा डाँका वारदातमा संलग्न नरहेको आधारसमेतबाट डाँका अभियोगबाट प्रतिवादी कर्णबहादुर लामाले सफाइ पाएको कानूनबमोजिम मिलेकै देखिने ।

अब डाँका भएको भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, चोरीको महलको दफा नं. ६ को कानूनी व्यवस्था हेर्दा, ***"चार जनाभन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ"*** भनी ऐनले तोकेको देखिँदा प्रतिवादीहरू मनोज तामाङ, कर्णबहादुर तामाङ, सुरेश लामा, कुमार लामा र कर्णबहादुर लामासमेत जम्मा ५ जना भएकामा प्रतिवादी कर्णबहादुर लामा उक्त वारदातमा संलग्न नभएको आधार कारणबाट निजले सफाइ पाएको अवस्थामा बाँकी प्रतिवादीहरू मनोज तामाङ, कर्णबहादुर तामाङ, सुरेश लामा र कुमार लामासमेत जम्मा चारजना मात्रले चोरीको वारदात गरेको अवस्थामा डाँका गरेको भन्न मिल्ने नदेखिने । प्रस्तुत मुद्दामा प्रतिवादीहरू मनोज तामाङ, कर्णबहादुर तामाङ, सुरेश लामा र कुमार लामाउपर मुलुकी ऐन, चोरीको महलको १ र ४ नं. को कसुर अपराधमा ऐ. १४(२) नं. बमोजिम जनही १ महिना १५ दिन कैद र रू.१,०७,५२६।- जरिवाना भई जरिवानाबापतसमेत कैद हुनेमा मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्ष मात्र कैद हुने र प्रतिवादी कर्णबहादुर तामाङको उमेर १५-१६ वर्षको भन्ने देखिँदा प्रतिवादी कर्णबहादुर तामाङलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १३(३) बमोजिम उल्लिखित कैद सजायको आधा सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६७।२।२५ को फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः अन्य प्रतिवादीहरू मनोज तामाङ, कर्णबहादुर तामाङ, सुरेश लामा र कुमार लामाउपर मुलुकी ऐन, चोरीको महलको १ र ४ नं. को कसुर अपराधमा ऐ. १४(२) नं. बमोजिम जनही १ महिना १५ दिन कैद र रू.१,०७,५२६।- जरिवाना भई जरिवानाबापत कैद गर्दा चोरीको महलको दफा २७ नं. अनुसार १० वर्ष कैद गर्नेगरी भएको हदसम्म केही उल्टी गरी मुलुकी ऐन, दण्ड सजायको ३८(१) नं. बमोजिम ४ वर्ष मात्र कैद हुने र प्रतिवादी कर्णबहादुर लामालाई कसुरबाट सफाइ दिई प्रतिवादी कर्णबहादुर तामाङलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा १३(३) नं. बमोजिम उल्लिखित कैद सजायको आधा सजाय हुने भनी मिति २०६५।३।३० मा भएको फैसला सदर गरिएको पुनरावेदन अदालत पाटनको मिति २०६७।२।२५ को फैसला सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

इति संवत् २०७४ साल पुस २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०२९१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अजमत अली साह*

प्रमाण ऐन, २०३१ को उक्त व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यगत अवस्थालाई हेर्दा प्रस्तुत मुद्दाको जाहेरवालाहरूलाई प्रतिवादीले मिति २०७२।८।६ गते गरिदिएको जाहेरी दरखास्तसाथ पेस भएको लिखत प्रहरी कार्यालय बाहिर क्यान्टिनमा भएको देखिँदा उक्त लिखत प्रहरी कार्यालयमा भएको भन्ने देखिन आयो। प्रहरी कार्यालय बाहिर क्यान्टिनमा भएको कागजलाई प्रमाण ऐन, २०३१ को दफा ९(२) बमोजिम प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन नआउने।

कागज गराएको ठाउँ कागजको प्रकृतिसमेतलाई विचार गर्दा र स्वयम् पीडित भनिएका जाहेरवालाहरूमध्ये अब्दुल करिमले वैदेशिक रोजगार न्यायाधिकरणमा आई बकपत्र गर्दा लिखत भएको भनिएको दिन, समय, मितिमा आफू नेपाल सरहदभित्र नभई भारतको मध्य-प्रदेशको इन्दोर भन्ने ठाउँमा थियौं। लिखत कहाँ कसरी बनाएको हो मलाई थाहा छैन। लिखत गराएपछि आफ्नो साढुभाइले फोन गरी बोलाए पछि मात्र आफू आएको भनी बकपत्र गरेको देखिन्छ भने अर्का जाहेरवाला महमद तुफैलले रकम गाउँमा दिई प्रतिवादीलाई पक्राउ गरी प्रहरीमा ल्याई बुझाई बाहिर क्यान्टिनमा ल्याई तयार गरिएको कागजमा सहीछाप गराएको हो र उक्त कागज गराइसकेपछि जाहेरी दिएको हो भनी बकपत्र गरेको देखिएबाट वैदेशिक रोजगारमा पठाउने भनी रकम लिएको भन्ने कुरा खण्डित हुन आएको देखिन्छ। साथै लिखत नै सही साँचो बेहोराको समेत नदेखिएको र लिखत बनाउँदा प्रहरीको डर, त्रास देखाई अनुचित प्रभावमा पारी गराएको भन्ने कुरा पीडित जाहेरवालाहरूकै बकपत्रबाट देखिन आउँछ। अरू नै व्यवहारको रकमको सम्बन्धमा कारबाही गराउन सजिलोको लागि वैदेशिक रोजगारको लिखत बनाई सरल बाटो अवलम्बन गरी यी प्रतिवादीलाई दुःख दिई रकम असुलउपर गर्ने वैकल्पिक बाटो अवलम्बन गरेको देखिन आयो। यी प्रतिवादीले वैदेशिक रोजगारको लागि नै रकम लिएको कुरालाई पुष्टि प्रमाणित हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार शंकारहित तवरले ठोस तथ्ययुक्त प्रमाणहरूबाट प्रमाणित गराउन सकेको पाइँदैन। अभियोग दाबी लगाउनु मात्र अभियोग प्रमाणित गर्ने आधार बन्न सक्दैन। सोको लागि वस्तुनिष्ठ शंकारहित तवरबाट प्रमाणित गर्नुपर्ने।

प्रतिवादीले अनुसन्धान अधिकृत तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दासमेत आफूले आरोपित कसुर नगरेको र कागजसमेत प्रहरी कार्यालयको क्यान्टिनमा गराएको भनी इन्कारी बयान गर्नुका साथै निजले महमद हुसेनलाई रकम बुझिलिई गरिदिएको लिखतबाहेक अन्य प्रमाणको अभाव देखिन्छ। उल्लिखित अवस्थामा उक्त कागजको आधारमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा ऐ.ऐनको दफा ४३ बमोजिम सजाय गर्न मिल्ने नदेखिँदा प्रतिवादी अजमत अली साह भन्ने अजमत अली साहले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट जाहेरवाला अब्दुल करिम र महमद तुफैलले वैदेशिक रोजगार न्यायाधिकरणमा गरेको बकपत्र, प्रतिवादीले अनुसन्धान अधिकृत तथा वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष गरेको इन्कारी बयान तथा रकम बुझिलिई गरिदिएको लिखतबाहेक अन्य प्रमाणको अभाव रहेकोलगायतका मिसिल संलग्न आधार प्रमाणबाट प्रतिवादी अजमत अली साह भन्ने अजमत अली साहले वैदेशिक रोजगार कसुर गरेको पुष्टि भएको

नदेखिँदा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७३।०८।२७ को फैसला सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल भदौ १२ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-१०७०, ११३६, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. अमजत अली साह भन्ने अजमत अली साह*

प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिई भनेबमोजिम रोजगारमा पनि नपठाएको र रकमसमेत फिर्ता नगरेको भन्ने जाहेरवालाहरूको किटानी जाहेरी र जाहेरवालाहरूको बकपत्रलाई जाहेरवालामध्येका अमरूदिन ओस्टा, सफि उल्लाह र महमद आलम वोस्तालाई यी प्रतिवादीले गरिदिएको लिखत र सो लिखतमा उल्लिखित वैदेशिक रोजगारका लागि कतार पठाउन रकम लिएको भन्ने बेहोराले पूर्णरूपमा समर्थन गरेको देखिने।

प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिई, भनेबमोजिम रोजगारमा नपठाएको तथा जाहेरवालाहरूलाई प्रतिवादीले लिखतसमेत गरिदिएको अवस्था छ । प्रतिवादीले वैदेशिक रोजगार न्यायाधिकरण र अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा आफूले जाहेवालाहरूलाई नचिनेको, महमद हुसेनसँग तरकारी व्यापारका लागि ऋण सापटबापत रकम लिएको हुँ भनी रकम लिएकोतर्फ स्वीकार गरेको देखिन्छ भने रकम लिई कागज गरिदिएकोसमेत देखिन आएको छ। उक्त लिखत जबरजस्ती गराएको भन्नेसमेतका जिकिर लिएको भए तापनि सो बयानलाई पुष्टि वा समर्थन गर्ने कुनै प्रमाण प्रमाण ऐन, २०३१ को दफा २७ अनुसार पेस गर्न सकेको देखिँदैन। साथै यी प्रतिवादी वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको पनि देखिँदैन । कसैलाई वैदेशिक रोजगारमा लगाई दिन्छु भनी झुट्टो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारीमा लगाइदिने उद्देश्यले कुनै रकम लिनेसमेतका कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतका कसुरजन्य अपराध भएको, प्रतिवादीले जाहेरवालाहरू अमरूदिन ओस्टा, सफि उल्लाह वास्ता र महमद आलम वोस्तालाई वैदेशिक रोजगारमा कतार मुलुकमा पठाउन भनी रकम लिएको पुष्टि भएको तथा प्रतिवादीसँग वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत प्राप्तसमेत नभएको हुँदा प्रतिवादी अमजत अली साह भन्ने अजमत अली साहबाट जाहेरवालाहरू अमरूदिन ओस्टा, सफि उल्लाह र महमद आलम वास्तालाई अभियोगपत्र मागदाबीबमोजिमको बिगो र हर्जानासमेतको जम्मा रकम रू.६,७५,०००।- (छ लाख पचहत्तर हजार रूपैयाँ) प्रतिवादीबाट भराई पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसलालाई अन्यथा भन्न मिलेन। जाहेरवालामध्येका शेख मुस्ताकलाई वैदेशिक रोजगारमा पठाउन भनी प्रतिवादीले रकम लिएको कुरा जाहेरीमा उल्लेख गरे तापनि रकम लिएको तथा दिएको कुरालाई पुष्टि गर्ने गरी कुनै प्रमाण पेस हुन आएको देखिँदैन। एउटै जाहेरीमा बेहोरा उल्लेख गरे तापनि सो कुरालाई समर्थन हुने गरी तथ्यगत वस्तुनिष्ठ आधार प्रमाणबाट प्रमाणित हुनुपर्दछ तर सोसम्बन्धी कुनै लिखत कागज मिसिल संलग्न भएकोसमेत देखिँदैन। यस अवस्थामा जाहेरवालामध्येका शेख मुस्ताकलाई वैदेशिक रोजगारमा पठाउन भनी यी प्रतिवादीले रकम लिई नपठाएको भन्ने जाहेरवालाको भनाइ शंकारहित तवरबाट पुष्टि हुन सकेको नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट प्रतिवादी अमजत अली साह भन्ने अजमत अली साह वैदेशिक रोजगार व्यवसाय गर्न अनुमति नलिई जाहेरवालाहरू अमरूदिन ओस्टा, सफि उल्लाह र

महमद आलम वोस्तालाई वैदेशिक रोजगारमा पठाउँछु भनी रकम लिई लिखतसमेत गरी भनेबमोजिम रोजगारमा नपठाउनेसमेतका कार्य वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरित कसुरजन्य अपराध भएको देखिएकोले प्रतिवादी अमजत अली साह भन्ने अजमत अलि साहलाई ऐ.ऐनको दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास रूपैयाँ) जरिवाना हुने र जाहेरवालाहरूको बिगो र हर्जानाबापतको रकमको हकमा जाहेरवालाहरू अमरूदिन ओस्टा, सफि उल्लाह र महमद आलम वोस्ताले अभियोगपत्र मागदाबीबमोजिमको बिगो र हर्जानासमेतको जम्मा रकम रू.६,७५,०००।- (छ लाख पचहत्तर हजार रूपैयाँ) प्रतिवादीबाट भराई पाउने ठहऱ्याई अर्का जाहेरवाला शेख जहिरको बिगो र हर्जानाबापतको रकम प्रमाणको अभावमा अभियोग मागदाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७३।०८।२७ को फैसला सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल भदौ १२ गते रोज ३ शुभम्।

## इजलास नं.७

**१**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-१५०१ र ०७२-CR-१५०१, सामाजिक सुरक्षा भत्ता हिनामिना गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. महेन्द्र मण्डल र महेन्द्र मण्डल वि. नेपाल सरकार*

भ्रष्टाचार निवारण ऐनको दफा १७ मा भएको व्यवस्थालाई हेर्दा, राष्ट्रसेवकले नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगका लगाएको अवस्थामा मात्र निजलाई कसुदार ठहर गर्न मिल्ने देखिन्छ भने राष्ट्रसेवकले बदनियतपूर्वक सार्वजनिक सम्पत्तिको हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा निजी प्रयोगमा लगाएको पुष्टि नभएसम्म यस दफाबमोजिम सजाय गर्न मिल्नेसमेत नदेखिने।

यसरी प्रतिवादीले सामाजिक सुरक्षाबापत नागरिकलाई विवरण गर्नुपर्ने रकम लिने खाने नियतले सम्बन्धित नागरिकलाई वितरण नगरी आफैँले भरपाइमा ल्याप्चे सहीछाप गरी उक्त रकम हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सोही ऐनको दफा ३(१)(घ) बमोजिम सजाय गरिपाउँ भनी आरोप मागदाबी भए तापनि निजउपर भत्ता पाउने कसैको पनि उजुरी परेको देखिँदैन। वादी नेपाल सरकारतर्फबाट यो यो नागरिकको सामाजिक सुरक्षाबापतको भत्ता यी प्रतिवादीले हिनामिना गरेका हुन् भनी खुलाउन सकेकोसमेत देखिएन। यी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दासमेत आफूले पेस्की लिएको सामाजिक सुरक्षा भत्ताको रकम सम्बन्धित व्यक्तिहरूलाई बुझाइसकेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको अवस्था छ। तत्कालीन गा.वि.स. सचिवले यी प्रतिवादीले बुझेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिहरूलाई बुझाएको र उक्त समयमा प्रतिवादीले उक्त रकम हिनामिना अनियमित गरी लिए, खाए भनी कसैको उजुरी तथा गुनासोसमेत आएको थिएन भनी प्रतिवादीले गरेको इन्कारी बयानलाई समर्थन हुने गरी बयान गरेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरू उक्त गा.वि.स.कै बासिन्दा हुने भएकोले अनुसन्धान हुँदाका बखत उक्त व्यक्तिहरूमध्ये कसैसँग पनि सम्पर्क नै गर्न नसक्ने अवस्थासमेत देखिँदैन। उक्त सामाजिक सुरक्षा भत्ताको रकम पाएको वा नपाएको भन्ने सम्बन्धमा सम्बन्धित व्यक्तिबाट नै यथेष्ट कुरा पत्ता लाग्न सक्ने अवस्था हुँदाहुँदै पनि

अनुसन्धानको क्रममा पीडित व्यक्तिहरूलाई बुझ्दै नबुझी प्रस्तुत मुद्दा दायर भएको देखिन्छ भने वादी नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता नपाउने व्यक्तिहरूको नाम ठेगाना केही खुलाएकोसमेत देखिँदैन । यी प्रतिवादीले आफूले बुझेको सामाजिक सुरक्षा भत्ताको रकम सम्बन्धित व्यक्तिहरूलाई बुझाइसकेको भनी आरोपित कसुरमा इन्कार रही बयान गरेको, सामाजिक सुरक्षा भत्ता आफूहरूले नपाएको भनी कसैले उजुर गरेकोसमेत नदेखिएको र वादी नेपाल सरकारको तर्फबाट समेत प्रतिवादीले व्यक्तिहरूको सामाजिक सुरक्षा भत्ताको रकम हिनामिना गरेका हुन् भनी खुलाउन नसकेको अवस्थामा सार्वजनिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूलाई बुझ्दै नबुझी तिनीहरूले उक्त भत्ताबापतको रकम पाएनन् भनी अनुमानको भरमा उक्त रकम यी प्रतिवादीले हिनामिना गरी आरोपित कसुर गरेकै हुन् भनी भन्न सक्ने अवस्था विद्यमान नदेखिने ।

प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा प्रतिवादीको कसुर प्रमाणित गर्ने भार वादीको हुने व्यवस्था गरेको देखिन्छ । फौजदारी मुद्दामा शंकाको सुविधासमेत अभियुक्तले नै पाउँछ । मिसिल संलग्न कागज प्रमाणबाट शंकारहित तवरबाट कसुरदार नदेखिएसम्म अभियुक्तलाई कसुरदार ठहर गर्नसमेत नमिल्ने ।

कुनै पनि व्यक्तिलाई भ्रष्टाचारअन्तर्गतको कसुरमा सजाय गर्नको लागि निजले बदनियतपूर्वक भ्रष्टाचार गरेको भन्ने विवादरहित तरिकाले पुष्टि भएको हुनुपर्छ । भ्रष्टाचारको कसुर कायम हुन सरकारी सम्पत्ति बदनियतपूर्वक लिने खाने उद्देश्यले हिनामिना, हानि नोक्सानी दुरूपयोग तथा निजी प्रयोगमा ल्याएको प्रस्ट रूपमा देखिनु पर्दछ । मिसिल संलग्न कागजातबाट भ्रष्टाचार गरेको शंकारहित तवरबाट पुष्टि नभएसम्म केवल शंका र अनुमानको भरमा कसुरदार ठहर गर्नसमेत नमिल्ने ।

विवेचित आधार, प्रमाणबाट यी प्रतिवादी महेन्द्र मण्डलले नागरिकलाई वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताबापतको रकम लिनेखाने उद्देश्यले सम्बन्धित व्यक्तिलाई नबुझाई हिनामिना गरी आरोपित कसुर गरेको भन्ने आरोप मागदाबी वादी नेपाल सरकारको तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिएकोले केवल अनुमान र शंकाको भरमा भ्रष्टाचारजस्तो मुद्दामा कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा प्रतिवादीलाई आरोपित कसुरमा आरोप मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अब प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम ३ (तीन) महिना कैद सजाय हुने ठहर गरेको विशेष अदालत काठमाडौंको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा, भ्रष्टाचार निवारण ऐन, २०५९ को उक्त दफा ८(३) मा "भएको कानूनी व्यवस्थाअनुसार कुनै राष्ट्रसेवकले बदनियतपूर्वक सरकारी वा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरेगराएको अवस्थामा मात्र यो दफाबमोजिम सजाय हुन सक्ने अवस्था देखियो । तर प्रस्तुत मुद्दामा प्रतिवादीले सामाजिक सुरक्षा भत्ताबापतको रकम नागरिकलाई वितरण गर्नुपर्नेमा सम्बन्धित व्यक्तिलाई नबुझाई बदनियतपूर्वक आफूले लिनेखाने उद्देश्यले हिनामिना गरेको कुरा मिसिल संलग्न कुनै ठोस सबुत प्रमाणबाट नदेखिँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुर गरेको भनी मान्न मिल्ने नदेखिने ।

अतः विवेचित आधार प्रमाणहरूबाट यी प्रतिवादीले सरकारी वा सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हानि नोक्सानी गराएकोसमेत मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा यी प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम ३ (तीन) महिना कैद सजाय

हुने ठहर गरेको विशेष अदालत काठमाडौंको मिति २०७२।३।२१ को फैसलासमेत मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले अभियोग मागदाबीबाट सफाइ पाउने।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-CR-०४१५, सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. लालबाबु रायसमेत*

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयको मिति २०७०।१२।१० को विद्यालय सञ्चालनमा रहेको पत्र, प्रतिवादीको बयान तथा निजको साक्षीको बकपत्रसमेतबाट हंस जनता प्राथमिक विद्यालय सञ्चालनमा रही कक्षा ३ सम्म पठनपाठन भएको देखिन आयो । यसरी राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय सर्लाही, मलंगवाको पत्र, प्रतिवादीहरूको बयान, प्रतिवादीका साक्षीको अदालतसमक्षको बकपत्रसमेतबाट हंस जनता प्राथमिक विद्यालय, सिमरा सञ्चालनमा रहेको भनी देखिन आउने।

अब आरोपपत्रमा उल्लेख भएअनुरूप प्रतिवादीहरूले सरकारी रकम रू.२,४९,०५२।- हिनामिना गरी भ्रष्टाचार गरेको हो वा सो रकम बेरूजु हो भन्नेतर्फ विचार गर्दा, मिति २०७१।५।२४ मा जिल्ला शिक्षा कार्यालय सर्लाही, मलंगवा च.नं. ७२५ को पत्रमा हंस जनता प्राथमिक विद्यालयलाई बेरूजु रकम दाखिला गर्न भनी पत्राचार भएको मिसिल संलग्न कागजातबाट देखियो । सोहीअनुरूप जिल्ला शिक्षा कार्यालय सर्लाही, मलंगवाको मिति २०७१।९।१३ को पत्रमा रकम दाखिला भएको सम्बन्धमा भनी पत्राचार भएको देखियो । उक्त पत्रमा हंस जनता प्राथमिक विद्यालय, सिमराको चल्ती हिसाब नं. १९५८७ मा निकासा भएको रकम रू.४,४९,६९२.३८।- नेपाल बैंक लिमिटेड, मलंगवा शाखामा रहेको खाता क-१-१-००१ कार्यालयको कोड नम्बर १९-३५०-०१ को राजस्व शिर्षक नम्बर १५११२ मा रकम फिर्ता गरेको भौचर नं.२५१८१०७६, मिति २०७०।११।२८ मा रू.२,००,०००।- (दुई लाख) र भौचर नं.२५९२७७२६ मिति २०७१।९।९ गतेमा रू.२,४९,०५२।- (दुई लाख उनान्चास हजार बाउन्न रूपैयाँ) जम्मा गरेको पेस हुन आएको बेहोरा प्रमाणित गरिन्छ भनी उल्लेख भएको देखियो । यसरी जिल्ला शिक्षा कार्यालयबाट नै बेरूजु रकम दाखिला गर्न भनी भएको पत्राचारअनुरूप प्रतिवादीबाट रकम दाखिला भएको जिल्ला शिक्षा कार्यालयको पत्र एवं मिसिल संलग्न कागजातबाट बेरूजु नै रहेको देखिन आउने।

वादीले सञ्चालनमा नभएको विद्यालयको नाममा नेपाल सरकारबाट अनुदान रकम प्राप्त गरी सो रकम हिनामिना गरी भ्रष्टाचार गरेको भनी जिकिर लिएको तर प्रतिवादी पक्षले विद्यालय सञ्चालनमा नै रहेको, नेपाल सरकारबाट प्राप्त अनुदानको रकम बेरूजुको रूपमा रहेकोले सो रकम नेपाल सरकारलाई नै फिर्ता गरेको भनी जिकिर लिएको देखिन्छ । उल्लिखित अवस्थालाई विचार गर्दा सर्वप्रथम भ्रष्टाचार र बेरूजुको बारेमा स्पष्ट हुनुपर्ने देखियो । सो सन्दर्भमा हेर्दा, बेरूजु रकम कुनै पनि संस्था वा व्यक्तिलाई कुनै उद्देश्य प्राप्तिको लागि दिइएको अग्रिम पेस्की स्वरूप पेस्की प्रदान गरिएको रकम बिल, भरपाइ र खर्च आय-व्यय भुक्तानी गर्दा नपुग रकमलाई जनाउँछ । त्यस्तै आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा ***"बेरूजु भन्नाले प्रचलित कानूनबमोजिम पुर्‍याउनुपर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औंल्याइएको वा ठहर्‍याइएको***

***कारोबार"*** भनी बेरूजुको परिभाषा गरेको देखिन्छ । तर भ्रष्टाचार हुनको लागि सरकारी सम्पत्ति व्यक्तिगत हित वा फाइदा पुऱ्याउनको लागि प्रयोग गरिएको हुनुपर्दछ । त्यस्तै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ हेर्दा ***"कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा निजलाई कसुरको मात्राअनुसार दफा ३ बमोजिमको सजाय हुने छ र त्यसरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको वा मासेको वा मास्न दिएको सम्पत्ति पनि निजबाट असुलउपर गरिने छ ।"*** यसरी हेर्दा भ्रष्टाचार हुनको लागि आफ्नो व्यक्तिगत हितको लागि सरकारी सम्पत्ति लापरबाही वा बदनियत गरी हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरेको हुनुपर्दछ । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले अनुदान स्वरूप निकासा भएको रकम लिएको रकम निजहरूले बदनियतपूर्वक रूपमा हिनामिना गरी गैरकानूनी रूपमा खर्च नगरेको र निकास भई खर्च हुन नसकेको रकम प्रतिवादीहरूले सम्बन्धित खातामा जम्मा गरिसकेको देखियो । यसरी उल्लिखित परिभाषासमेतबाट प्रतिवादीहरूले विद्यालयको नाममा प्राप्त गरेको अनुदानको रकम बेरूजु रहेको र सो रकम राजस्व खाता क-१-१-००१ मा दाखिला गरिसकेको अवस्थामा प्रतिवादीहरूले विद्यालयलाई प्राप्त अनुदान रकम बदनियत चिताई खर्च गरी भ्रष्टाचारजन्य कसुर गरेको भनी मान्न मिल्ने नदेखिने ।

प्रस्तुत मुद्दामा पनि नेपाल सरकारद्वारा सञ्चालनमा रहेको विद्यालयले निर्माण कार्यबापत निकासा पाएको अनुदान रकम अनियमित रूपमा खर्च गरेको भनी अनुदान दिने सरकारी निकायले बेरूजु रकम दाखिला गर्न पत्राचार गरेको र बेरूजु भएको रकम विद्यालयले राजस्व खाता क-१-१-००१ मा जम्मा गरी असुल भइसकेको देखियो । यसर्थ उक्त तथ्यहरूबाट प्रत्यर्थीहरूले विद्यालय नै स्थापना नगरी भ्रष्टाचार निवारण ऐनको दफा १७ बमोजिमको कसुर गरेको भन्ने नदेखिँदा वादी नेपाल सरकारको प्रतिवादीउपरको भ्रष्टाचार आरोप मागदाबी पुग्न सक्ने नदेखिने ।

अतः उल्लिखित आधार, प्रमाण र नजिरसमेतबाट हंस जनता प्राथमिक विद्यालय, सिमरा सञ्चालनमा रहेको र प्रतिवादीहरूको कार्य भ्रष्टाचार नभई बेरूजुअन्तर्गत रहेको देखिँदा प्रतिवादीहरूले दाबीको कसुर गरेको भन्न मिल्ने अवस्था नभएकोले यी प्रतिवादीहरू लालबाबु राय यादव र विन्दुकुमारी यादवले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भन्ने विशेष अदालत काठमाडौंको मिति २०७२।२।१० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोन भट्टराई,** ०७२-CR-०५६६, वैदेशिक रोजगार, *नेपाल सरकार वि. संजिवकुमार साह*

प्रतिवादी संजयकुमार साहले जाहेरवालालाई रोजगारीको लागि बेलायत पठाइदिन्छु भनी रकम लिएको र बेलायत नपठाई लिएको रकम फिर्ता नगरेकोले वैदेशिक रोजगार कसुरमा कारबाही गरिपाउँ र लिएको रकम क्षतिपूर्ति दिलाई पाउँ भनी जाहेरी दिएकोमा अनुसन्धानको सिलसिलामा जाहेरवालाले यी प्रतिवादीबाट रकम फिर्ता पाइसकेको हुँदा जाहेरी फिर्ता पाउँ भनी निवेदनसमेत दिएको देखिन्छ । यी प्रतिवादीले आफूले वैदेशिक रोजगार व्यवसाय सञ्चालन पनि नगरेको, जाहेरवाला रामकृष्ण घिताल र राकेश क्षेत्रीसँगबाट घर व्यवहार चलाउनको लागि रकम लिएको हुँ । वैदेशिक रोजगारीको लागि लिएको

होइन। मलाई जबरजस्ती वैदेशिक रोजगारीको कागज गराएका हुन् । जाहेरवालासँग लिएको रकम फिर्ता गरिसकेको छु भनी अनुसन्धान क्रममा तथा वैदेशिक रोजगार न्यायाधिकरणमा कसुरमा पूर्ण इन्कार गरी बयान गरेको देखिने।

प्रतिवादीका साक्षी राजेन्द्र साहले वैदेशिक रोजगार न्यायाधिकरणमा प्रतिवादी संजिवकुमार साह वैदेशिक रोजगारी व्यवसायी होइनन् निजले घर व्यवहार चलाउनका लागि रकम लिएको हो भनी बकपत्र गरेको देखिन्छ । वादी नेपाल सरकारको अभियोगपत्रमा नै जाहेरवालाले प्रतिवादीबाट रकम फिर्ता पाइसकेकोले दफा ४३ बमोजिम सजाय हुन र बिगोको हकमा फिर्ता पाएको भन्ने जाहेरवालाको निवेदन र सो निवेदन सनाखतसमेत गरेको हुँदा बिगोमा दाबी नलिएको भनी उल्लेख भई आएको देखिन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी दाबी प्रमाणित गर्ने दायित्व यी वादी नेपाल सरकारको रहेको सन्दर्भमा नेपाल सरकारका साक्षीहरू उपस्थितिको लागि पटकपटक ताकेता गर्दा पनि उपस्थित गराएको र अभियोग खम्बिर गराएको देखिएन। यस्तो अवस्थालाई प्रतिवादीउपरको अभियोग शंकारहित तवरबाट पुष्टि गराउनुपर्ने सो गर्न सकेको देखिँदैन । जाहेरवाला स्वयंले आफ्नो रकम फिर्ता पाइसकेकोले जाहेरी फिर्ता पाउँ भनी निवदेन दिएको र प्रतिवादीले पनि जाहेरवालासँग लिएको रकम घर व्यवहार चलाउन लिएको र जाहेरवालालाई फिर्ता दिइसकेको हो भनी कसुरमा इन्कार गरी बयान गरेको देखिँदा प्रतिवादीले लिएको रकम असुलउपर भएको र वादी पक्षले पनि यी प्रतिवादीले जाहेरवालासँग वैदेशिक रोजगारीमा पठाइदिन्छु भनी रकम लिएको हो भन्ने कहीँकतैबाट पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई अभियोगबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा मान्न नमिल्ने।

अतः उल्लिखित आधार, प्रमाण र कारणबाट यी प्रतिवादीउपरको अभियोग माग दाबी नपुग्ने गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।१२।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल भाद्र १४ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७४-WO-०१२७, परमादेश, *सुजन माक वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत*

मिति २०७४।४।४ गतेका दिन कान्तिपुर दैनिक पत्रिकामा पूर्वाञ्चल विश्वविद्यालय, विज्ञान तथा प्रविधि / सङ्कायअन्तर्गत आङ्गिक एवं सम्बन्धन प्राप्त क्याम्पस कलेजहरूमा Bachelor in Civil Engineering, Bachelor in Computer Engineering लगायतका शैक्षिक कार्यक्रमहरूमा प्रवेश परीक्षाको आवेदन फारम भर्नेसम्बन्धी सूचना प्रकाशित गरियो। सो सूचनाअनुसार प्रवेश परीक्षाको सामान्य दस्तुरतर्फ आवेदन फाराम भराउने अन्तिम मिति २०७४।५।२ र दोब्बर दस्तुरतर्फ २०७४।५।८ गतेसम्मको समय सीमा तोकिएकोमा अन्य कारणबाट उक्त समयावधिलाई मिति २०७४।५।९ गते सामान्य दस्तुर कायम गरी र त्यसपछि २०७४।५।१४ गतेसम्म थप दस्तुर लिई प्रवेश परीक्षा आवेदन फाराम भर्न भराउनका लागि भनी मिति २०७४।५।२ गते पुनः कान्तिपुर पत्रिकामा नै पूरक सूचना प्रकाशित गरियो । सोही सूचनाअनुरूप निवेदक कलेजले जम्मा ९८४ जना परीक्षार्थीहरूबाट प्रवेश परीक्षा शुल्कसहितको आवेदन फारामहरू मिति २०७४।५।९ गते शुक्रबार साँझ ५ बजेसम्म बुझी लिएको र मिति २०७४।५।११ गते आइतबार दिनको २ बजेभित्रै निवेदक कलेजको च.नं. २६७/०७४/०७५, मिति २०७४।५।११ गतेको पत्रसहित विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय,

सिनामंगलमा बुझाउन पुगेकोमा दोब्बर दस्तुर लाग्ने भनी नबुझी मिति २०७४।५।१२ गते विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, सिनामंगल, काठमाडौंका कर्मचारीद्वारा **"२०७४।५।११ को बैंक भौचर भएकोले फारम फिर्ता"** भन्ने बेहोरासहित निवेदक कलेजलाई फिर्ता गरेबाट विपक्षीले गैरकानूनी रूपमा दोब्बर दस्तुर लिन खोजेको साथै विपक्षीहरूका काम कारबाहीबाट आवेदक परीक्षार्थीहरू परीक्षा दिन पाउने हकबाट वञ्चित हुने हुँदा सो कार्य गर्न नपाउने गरी परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकको मागदाबी रहेको देखिने।

अब निवेदकको निवेदन मागदाबीको सन्दर्भमा विचार गर्दा निवेदकले मिति २०७४।५।११ गते आइतबार आवेदन फारामबापतको रकम बुझाएकोमा मिति २०७४।५।१२ गते विपक्षी पूर्वाञ्चल विश्वविद्यालय, काठमाडौं सम्पर्क कार्यालय, सिनामंगलका कर्मचारीद्वारा **"२०७४।५।११ को बैंक भौचर भएकोले फाराम फिर्ता"** भन्ने बेहोरा उल्लेख गरी फाराम फिर्ता गरेकोमा निवेदक कलेजले मिति २०७४।५।१४ मा नबिल बैंकमा दोब्बर दस्तुर बुझाइसकेको मिसिल संलग्न बैंकको भौचरबाट देखियो । यसरी यस अदालतबाट मिति २०७४।५।१५ मा अन्तरिम आदेश जारी हुनुअघि नै निवेदकले विद्यार्थीहरूको आवेदन फारामबापतको रकम बुझाई भर्नासमेत भइसकेको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी हुने हो, होइन भन्ने विषयमा विचार गरिरहनु नपर्ने।

अतः रिट निवेदन खारेज हुने ठहर्छ । साथै यस अदालतबाट मिति २०७४।५।१५ मा जारी भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने।

इजलास अधिकृतः- सुभद्रा जि.सी.

कम्प्युटर : उत्तरमान राई

इति संवत् २०७५ साल माघ २४ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-०१९६, अंश, *हजरतअलि बागवान धोबी वि. मस्तान धोबीसमेत*

मालपोत कार्यालय, बर्दियाबाट पारित भएको बकसपत्रको लिखतबाट २०५९ सालको दे.नं. ३९०/२३ को अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसला नै दण्ड सजायको ४६ नं. बमोजिमको प्रक्रियाबाट कार्यान्वयन भई अंश छुट्याउने कार्य भएको नभए तापनि यी पुनरावेदक / वादीका पिता इस्माइल धोबीले आफ्ना दाजु मस्तान धोबीबाट अंशबापत जग्गा छुट्याई लिएको देखियो। उक्त लिखतमा **"अदालतबाट समेत आधाआधा हिस्सा लागेको हुँदा सर्वोच्च अदालतमा दिएको अनुमति मुद्दामा असर नपर्ने गरी"** भन्ने बेहोरा उल्लेख भएको र मिति २०६१।१२।२९ को फैसलाले बन्डा हुनुपर्ने भनी उल्लेख गरेको जग्गा र हा.ब. लिखतमार्फत इस्माइलले मस्तानबाट प्राप्त गरेको जग्गा एकै अर्थात् जिल्ला बर्दिया, मथुराहरिद्वार गा.वि.स. वडा नं. ६ को कि.नं. ६३७ को ०,०३९५ वर्गमिटर रहेको उक्त फैसलासमेतबाट देखिएबाट सो हालैको बकसपत्रमार्फत प्राप्त जग्गा अदालतको फैसला कार्यान्वयनकै क्रममा हस्तान्तरण भएको भन्ने कुरामा विवाद देखिएन। प्रस्तुत मुद्दाका पुनरावेदक हजरतअलि बागवान धोबीका पिता इस्माइल धोबी र पुनरावेदक वादीका बडाबाबु मस्तान धोबीबिच लिनुदिनु भएको र.नं. ५६९९(क) बाट मिति २०७०।३।१० मा पारित हालैको बकसपत्र लिखतको आधारमा यी पुनरावेदकले निजको बडाबाबु मस्तान धोबीको हाँगाबाट समेत अंश भाग छुट्याई लिन पाउँ भनी लिएको पुनरावेदन जिकिरबमोजिम हुनुपर्ने अवस्था रहेभएको नदेखिई सो जिकिरसँग सहमत हुन नसकिने।

यसरी दे.नं. ३९०/२३ को अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसलालाई आधार

मानी विपक्षी प्रतिवादी मस्तान धोबीले वादीका पिता इस्माइल धोबीलाई अंशबापत हालैको बकसपत्रबाट जग्गा दिइसकेको र यी वादीले पिता इस्माइल धोबीको हाँगाबाट मात्र अंश पाउने ठहरी दुई तह फैसला भइसकेको अवस्था विद्यमान देखिँदा यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा लिइएको आधार **"इस्माइल धोबी वादी भएको २०५९ सालको अंश मुद्दामा मिति २०६१।१२।२९ मा भएको फैसलाबमोजिम अंश पाएको प्रमाण गुज्रन नआएको अवस्थामा वादी दाबी पुग्न नसक्ने ठहराएको पुनरावेदन अदालत नेपालगन्जको फैसलामा मुलुकी ऐन, अंशबन्डाको महलको १, २ र ३० नं. तथा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको त्रुटि देखिन आएको"** भन्ने अवस्था इजलाससमक्ष पेस हुन आएको उपर्युक्त र.नं. ५६९९(क) बाट मिति २०७०।३।१० मा पारित हा.व. लिखतबाट अन्यथा प्रमाणित भई सो त्रुटि रहेको भन्ने अवस्था हाल विद्यमान रहेभएको पाइएन। तसर्थ पुनरावेदक / वादी हजरतअलि बागवान धोबीका पिता इस्माइल धोबीले आफ्ना दाजुबाट अंश लिइसकेको देखिई पुनरावेदक वादी हजरतसमेतले आफ्ना पिता इस्माइलको हाँगाबाट मात्र अंश पाउने देखिन आएकाले सोअनुसार हुने ठहर्‍याएको सुरू फैसला सदर गरी भएको पुनरावेदन अदालत नेपालगन्जको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने।

अतः विवेचित आधार कारणसमेतबाट पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६९।६।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : फणेश्वरी घिमिरे

कम्प्युटर : हर्कमाया राई

इति संवत् २०७६ साल कार्तिक ३ गते रोज १ शुभम्।

- यसै लगाउको ०७३-CI-०१९७, अंश, *फतिया धोबी वि. मस्तान धोबीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** *०७२-CR-१५४६, १९६३, जबरजस्ती करणी, नेपाल सरकार वि. काले भन्ने हिराबहादुर थापा*

मुलुकी ऐन, जबरजस्ती करणीको महलको ११ नं. मा जबरजस्ती करणी भएकोमा सो भए गरेको मितिले ३५ दिनभित्र नालेस दिनुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। सो कानूनी व्यवस्थाले समेत सामाजिक परिवेश, पारिवारिक अवस्था, पीडितको चेतनास्तर, भौगोलिक विकटता, डर त्रास, द्विविधाजनक मनोविज्ञान जस्ता कुराहरूसमेतलाई मध्यनजर गरी घटना घटेको ३५ दिनभित्र नालिस दिन सक्ने प्रावधान गरिएको भन्नुपर्ने हुन्छ। तसर्थ, जबरजस्ती करणीको वारदात घटेको विषयमा जाहेरी दिन ३५ दिनको समय दिने गरी भएको प्रस्तुत कानूनी व्यवस्थाले पनि विविध कारण हुन सक्ने यथार्थतालाई आत्मसात् गरेको पाइन्छ। यसकारण मौकामा तत्काल जाहेरी नपरेको स्थितिलाई मात्र आधार मानी अपराधबाट उन्मुक्ति दिनु पर्दछ भनी सोच्न न्यायसङ्गत हुँदैन। जबरजस्ती करणी मुद्दामा जाहेरी दिने समय सम्बन्धमा हाम्रो सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त हेर्दा, **"जबरजस्ती करणी मुद्दामा यति घण्टा वा दिनभित्र जाहेरी दर्खास्त दिई सक्नुपर्ने भनी यान्त्रिक तवरबाट गणना गरी कठोरतापूर्वक निर्धारण गरिने हदम्यादजस्तो विषय भने होइन"** भनी कृष्णहरि माकको जाहेरीले नेपाल सरकार विरूद्ध दिपक तुलसी वाख्यो भएको जबरजस्ती करणी मुद्दामा (ने.का.प.२०६३, अङ्क १०, नि.नं. ७७७२, पृष्ठ १२९४) सिद्धान्त अङ्गीकार गरेको पाइन्छ। प्रतिपादित उक्त सिद्धान्त एवं कानूनी व्यवस्थासमेतका आधारमा जबरजस्ती करणी मुद्दामा

घटना भएको यति दिन वा यति घण्टाभित्रै जाहेरी दर्खास्त दिनुपर्ने सोभित्र नदिए त्यसको अस्तित्व समाप्त वा न्यून हुने भनी निष्कर्षमा पुग्नु कदापि पनि न्यायोचित हुने देखिन नआउने।

पीडित फाल्गुण "क" ले अदालतसमक्ष बकपत्र गर्दा प्रतिवादीले डर, त्रास र धम्की दिई मार्छु भनी उक्त २०७०/१०/२५ मा करणी गरेको भनी बकपत्र गरेको र पीडितको स्वास्थ्य परीक्षण रिपोर्टमा निजको स्वास्थ्य अवस्था ठीक छ । शारीरिक चोटपटक, चिथोरेको, टोकिएको घाउ देखिएको छैन। योनिमा चोटपटक लागेको छैन, कन्याजाली फाटेको छ, योनिमा कुनै पदार्थ भेटिएको छैन, करणी गरिएको देखिँदैन भनी लेखिनुसमेतले प्रतिवादी हिराबहादुरले पीडितलाई जबरजस्ती करणी कार्य सम्पन्न गरेको भन्नेसम्मको अवस्था विद्यमान भएको देखिन आएन । अब प्रस्तुत मुद्दाका प्रतिवादीले पीडित फाल्गुण "क" आफ्नो घरमा काम सघाउन राखिएकी र प्रतिवादीकै परिवारको रेखदेखमा बसेकीले मिति २०७०/१०/२५ गते राति जाहेरवाला सुत्ने कोठाको ढोका खुल्ला रहेको र जाहेरवालाको भित्री कट्टु र दुईवटा साप्राहरू नाङ्गै अवस्थामा देखिएकोले निजको कोठामा प्रवेश गरी नाङ्गो खुट्टाहरू छाम्दै गुप्ताङ्गसम्म हात लग्दा ब्युँझिएर मलाई समाती चुम्बन गरी अङ्गालो हालेकाले मैले पनि संवेदनशील अङ्ग खेलाउँदै एक चोटी यौन सम्पर्क गर्न माग्दा विवाह गर्ने भए दिन्छु नत्र हुँदैन भनेपछि म आफ्नो बेडमा गई सुतेँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान कागज गरेकोमा अदालतमा आई कसुरमा इन्कारी रही बयान गरे तापनि पीडित फाल्गुण "क" प्रतिवादीको घरमा २ वर्षदेखि काम सघाउँदै आएकी १९ वर्षकी अवला नारीले केही नगरे नभएको अवस्था भए विनाकारण जाहेरी दिनुपर्ने अवस्था देखिँदैन । पीडित फाल्गुण "क" प्रतिवादीको घरमा बस्दै आएकी रातिको समयमा निजको कोठामा गई साप्रा, कट्टु, गुप्ताङ्गमा समेत हात लगाएको स्वीकार गरेको देखिएकोले यी प्रतिवादीले मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम जबरजस्ती करणी उद्योगसम्म गरेको अवस्था विद्यमान देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणी महलको ५ नं. बमोजिम उद्योगसम्मको कसुरमा सजाय हुने अवस्था देखिएको हुँदा पुनरावेदन अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई सुरू अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी काले भन्ने हिराबहादुर थापाले अभियोग दाबीअनुसारको कसुर गरेको देखिँदा निजलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ४ नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने र सोही महलको १०ग नं. बमोजिम प्रतिवादीबाट पीडितले रू.१,००,०००।– (एक लाख) क्षतिपूर्तिबापत भराई लिन पाउने ठहरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१/०५/२५ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणी उद्योगको कसुरमा जबरजस्ती करणीको ५ नं. बमोजिम २(दुई) वर्ष ६(छ) महिना कैद सजाय हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७२/०२/०५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत्र १ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-०६०६, हातहतियार खरखजाना, *नेपाल सरकार वि. प्रकाश मिश्र*

प्रतिवादी प्रकाश मिश्रलाई संविधानसभाको निर्वाचनको अवधिमा नेपाल सरकार गृह मन्त्रालयको

सूचनाबमोजिम हातहतियार नबुझाएकोमा हातहतियार खरखजाना ऐन, २०१९ (दोस्रो संशोधन, २०६४) को दफा ८ विपरीतको कसुरमा ऐ.ऐनको दफा २०(२) ले रू.६०,०००।- मात्र सजाय हुने देखिन्छ। उक्त सूचनामा खरखजाना पनि बुझाउनु भन्ने उल्लेख नभएको तथ्य निर्विवाद छ। यस अवस्थामा जुन बुझाउनु भन्ने सूचना नै छैन सो नबुझाएको र आफूले राखेको भनी सजाय गर्न मिल्ने देखिँदैन। त्यसैगरी हातहतियार खरखजाना ऐनविपरीत कार्य गरेको ठहरेमा हातहतियार पनि जफत गर्न सक्ने गरी न्याय सम्पादन गर्ने निकाय वा अधिकारीलाई स्वविवेकीय अधिकार प्रदान गरेको पाइन्छ । सोहीअनुरूप जिल्ला प्रशासन कार्यालयले जफत हुने ठहर गरेकोमा पुनरावेदन अदालतले जफत नहुने ठहर गरेउपर पुनरावेदन परेतर्फ विचार गर्दा प्रतिवादीले उक्त हतियार इजाजतपत्र प्राप्त गरेर नै राखेको देखिएको र उक्त सूचनाअनुसार निर्वाचनलाई भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्नका लागि भनी उल्लेख भएकोमा उक्त हतियार निर्वाचनलाई अशान्त बनाउन वा भयपूर्ण बनाउनका लागि तथा निर्वाचनमा प्रभाव पार्नका लागि प्रयोग गर्न खोजेको वा सो उद्देश्यको लागि राखेको भन्ने अभियोगपत्रसमेत नरहेको स्थितिमा बाध्यात्मक व्यवस्था जस्तो गरी जफत गर्नुपर्ने भनी अर्थ गरी जफत गर्नु न्यायको रोहमा मिल्ने नदेखिने । तसर्थ, सुरू जिल्ला प्रशासन कार्यालय, धनुषाको मिति २०७०/०८/१३ को फैसला नमिलेको देखिँदा सो फैसला उल्टी भई निज प्रतिवादी प्रकाश मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ विपरीतको कसुरमा ऐ.ऐनको दफा २०(२) बमोजिम रू.६०,०००।- मात्र जरिवाना हुने र ऐ.ऐनको दफा १६ बमोजिम बरामदी हातहतियार र खरखजाना भने जफत नहुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०७१/०३/०४ मा भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित तथ्य आधार एवं कारणबाट यी प्रतिवादी प्रकाश मिश्रलाई संविधान सभाको निर्वाचनको अवधिमा नेपाल सरकार, गृह मन्त्रालयको सूचनाबमोजिम हातहतियार नबुझाएको देखिएकोमा प्रतिवादी प्रकाश मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ (दोस्रो संशोधन, २०६४) को दफा ५क (१)(२), दफा ५, दफा ८, दफा ९, दफा २०(२) (ग)(घ)(ङ) र दफा २०(३) को (ग)(घ) अनुसारको कसुरमा सोही ऐनको दफा २०(२) बमोजिम ६०,०००।– (साठी हजार रूपैयाँ) र दफा २०(३) बमोजिम रू.२०,०००।– (बिस हजार रूपैयाँ) समेत गरी ८०,०००।– (असी हजार रूपैयाँ) जरिवाना हुने र बरामदी हातहतियार खरखजाना सोही ऐनको दफा १६ बमोजिम जफत हुने ठहऱ्याई सुरू जिल्ला प्रशासन कार्यालय, धनुषाको मिति २०७०/०८/१३ को फैसला नमिलेको देखिँदा सो फैसला उल्टी भई निज प्रतिवादी प्रकाश मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ८ विपरीतको कसुरमा ऐ.ऐनको दफा २०(२) बमोजिम रू.६०,०००।– (साठी हजार रूपैयाँ) मात्र जरिवाना हुने र सोही ऐनको दफा १६ बमोजिम बरामदी हातहतियार र खरखजाना भने जफत नहुने ठहऱ्याई तत्कालीन पुनरावदेन अदालत जनकपुरबाट मिति २०७१/०३/०४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : विपिनकुमार महासेठ

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

*३*

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-०७३६, भन्सार रकम, *लावण्यकुमार ढकाल वि. मुकुन्दकुमार श्रेष्ठ*

सुनुवाइको मौका नदिएको भन्ने विपक्षी क्रियट वाथ प्रा.लि.को जिकिर सम्बन्धमा उक्त प्रा.लि.को अख्तियारप्राप्त व्यक्ति माधव न्यौपानेले पत्र बुझी बयान र ततिम्बा बयानमा सहभागी भई सोधिएको

सवालहरूमध्ये केही सवालहरूको जवाफ दिन बाँकी भएकोले बाँकी सवालहरूको विवरण उल्लेख गरी जवाफ दिएको मिति २०६५।४।१७ को क्रियट वाथ प्रा.लि.को पत्र मिसिल सामेल रहेकोसमेत देखिएबाट सुनुवाइको मौका दिएको देखिने।

विपक्षी क्रियट वाथ प्रा.लि. र निजको कानून व्यवसायीको तर्फबाट पैठारीकर्ताको हकमा आर्थिक ऐन, २०६४ को दफा २ को अनुसूची १ को दफा ७ को उपदफा १६ बमोजिम ६० दिन नघाई गरेको जाँचपासपछिको परीक्षण (Post Clearance Audit) कानूनबमोजिमको नदेखिने भन्ने पेस भएको नजिर र लिएको जिकिर सम्बन्धमा "पैठारी गरिएका सामान (Consignment) को भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम जाँचपासपछिको परीक्षणको लागि प्रेषित गरेको च.नं.६५२ मिति २०६५।३।१९ को पत्र मिति २०६५।३।२४ मा अधिकारनामा प्राप्त गरेका उक्त प्रा. लि.का माधव न्यौपानेले बुझेको, बयान तथा ततिम्बा बयानसमेत गरी तत्काल खुलाउन नसकेका सवालको पछिबाट पत्रमार्फत जवाफ दिएको देखिएकोले र भन्सार विभागको उक्त पत्र आदेश बदर गराई माग्न कुनै कानूनी उपचारको बाटो अवलम्बन गरेको नदेखिँदा भन्सार ऐनबमोजिम भएको निजको बयान तथा पत्रको जवाफलाई अन्यथा भनिरहन पर्ने देखिन नआउने।

क्रियट वाथ प्रा.लि.बाट पेस भएको लागत बिल र बिक्री बिजकबाट अङ्क गणितीय तथ्याङ्कका आधारमा देखाइएको न्यून बिजकीकरणको हिसाबलाई ९ दिनपछि उक्त प्रा.लि.को मिति २०६५।४।१७ को पत्रको जवाफबाट पनि न्यून बिजकीकरण भएको होइन भनी तथ्याङ्कको आधारमा प्रस्ट पार्न सकेको देखिएन। भन्सार महसुल, ढुवानी आदिसमेत समावेश गर्नु परेकोले इन्भ्वाइसको मूल्यमा ७५% थप गरेको भनिएको तर के कुन शीर्षकमा के कति रकम हो ? सोको उक्त पत्र बेहोरा र बिल भरपाइबाट पुष्ट्याइँ गर्न सकेको देखिँदैन। ड्यामरेज र अन्य खर्च भनिएकोमा खर्चको अङ्क र सोको पुष्ट्याई पनि पेस गर्न सकेको देखिँदैन। लोकल सामान चाइनाको स्थानीय बजारबाट आयात गरेको ब्रान्डेड सामानसँग मिल्न गए हाम्रो दोष छैनसमेत भनी पत्रको जवाफ दिएको पाइन्छ। क्लेरिङ बिलबापत भारतीय रूपैयाँको नेपाली रू.२,२९,४९६।५५ मा फरक हुन आउने रू.१,१७,८७६।– मा यदि ड्यामरेज चार्जसमेत संलग्न भएको भए सो घटाई बाँकी हुन आउने रकमको भन्सार महसुल भूलवश नतिरेको हुँदा दाखिला गर्ने छु भन्नेसमेतका बयान बेहोरा रहेको देखिएबाट भन्सार विभागबाट असुल गर्नुपर्ने ठहरेको भन्सार महसुलको छुट रकम र जरिवाना रू.७,८९,७२६।५० असुल हुनुपर्ने होइन भनी मान्न मिल्ने देखिन नआउने।

अतः उल्लिखित बयान तथा जवाफी पत्रको बेहोराबाट सुनुवाइको मौका दिएको देखिएको, उल्लेख गरिएबमोजिम मालवस्तु (Consignment) को लागत मूल्य र बिक्री बिजकमा रहेको मूल्यको फरक अस्वाभाविक देखिएको अवस्था रही न्यून बिजकीकरण भएको देखिएको, प्रत्यर्थी क्रियट वाथ प्रा.लि.बाट न्यून बिजकीकरण नभएको भन्ने तथ्यगत प्रमाण पेस गर्न सकेको नदेखिएको र उक्त प्रा.लि.का अधिकारप्राप्त व्यक्तिको बयानबाटै बाँकी महसुल दाखिला गर्ने छु भनी उल्लेख गरेको देखिएकोले भन्सार विभागको मिति २०६५।५।६ को निर्णयबमोजिमको छुट रकम र जरिवामा असुल हुनुपर्ने नै देखिएको हुँदा राजश्व न्यायाधिकरणको मिति २०६६।१०।०७ को फैसला उल्टी भई भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौंको मिति २०६५।०५।०६ को निर्णय सदर हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर : चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल वैशाख ३१ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१५३९, जबरजस्ती करणी,

*नेपाल सरकार वि. शेरबहादुर कार्की*

बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ को उमेरसम्बन्धी ४ विकल्प अर्थात् अस्पतालबाट जारी जन्ममिति, सो नभएमा पञ्जिकाधिकारीबाट जारी जन्मदर्ता प्रमाणपत्र, सो नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्र वा विद्यालयमा भर्ना हुँदा उल्लेख भएको जन्ममिति र सो पनि नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेरलाई नै आधार लिनुपर्ने हुन्छ भविष्यमा यसो पर्ला भनी कल्पना गर्न नसकिने अवस्थामा लेखाइएको जन्ममिति प्रमाणहरूको वर्गमा उमेर निर्धारण गर्ने सर्वोत्तम प्रमाण मान्नुपर्ने हुन्छ । बाल न्याय (कार्यविधि) ले तोकेअनुसारको पीडितको उमेर खुल्ने विवादरहित लिखत आउन नसकी मुद्दा दायर भएपछि बनेको प्रमाणपत्र आएको देखिन्छ। जाहेरी दर्खास्त परिसकेपछि मात्र जन्मदर्ता भएको प्रमाणपत्र लिई पेस भएको उक्त प्रमाणलाई निर्विवाद र निर्णायक प्रमाणको रूपमा ग्रहण गर्न सकिने नदेखिने।

उपर्युक्त उल्लेख भएअनुसार निर्णय र प्रमाणमा ग्रहण गर्न मिल्ने नदेखिएपश्चात् अन्य प्रमाणहरूको विवेचना गर्नु उपयुक्त देखियो। पुनरावेदन अदालत इलामबाट भएको आदेशबमोजिम इलाम जिल्ला अस्पतालबाट भएको पीडितको उमेर परीक्षण प्रतिवेदनमा एक्सरे गरी हेर्दा निजको उमेर १५ वर्षदेखि १७ वर्षको बिचमा रहेको भनी राय उल्लेख भएको देखिन्छ। इलाम जिल्ला अस्पतालको रायलाई पीडित र जाहेरवाला निजको मामाले अदालतमा बकपत्र गर्दा १७ वर्ष भनी लेखाएको बेहोराले निजको उमेर १७ वर्ष भन्ने अस्पतालको माथिल्लो हदलाई समर्थन गरेको पाइयो । निर्विवाद प्रमाणबाट खण्डित भएको अवस्थामा बाहेक जसको उमेरको बारेमा विवाद भएको छ निजको अदालतको भनाइलाई प्रमाणमा ग्रहण गर्नु नै न्यायोचित हुने हुँदा पीडितको उमेर १७ वर्षको नै रहेको मान्नुपर्ने देखिन आउने।

यसप्रकार जाहेरवालाको बकपत्र, पीडितको अदालतमा भएको बकपत्र र मिसिल संलग्न पीडितको शारीरिक परीक्षणलगायतका प्रमाणबाट जबरजस्ती करणी भएको स्थापित हुन नसकी प्रतिवादीको अदालतमा भएको बयानअनुरूप सहमतिमा नै करणी भएको र पीडितको उमेर १७ वर्ष भएको भन्ने प्रमाणद्वारा पुष्टि भएको अवस्थामा अभियोग दाबी पुष्टि हुन नसकेबाट प्रतिवादी पुनरावेदक शेरबहादुर कार्कीले पीडितलाई जबरजस्ती करणी गरेकोले निजलाई ६ वर्ष कैद र निजबाट पीडितले रू.३०,०००।– (तिस हजार रूपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहराएको सुरू झापा जिल्ला अदालतबाट मिति २०६८/०१/२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी शेरबहादुर कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०७०/१०/०७ मा भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी शेरबहादुर कार्कीले पीडितलाई जबरजस्ती करणीको कसुर गरेको पुष्टि हुन आएको नदेखिँदा, निज प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकोले निजलाई ६ वर्ष कैद र निजबाट पीडितले रू.३०,०००।– (तिस हजार रूपैयाँ) क्षतिपूर्ति भरी पाउने ठहरी झापा जिल्ला अदालतबाट मिति २०६८/१/२५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी शेरबहादुर कार्कीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०७०/१०/७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७४ साल माघ ८ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-WH-०१७८,*

*बन्दीप्रत्यक्षीकरण, अमितकुमार यादव वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत*

रिट निवेदकका दाजु सुनिलकुमार यादवलाई प्रस्तुत रिट निवेदनको रोहमा हेर्दा ठगी मुद्दाको कसुरमा काठमाडौं जिल्ला अदालतबाट म्याद थप गराएको देखिएको छ। आजै सुनुवाइका लागि पेस भएको लगाउको ०७५–WH–०१५४ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा मिति २०७६।१।२ गते बेलुका अं.१८:०० बजे सुनिलकुमार यादव भन्ने सञ्जय यादवलाई पक्राउ गरेको तथ्य लिखित जवाफको प्रकरण ३ मा उल्लेख गरी महानगरीय प्रहरी परिसर काठमाडौंको तर्फबाट लिखित जवाफ पेस भएको देखिएको छ । रिट निवेदकका दाजु सुनिलकुमार यादव उक्त ०७५–WH–०१५४ को बन्दीप्रत्यक्षीकरणको रिट निवेदनबाट थुनामुक्त भएको भन्ने कहीँकतै उल्लेख भएको देखिँदैन। यस अवस्थामा आफैँसँग हिरासतमा रहेको व्यक्तिलाई सोही महानगरीय प्रहरी परिसरबाट पेस भएको प्रस्तुत रिट निवेदनको लिखित जवाफको प्रकरण २ मा निवेदक संजय यादव भन्ने सुनिलकुमार यादवलाई खोज तलास गरी फेला परेमा दाखिला गर्न हुन भनी यस कार्यालयको मौखिक आदेशअनुसार मिति २०७६।०१।१७ मा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१२ टेकु स्थित निज रिट निवेदक संजय यादव भन्ने सुनिलकुमार यादवलाई फेला पारी निजलाई प्रहरी हिरासतमा राख्न थुनुवा पुर्जी दिई स्वास्थ्य परीक्षण गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट जरूरी पक्राउ पुर्जी स्वीकृति लिई निज संजय यादव भन्ने सुनिलकुमार यादवलाई म्याद थपको लागि सम्बन्धित सक्कल मिसिल कागजातहरूसहित जिल्ला सरकारी वकिल कार्यालय, बबरमहलमार्फत सम्मानित काठमाडौं जिल्ला अदालतमा उपस्थित गराइएको भन्ने आधारमा राखिएको थुना र भएको अनुसन्धान सन्तोषजनक भएको र कानूनी रहेको भनी अर्थ गर्न कदापि मिल्ने नदेखिने।

प्रस्तुत रिट निवेदनमै अनुसन्धानको क्रममा प्राप्तभएको र प्राप्त हुनआएको सक्कल कागजातमा रहेको फोटो तथा बाबु बाजेको नाम थरसमेत पक्राउ प्रतिवादीको बाबु बाजेको नाम थरसँग मिलेको नदेखिएको र फोटोसमेत फरक परेको हुँदा हालसम्मको अनुसन्धानबाट यी पक्राउ प्रतिवादी नै संजय यादव हो भन्ने कागज प्रमाण कहीँकतैबाट खुल्न नसकेको भन्नेसमेत बेहोराको विशेष सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ रहेको देखिएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४ को उपदफा (६) मा अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भएको वा नभएको विचार गरी, आवश्यक देखेमा सम्बन्धित कानून व्यवसायीको बहससमेत सुनी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक देखिएमा एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने छ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित ठगी मुद्दामा भएको अनुसन्धान कानूनबमोजिम सन्तोषजनक रहेको भन्ने नदेखिने।

**यसका साथै** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ मा "हिरासतमा रहेको व्यक्तिलाई अनुसन्धान अधिकारीले छाड्न सक्नेः (१) यस ऐनबमोजिम अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको कुनै व्यक्तिलाई हिरासतमा राखिरहनु आवश्यक वा उपयुक्त नदेखिएमा अनुसन्धान अधिकारीले सरकारी वकिलको सहमति लिई वा तत्काल त्यस्तो सहमति लिन सकिने अवस्था नभएमा कारणसहितको पर्चा खडा गरी त्यस्तो व्यक्तिबाट धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राख्न सक्ने छ ।"....भन्ने कानूनी व्यवस्था भएको

र रिट निवेदकउपरको उल्लिखित ठगी मुद्दामा पनि अभियोजन गर्ने निकाय सरकारी वकिलबाट धरौट वा जमानत लिई वा हाजिरी जमानीमा छाडी वा कुनै माथवर व्यक्तिको जिम्मामा छाडी वा तारेखमा राखी मुद्दाको अनुसन्धान गर्ने गरी मुद्दा अनुसन्धान गर्ने निकायलाई सहमति प्रदान गर्न र मुद्दा अनुसन्धान गर्ने निकायले सोअनुसार कुनै माथवर व्यक्तिको जिम्मामा हाजिरी जमानीमा छाडी मुद्दाको अनुसन्धान गर्न सक्ने नै देखिँदा पक्राउ परेका प्रस्तुत रिट निवेदकका दाजु सुनिलकुमार यादव नै उक्त ठगीको कसुरको मुद्दाका प्रतिवादी संजय यादव हो भन्ने कागज प्रमाण कहीँकतैबाट खुल्न नसकेको अवस्थामा एकाव्यक्तिले गरेको कसुरमा सोही व्यक्ति नै हो भन्ने यकिन नभई थुनामा नै राखेर अनुसन्धान गर्नु कानूनको मर्म र भावनाअनुकूल मान्न नसकिने।

अतः उक्त ठगी मुद्दाको जाहेरी दरखास्तमा उल्लेख भएको संजय यादव भन्ने व्यक्ति नै पक्राउ परेका सुनिलकुमार यादव हो भन्ने निश्चित नगरी यी रिट निवेदकका दाजु सुनिलकुमार यादवलाई अनुसन्धानको क्रममा राखेको थुना गैरकानूनी देखिएको हुँदा कुनै माथवर व्यक्तिको जिम्मामा हाजिरी जमानीमा छाडी उक्त ठगी मुद्दाको अनुसन्धान गर्ने गरी प्रस्तुत रिट निवेदनको रोहमा निजलाई थुनाबाट मुक्त गरिदिनू भनी विपक्षी महानगरीय प्रहरी परिसर टेकु, काठमाडौंका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: ऋतबहादुर पुलामी मगर
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७६ साल वैशाख ३० गते रोज २ शुभम्।

- यसमा यसै लगाउको ०७५-WH-०१५४, बन्दीप्रत्यक्षीकरण, अमितकुमार यादव वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत भएको मुद्दाको आदेश यसै प्रकृतिको रहेको।

## इजलास नं.९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०६८-CI-०६८०, निषेधाज्ञा, शिवशंकर राउत अहिर वि. जिल्ला प्रशासन कार्यालय, पर्सासमेत*

पुनरावेदक शिवशंकर राउत अहिरले दाबी लिएको मिति २०३२।१०।२५ मा रू.९९।- भएको घरसारको फार्छे राजीनामाबाट खरिद गरी लिएको भनी हाल नापीमा कि.नं. ८० जनिएको विवादित घर जग्गाको हकको स्रोतको सम्बन्धमा वादी रामचन्द्र महतो नुनिया भन्ने चन्द्र नुनिया र प्रतिवादी यिनै पुनरावेदक शिव शंकर राउत अहिर भएको किर्ते जालसाजी मुद्दा र वादी रामचन्द्र महतो नुनिया भन्ने चन्द्र नुनिया र प्रतिवादी यिनै पुनरावेदक शिव शंकर राउत अहिर भएको नापी निर्णय दर्ता बदर दर्ता मुद्दा पर्सा जिल्ला अदालतमा चलिरहेको भन्ने देखिने।

वस्तुत: पुनरावेदनमा उल्लिखित विवादित कि.नं. ८० जग्गाको सम्बन्धमा यी पुनरावेदकको निर्विवाद हक भोगको स्थापित भएको नदेखिई हक बेहकसम्बन्धी प्रश्न उठ्न गई जिल्ला अदालतमा विचाराधीन रहेको पाइयो। यस अवस्थामा उल्लिखित विवादित जग्गालाई स्वयं पुनरावेदकले निर्विवाद हक भोगको जग्गा भन्न सकेको पाइएन। जिल्ला अदालतमा विचाराधीन रहेको उक्त मुद्दाहरूबाट नै उक्त कि.नं. ८० को जग्गाको हक सुनिश्चित हुने अवस्था जीवितै रहेको देखिन्छ। यही विवादित जग्गाको हक बेहक सम्बन्धमा जिल्ला अदालतमा विचाराधीन रहेको र निवेदकको निर्विवाद हक स्थापित भई नसकेको हकको स्रोतमा नै विवाद रहेको स्थितिमा तल्लो अदालतमा विचाराधीन विषयलाई असर पर्ने गरी प्रस्तुत निषेधाज्ञाको आदेश जारी हुने अवस्था विद्यमान नदेखिने।

अत: उल्लिखित आधार, कारणबाट विवादित कि.नं. ८० को जग्गाको सम्बन्धमा हक बेहकसम्बन्धी प्रश्न उठेको देखिन आयो । यिनै पुनरावेदकसमेत उपर हकको स्रोतको बारेमा किर्ते जालसाजी र नापी निर्णय दर्ता बदर दर्ता मुद्दा परी जिल्ला अदालतमा विचाराधीन रहेको, सोही मुद्दाबाट विवादित जग्गाको हक बेहकमा निरूपण हुने नै भई तल्लो अदालतमा विचाराधीन विषयलाई असर पर्ने गरी आदेश गर्नुपर्ने आवश्यकता र औचित्य देखिएन । तसर्थ, प्रस्तुत मुद्दामा मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नरही अन्तरिम आदेशसमेत रद्द हुने गरी निषेधाज्ञा जारी नहुने ठहर गरी निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।१।७ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-०७३७, निषेधाज्ञा / परमादेश, *जिल्ला विकास समितिको कार्यालय, सिराहासमेत वि. जावेद नवि इराकी*

यसमा अन्यत्र जिल्लाबाट निकासी भई आएको काँचो छालामा कर लिने तथा लिन लगाउने कार्य नगर्नु नगराउनु भनी निषेधाज्ञा मिश्रित परमादेशको माग निवेदकले गरेको देखियो । जिल्ला विकास समिति, सप्तरी र सिराहाको लिखित जवाफबाट निवेदन जिकिरबमोजिम कर लिन पाउने भन्ने जिकिर लिएको नै देखिएन । जि.वि.स. सिराहाको मिति २०६६।१२।१७ को पत्रले त्यस्तो कर लिन नपाउने भन्ने उल्लेख गरेको देखिन्छ । सम्बन्धित ठेकेदारहरूले लिखित जवाफ नै दिन सकेको पाइएन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ बमोजिम जिल्ला विकास समितिले आफ्नो क्षेत्रभित्र कर लगाउन सक्ने व्यवस्था गरेको पाइन्छ । सोअनुसार पनि अन्य जिल्लामा उत्पादित मृत जनावरको काँचो छालामा कर लगाउन सकिने अवस्था छैन । सम्झौता पत्रमा उल्लिखित सर्तबाट पनि त्यस्तो वस्तुमा कर लिन सक्ने भन्ने देखिन आउँदैन । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ कै अनुसूची २३ को द्रष्टव्यमा स्थानीय उत्पादित वा सङ्कलित वस्तुको निकासी गर्दा एक स्थानीय निकायले ऐन वा यस नियमबमोजिम कर वा सेवा शुल्क वा दस्तुर लिएको प्रमाणसम्बन्धी निकासीकर्ताले पेस गरेकोमा अर्को स्थानीय निकायले पुनः त्यस्तो कर वा सेवा शुल्क वा दस्तुर लिएको प्रमाणसम्बन्धी निकासीकर्ताले पेस गरेकोमा अर्को स्थानीय निकायले पुनः त्यस्तो कर वा सेवा शुल्क वा दस्तुर जिल्ला निकासी गरी कर लिन पाउने छैन र निकासीमूलक उद्योगले आयात गर्ने कच्चा पदार्थमा कुनै प्रकारको कर दस्तुर वा शुल्क लिन पाइने छैन भन्ने व्यवस्था गरिएको देखिन्छ । जि.वि.स. सिराहा र ठेकेदार कासीचन्द्र यादवका बिच मिति २०६६।४।९ मा भएको सम्झौता हेर्दा सो सम्झौता पत्रको ठेक्काका सर्तहरूको प्रकरण नं. ५ मा *एक स्थानीय निकायमा कर दस्तुर बुझाइसकेको प्रमाण पेस गरेमा पुन: कर दस्तुर उठाउन पाइने छैन* भन्ने र सोही प्रकरण नं.१३ मा *कुनै पनि कर शुल्क असुलउपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट वा तगारो राखी कर शुल्क असुलउपर गर्न पाइने छैन* भनी उल्लेख भएको पाइन्छ । यस सम्झौताबमोजिम एक स्थानीय निकायमा कर दस्तुर बुझाएको प्रमाण पेस गरेको अवस्थामा अर्को स्थानीय निकायले पुन: कर लिन नपाउने भन्ने देखियो र राष्ट्रिय राजमार्गमा कुनै कर असुलको लागि जि.वि.स. कार्यालयले कुनै इजाजत दिएको भन्ने देखिन आएन र जि.वि.स.ले पनि अनुमति दिएको भन्ने कुनै जिकिर लिएको पाइएन । जि.वि.स.को जवाफबाट समेत अन्य जिल्लाबाट काँचो छाला लैजाँदा कर लिन नपाउने स्पष्ट देखियो । निवेदकले कर तिर्नु नपर्नेमा

कर तिरेको निवेदन पत्रसाथ पेस भएका भरपाइबाट देखिएको छ । यस्तो अवस्थामा निवेदक जिकिरलाई अन्यथा मान्नुपर्ने अवस्था विद्यमान देखिएन । निवेदक उद्योगले प्रयोग गर्ने अन्य जिल्लाबाट निकासी भई आएको काँचो छालामा कर लिने तथा लिन लगाउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञा तथा त्यस्ता कर लिने ठेकेदारलाई आवश्यक कारबाही गर्नु भनी न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम पुनरावेदन अदालतबाट जारी भएको परमादेशलाई अन्यथा गर्नुपर्ने नदेखिने ।

अत: माथि उल्लिखित आधार कारणबाट अन्यत्र जिल्लाबाट निकासी भई आएको काँचो छालामा कर लिने तथा लिन लगाउने कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ र सोको नियमावलीबमोजिम पनि अन्य जिल्लामा उत्पादित मृत जनावरको काँचो छालामा कर लगाउन सकिने अवस्था नरहेको र सम्झौता पत्रमा उल्लिखित सर्तबाट पनि त्यस्तो वस्तुमा कर लिन सक्ने भन्ने देखिन नआएकाले काँचो छालामा कर लिने तथा लिन लगाउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञासमेतको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०६७।९।११ मा भएको आदेश मनासिबै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६९-WO-०३३३, उत्प्रेषण, *राधारमण चौधरीसमेत वि. जिल्ला सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति जनकपुरसमेत*

जिल्ला धनुषा, विन्धि गा.वि.स. वडा नं. ४(क) कि.नं. ५५८ को ज.वि. १-०-१० जग्गा मालपोत कार्यालयको सरकारी / सार्वजनिक जग्गाहरूको विवरण महलमा कायम रहेको देखिन्छ । कि.नं. ५५८ बाट कित्ताकाट भई कि.नं. १०६१, १०६२, १०६३ कायम भएको प्लट बुकबाट देखिएको कि.नं. १०६१ को ज.वि. ०-०-९ सीताशरण चौधरी, कि.नं. १०६२ को ज.वि. ०-०-९ शैलेन्द्र चौधरी र कि.नं. १०६३ बाँकी रहेको प्लट बुकमा उल्लेख छ । सीताशरण चौधरी, शैलेन्द्र चौधरीको जग्गाधनी स्रेस्ता सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति धनुषाबाट प्राप्त भएको नदेखिएको भनी मालपोत कार्यालय, धनुषाको लिखित जवाफबाट देखिन्छ । कि.नं. १०६१ को ०-०-९ जग्गा सीताशरण चौधरी र कि.नं. १०६२ को ०-०-९ जग्गा शैलेन्द्र चौधरीको नाममा हुनेगरी सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति धनुषाबाट निर्णयसम्म भई आयोगले कानूनबमोजिम आफ्नो काम गरेको हो भन्नेसमेत बेहोराको सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, धनुषाको लिखित जवाफबाट देखिने ।

सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति, २०५६ (संशोधनसहित) को परिभाषा खण्ड (क) मा उल्लेख भएअनुसार नेपाल राज्यभित्र आफ्नो वा आफ्नो अंशियारको नाममा कुनै घर वा जग्गा जोड्न सक्ने साधन स्रोत नभएका भूमिहीन वा दैवीप्रकोपबाट घरजग्गाविहीन हुन पुगेका व्यक्ति वा निजप्रति आश्रित परिवारका सदस्यलाई सुकुम्बासी भनी उल्लेख गरेको पाइन्छ । प्रस्तुत मुद्दामा विपक्षीहरू सीताशरण चौधरी र शैलेन्द्र चौधरी सुकुम्बासीको परिभाषाभित्र समेटिने नेपाली नागरिक हुन् वा होइन भन्ने सम्बन्धमा विचार गर्दा, मिसिल संलग्न जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपिबाट सीताशरण चौधरीको नाममा कि.नं. ९८२ ज.वि. ०-०-१४-८, कि.नं. ९९१ ज.वि. ०-०-९, कि.नं. ८५६ ज.वि. ०-०-६, कि.नं. ६२२ ज.वि. ०-१-७, कि.नं. ६२५ ज.वि. ०-०-७ समेत जग्गा रहेको देखिन्छ । त्यस्तै शैलेन्द्र चौधरीको नाममा कि.नं.

२५५ ज.वि. ०-३-१५, कि.नं. ५७३ ज.वि. ०-१-१६, कि.नं. १०५३ ज.वि. ०-१-१९, कि.नं. १०४९ ज.वि. ०-२-६-१२ समेतका जग्गा रहेको देखिन आयो । यसरी सीताशरण चौधरी र शैलेन्द्र चौधरीको नाउँमा विवादित जग्गाबाहेक अन्य जग्गाहरू रहेको देखिँदा यी व्यक्तिहरू सुकुम्बासीको परिभाषाभित्र पर्ने व्यक्ति देखिन नआउने ।

सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनिति, २०५६ को दफा ३(२)(क) मा प्रचलित कानूनबमोजिम कायम रहेका सार्वजनिक जग्गा *वनक्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएका जग्गाहरू* सुकुम्बासी समस्या समाधान आयोगले वितरण गर्ने छैन भनी स्पष्टरूपमा उल्लेख गरेको पाइन्छ । त्यस्तै मालपोत ऐन, २०३४ को दफा २४ हेर्दा *सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन हुँदैन* भनी उल्लेख गरेको पाइन्छ । विवादित कि.नं. ५५८ को जग्गा सडक भनी २०२३ सालमा नापी भएको फिल्डबुकबाट देखिएबाट सार्वजनिक रूपमा प्रयोग भएको जग्गा रहेछ भन्ने देखिने ।

सार्वजनिक जग्गा वितरण गर्न सुकुम्बासी समस्या समाधान आयोगले नपाउने देखिन्छ । विवादित कि.नं. ५५८ को जग्गा वितरण गर्न पाउने वा नपाउने सम्बन्धमा आयोगलाई प्राप्त भएको अधिकारसम्बन्धी व्यवस्थाको रोहमा विचार गर्दा नापीको समयमा कि.नं. ५५८ को जग्गाको फिल्डबुकमा सडक जनिएको पाइयो । यस्तो जग्गा सार्वजनिक हुनेमा विवाद देखिँदैन । कि.नं. ५५८ को जग्गा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति, धनुषाले वितरण गरेको देखिन्छ । कानूनले स्पष्ट रूपमा सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता गर्न गराउन निषेध गरेको देखियो । इन्दु निरौला विरूद्ध जिल्ला वन कार्यालय मोरङसमेत भएको उत्प्रेषण मुद्दामा (ने.का.प. २०६७, नि.नं. ८३९४, पृष्ठ १००७) मा मन्त्रिपरिषद्को निर्णयबमोजिम गठन भएको सुकुम्बासी समस्या समाधान आयोगले कानूनबमोजिम जग्गा वितरण र दर्ता गर्न पाउने सीमित अधिकार पाएकोमा असीमित अधिकार प्रयोग गरी जग्गा बिक्री वितरण गर्न नपाउने र कानूनले स्पष्टरूपमा सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्न गराउन निषेध गरेको अवस्थामा आफ्नो अधिकार क्षेत्र नाघी सुकुम्बासी समस्या समाधान आयोगले निर्णय गरी वितरण गरी दर्ता भएको जग्गाको दर्ता बदर गरी भएको काम कारबाहीबाट कसैको संविधान तथा कानून प्रदत्त हक हनन भएको सम्झन नमिल्ने भनी यस अदालतबाट सिद्धान्तसमेत प्रतिपादन देखिने ।

अतः सार्वजनिक सडक सुकुम्बासी समस्या समाधान आयोगले वितरण गर्न पाउने कार्यमा सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति, २०५६ ले स्पष्ट बन्देज लगाएको पाइयो । सुकुम्बासी समस्या समाधान आयोगले कार्यविधि मिची सडकको बाटो कित्ताकाट गरी वितरण गरेको कार्य गैरकानूनी देखिन्छ । सुकुम्बासी समस्या समाधान आयोगले कित्ताकाट गरी वितरण गरेपनि यद्यपि मालपोत कार्यालय, धनुषाबाट सो दर्ता स्रेस्ता अद्यावधिक हुन सकेको छैन । निवेदकहरूलाई विवादित स्थानमा विपक्षीहरू गई निकास बाटो अवरोध गरेको अवस्थाबाट नै निवेदकहरूले सो निर्णयको जानकारी हुन आएको मान्नुपर्दछ । गुपचुपरूपमा वितरण नै गर्न नमिल्ने सडक बाटो उसमा पनि विपक्षीहरूको अन्यत्र विभिन्न कित्ता जग्गाहरू दर्ता रहेका व्यक्तिलाई सडक कित्ताकाट गरी वितरण गरेका जग्गाधनी पुर्जासमेत गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशद्वारा सुकुम्बासी समस्या समाधान आयोगले बाटोको जग्गा वितरण गर्ने निर्णय, नापीले कित्ताकाट गरेको कार्य र विपक्षी सीताशरण चौधरी र शैलेन्द्र चौधरीले प्राप्त गरेको पुर्जासमेत उत्प्रेषणको आदेशबाट बदर भई सो कि.नं. ५५८ को सार्वजनिक

सडक बाटो पूर्ववत् अवस्थामा नै यथावत् कायम राख्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : विद्याराज पौडेल

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल पौष २३ गते रोज १ शुभम्।

- यसमा यसै लगाउको ०६९-WO-००८७, निर्णय बदर दर्ता बदर पूर्ववत् सार्वजनिक दर्ता कायम, राधारमण चौधरी वि.दुख मोचन चौधरीसमेत भएको मुद्दाको फैसलासमेत यसै प्रकृतिको रहेको।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०६७-CI-१६७६, दर्ता बदर हक कायम दर्ता, शेरबहादुर रावलसमेत वि. ईन्द्रबहादुर रावल*

यसमा निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा मूल पुरूष सर्वजितका २ छोराहरू शम्शेरबहादुर र भूपाल सिंह भई जेठा शम्शेरबहादुरतर्फका २ छोराहरू जमानसिंह र हस्तबहादुर तथा कान्छा भुपाल सिंहतर्फबाट फौंदसिंहको जायजन्म भएको देखिन्छ । शम्शेरबहादुरका हाँगामा २ भाइ छोराहरूमध्ये जमानसिंहका छोरा डिलबहादुरका तर्फबाट प्रतिवादीहरू मोहनबहादुर, शेरबहादुर, अतिवल, विनबहादुर र सिद्धबहादुर रहेका छन्। अर्का छोरा हस्तबहादुरतर्फबाट बलबहादुर र प्रतिवादी शेरबहादुर देखिन्छन् । बलबहादुरका छोरा प्रतिवादी कृष्णबहादुर रहेका छन्। अर्कातिर भुपाल सिंहका छोरा फौंदसिंहतर्फबाट ४ भाइ छोराहरू अम्बर, टेक, सन्त र वादी गणेशबहादुर रहेका छन् । सो नातासम्बन्धका विषयमा प्रस्तुत मुद्दाका वादी प्रतिवादीहरूबिच विवाद देखिँदैन । यस्तै वादी गणेशबहादुर रावलतर्फका पिता पुर्खा फौंदसिंहको साबिक दर्ता भोगमा २ माना ५ मुठी विजन जग्गा रहेको र प्रतिवादी शेरबहादुर रावलसमेतका पिता पुर्खा हस्तबहादुर र जमान सिंहको साबिक दर्ताभोगमा १/१ माना विजन जग्गा रहेको तथ्य सम्बन्धमा पनि दुवै पक्षको अन्यथा दाबी जिकिर रहेको अवस्था नदेखिने।

२०३० सालको मिलापत्रमा पुनरावेदक प्रतिवादीहरूको पिता पुर्खाको साबिक दर्ता, तिरोका जग्गाहरूसमेत देखाइएको छ । सो तथ्यलाई वादी गणेशबहादुर रावलले समेत उक्त मुद्दामा प्रतिउत्तर पेस गर्ने क्रममा स्वीकार गरेको नै अवस्था छ । तत्पश्चात् २०४२ सालमा जग्गा नापजाँच हुँदा पिता पुर्खादेखिको साबिक भोग, दर्ता, तिरोको आधारमा वादी प्रतिवादीहरूले आ-आफ्नो नाउँमा जग्गाहरू नापी गराई दर्ता गराएको देखिन्छ। २०३० सालको मिलापत्रमा उल्लेख भएका साबिक हस्तबहादुर, जमानसिंह, फौंदसिंह नाउँमा रहेका जग्गाहरू नै २०४२ सालको नापीमा वादी प्रतिवादीहरूको नाउँमा दर्ता हुने भनी निर्णय भएको पाइन्छ। नापीको क्रममा एक अर्काको नाउँमा नापी भएको जग्गाहरूसमेत दुवै पक्षको निवेदनको आधारमा एउटाको नाउँ कट्टा गरी अर्काको नाउँमा दर्ता हुने भनी फिल्डबुक सच्याइएको छ। सो नापीको समयमा वादी गणेशबहादुरको समेत उपस्थिति रही निज आफैँले सहीछाप गरेको देखिएको अवस्था छ। तसर्थ, सो नापी हुँदाकै अवस्थामा वादी गणेशबहादुरलाई विवादित कि.नं. ४९४ को जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता भएको कुरा थाहा भएको तथ्यमा सन्देह नरहने।

वादी लाला बुद्धिमान श्रेष्ठ प्रतिवादी पूर्णकला उपाध्याय भएको दर्ता बदर हक कायम मुद्दा (ने. का.प. २०४३, अङ्क १२, नि.नं.२९२३) मा यस अदालतबाट “सर्भे नाप जाँचको क्रममा एकाको हकभोग दर्ताको जग्गाको अर्काको नाममा नापी दर्ता भएकोमा त्यस्तो जग्गा नापी भई दर्ता स्रेस्ता खडा भएको मितिबाटै मुद्दा गर्नुपर्ने कारणको सिर्जना भएको मान्नुपर्ने हुन्छ। किन भने जग्गा नापजाँच भएपछि हक प्रमाणको

प्रमाणित अभिलेखको सिर्जना दर्ता स्रेस्ताबाटै हुन्छ" भनी नजिर सिद्धान्तसमेत प्रतिपादन भएको छ। प्रस्तुत मुद्दामा वादी गणेशबहादुरले २०४२ सालमा नै वादी दाबीको जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता भएको कुरा थाहा पाएको भए तापनि २०६३ सालमा सन्धिसर्पन मुद्दाको फैसलाको नक्कल सारेपछि मात्र थाहा भएको भन्ने बेहोरा उल्लेख गरी मुलुकी ऐन, जग्गा पजनीको १७ नं. र जग्गा मिच्नेको १८ नं. को हदम्याद कायम गरी अदालतमा प्रवेश गरेको देखिन्छ । वादी गणेशबहादुर नापीको समयमा उपस्थित भई फिल्डबुकमा सहीछाप गरेको अवस्थाबाट दाबीको जग्गा २०४२ सालमा नै प्रतिवादीहरूको नाउँमा नापी भई कित्ताकाट भएको तथ्य निज वादीलाई थाहा भएको पुष्टि भइरहेकै छ । यस्तो स्थितिमा २०६३ सालमा सन्धिसर्पन मुद्दाको फैसलाको नक्कल सारेपछि मात्र सो सम्बन्धमा थाहा भयो भनी सोही मितिबाट हदम्याद कायम हुनुपर्ने भन्ने फिराद दाबी विश्वसनीय नदेखिने।

अर्कोतिर २०४२ सालमा नापी हुँदाको समयमा वादी प्रतिवादीहरूको साबिक दर्ता र भोगलाई आधार मानी जग्गा कित्ताकाट भई फिल्डबुक तयार भएको अवस्था छ । नापीको समयमा यदि आफ्नो हकभोगको जग्गा अन्यको नाउँमा दर्ता भएको भए जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६ बमोजिम तत्कालीन नापी टोलीसमक्ष आफ्नो दाबी विरोधसहित उजुर गर्न सक्ने अवस्था रहन्थ्यो । तर सो समयमा दाबीको कि.नं. ४९४ को जग्गालगायतका कुनै पनि जग्गा सम्बन्धमा यी वादीले आफ्नोतर्फबाट नापी टोलीसमक्ष कुनै दाबी विरोध गरेको वा सो जग्गामा झगडा जनाएको अवस्था रहेको छैन । बरू नापीको समयमा दाबीको कि.नं. ४९४ को जग्गा निज वादीको छोरा हर्कबहादुरको नाउँमा दर्ता हुने भनी नापी टोलीबाट फिल्डबुक तयार गरेको भए पनि निज गणेशबहादुर रावलसमेतको निवेदनको आधारमा उक्त जग्गा प्रतिवादी शेरबहादुर रावलसमेतको नाउँमा दर्ता हुने भनी उक्त फिल्डबुक सच्याई सोमा निज गणेशबहादुर आफैँले सहीछाप गरेको अवस्था छ । यसबाट दाबीको जग्गामा वादीको हकभोग नरहेको तथ्य स्वयम् वादीले २०४२ सालमा नै नापी हुँदा स्वीकार गरिसकेको पाइयो। प्रतिवादीहरूको नाउँमा दाबीको जग्गा दर्ता हुने भनी स्वयम् वादीले स्वीकार गरेको तथ्य निर्णयलाई पछि आएर सोही तथ्य निर्णय बदर अन्यथा हो भनी भन्न वादी विबन्धितसमेत हुने देखिने।

तत्कालीन मनाङ तथा लमजुङ जिल्ला अदालतबाट मिति २०३०।९।४ मा भएको मिलापत्रलाई नै दाबीको जग्गामा आफ्नो हकाधिकार स्थापित हुने मुख्य आधार हो भन्ने वादी दाबी रहेको छ । यी वादी प्रतिवादीहरूका पुर्खा एउटै छन् । पिता पुर्खाको नाउँ दर्ताको समान हक रहेको पैतृक जग्गा वादी प्रतिवादीहरूले २०४२ सालमा नापी हुँदा साबिक दर्ता, तिरोको आधारमा आ-आफूले भाग हिस्सा छुट्याई कित्ताकाट गरी जग्गाहरू दर्ता गराएका छन्। अंशको हक नैसर्गिक हक भएको र कसैले आफ्नो अंशहक नत्यागेसम्म निजलाई सो हकबाट वञ्चित गराउन मिल्दैन । प्रस्तुत मुद्दाका प्रतिवादीहरूले आफ्नो अंशहकको सम्पत्तिमा आफ्नो दाबी छोडेको अवस्था पनि छैन। यस कारण अरू व्यक्तिसँग मुद्दा परी मिलापत्र भएकै कारणले कसैको पैतृक सम्पत्तिमाथिको अंशहक गुम्न सक्ने स्थिति हुन सक्दैन । अतः मिति २०३०।९।४ मा भएको मिलापत्रले प्रस्तुत मुद्दाको विवादित जग्गामा यी वादी गणेशबहादुर रावलको मात्र हक लाग्ने भन्ने जिकिरलाई न्यायोचित मान्न नसकिने।

यसरी साबिक दर्ता, तिरो देखाई वादी प्रतिवादीहरूले आ-आफ्नो हकभोगमा रहेको जग्गाहरू २०४२ सालको नापीमा गराएको, सो नापीको समयमा वादी आफैँ पनि उपस्थित भएको र नापी टोलीले तयार गरेको फिल्डबुकमा दाबीको कि.नं. ४९४ को जग्गा प्रतिवादीहरूको नाउँमा दर्ता हुने भनी उल्लेख

भई वादीसमेतले सहीछाप गरेको आधारमा दाबीको जग्गा प्रतिवादीहरूको हकभोग र दर्ताको रहेको पुष्टि हुन आयो । विवादित जग्गा वादीको एकलौटी हक स्वामित्वको रहेको जिकिर लिई उक्त जग्गामा आफ्नो हक कायम गरी दर्तासमेत गरिपाउँ भन्ने वादीको भनाइ उक्त आधार प्रमाणहरूबाट मनासिब देखिन आएन । तसर्थ, प्रतिवादी शेरबहादुर रावलसमेतका नाउँमा दर्ता भएको उक्त दाबीको कि.नं. ४९४ को जग्गाको दर्ता बदर हुने अवस्था नरहेकोले उक्त जग्गा दूषित दर्ता रहेको भनी सो दर्ता बदर गर्ने र वादीका नाउँमा हक कायम हुने ठहर गरेको पुनरावेदन अदालत पोखराको फैसला मिलेको नदेखिने ।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादीहरूको नाउँमा दर्ता रहेको कि.नं. ४९४ को जग्गा निज प्रतिवादीहरूको दर्ता बदर गरी आफ्नो हक कायम गरी दर्तासमेत गरिपाउँ भन्ने फिराद दाबी पुग्न नसक्ने ठहऱ्याउनुपर्नेमा वादी दाबीबमोजिम प्रतिवादीहरूका नाउँमा दर्ता भएको उक्त कि.नं. ४९४ को जग्गा दूषितरूपमा दर्ता भएको भनी उक्त दर्ता बदर भई वादीका नाउँमा हक कायम दर्तासमेत हुने ठहऱ्याई भएको सुरू लमजुङ जिल्ला अदालतको मिति २०६६।७।२९ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको मिति २०६७।२।४ को फैसला कानून र न्यायसङ्गत नहुँदा सो फैसला उल्टी भई वादी दाबी नपुग्ने ।

इजलास अधिकृत : कल्याण खड्का

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७५ साल फागुन २७ गते रोज २ शुभम् ।

- यसमा यसै लगाउको ०६७-CI-१६७१, १६७२, १६७३, १६७४ र १६७५, फैसला बदर गरी मिलापत्र कायम गरिपाउँसमेत, कृष्णबहादुर रावल वि. इन्द्रबहादुर रावल भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७४-CI-०६०८, पर्खाललगायत संरचनासमेत भत्काई खिचोला छोडाई चलनसमेत, प्रजादेवी नुनियाइन वि. राजहरण चौधरी*

मिसिल संलग्न कागजात हेर्दा, वादी प्रजादेवी नुनियाइनको नाउँमा कि.नं.२१२ को ०-२-५ जग्गा रहेको तथ्य प्रमाणको रूपमा पेस भएको जग्गाधनी दर्ता प्रमाणपुर्जाबाट देखिन्छ । बारा जिल्ला अदालतको च.नं.६११३, मिति २०७०।११।०४ को पत्रानुसार नापी कार्यालय बाराबाट च.नं.१०७४, मिति २०७०।११।२१ मा विवादित जग्गाको ट्रायल चेक पेस गरेको पाइन्छ । उक्त ट्रायल चेक निम्नानुसार रहेको पाइने ।

तालिका नं.१. ट्रायल चेकको बेहोराः

| सि.नं. | वडा नं. | कि.नं. | सा.क्षेत्रफल | ट्रायल चेकबाट देखिएको क्षेत्रफल |
|---|---|---|---|---|
| १ | ३ | २१२ | ०-२-५-० | ०-२-०-० |
| २ | २ | ५ | ०-१७-५-० | ०-१४-१२-० |

उपर्युक्त नापी कार्यालय बाराको ट्रायल चेकबाट वादी प्रजादेवी नुनियाइन नाउँ दर्ताको कि.नं.२१२ मा ०-२-०-० जग्गा रहेको देखिन्छ भने ऐलानी कि.नं.५ मा ०-१४-१२-० जग्गा रहेको पाइन्छ । यी दुवै कि.नं. को क्षेत्रफल जग्गा दर्ता स्रेस्तामा भएको क्षेत्रफलभन्दा केही कम जग्गा रहेको पाइने ।

यसैगरी सुरू बारा जिल्ला अदालतबाट मिति २०७१।४।२८ मा भएको आदेशानुसार मिति २०७१।११।१२ मा विवादित जग्गाको नाप नक्सा भई नक्सा मुचुल्का पेस भएको देखिन्छ। उक्त नक्सा मुचुल्का निम्नबमोजिम रहेको पाइने।

तालिका नं.२. नक्सा मुचुल्काको बेहोराः

| सि.नं. | न.नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | २ | २१२ | ०-१-१५-३/४ | न.नं.८ को विवादित पर्खाल र न.नं.५, ६, १०, ११, ११, १४ र १५ को भौतिक संरचनाहरू ९।१० वर्षअगाडि बनेको हो भनी सहीछाप गर्ने सुखल चौधरी, जगदिश चौधरी, तनकिर चौधरी, ओमप्रकाश चौधरी र लक्ष्मण चौधरी |
| २ | ७, ८ | विवादित | ०-०-५-२३/४ | |
| ३ | १२ | ५ | ०-०-४-२१/४ | |
| ४ | १३, १४, १५ | ५ | ०-२-१-११/२ | |
| ५ | १६ | ५ | ०-९-६-१/२ | |

उल्लिखित नक्सा मुचुल्कामा न.नं.२ को ०-१-१५-३/४ जग्गा वादीको कि.नं.२१२ को जग्गा रहेको देखिन्छ। न.नं.१२, १३, १४, १५ र १६ को जग्गाहरू कि.नं.५ को भएको तथ्यमा विवाद देखिँदैन। वादीले न.नं.७ र ८ को जग्गामा दाबी गरेको पाइन्छ। विवादित न.नं.७ र ८ तथा अन्य न.नं.१२, १३, १४, १५ र १६ समेतको क्षेत्रफल जोड्दा कुल क्षेत्रफल ०-११-१७-३ भई कि.नं.५ को ट्रायल चेकमा देखिएको क्षेत्रफलभन्दा कम नै रहेको देखिन आएको छ। साथै विवादित पर्खाललगायतका न.नं.५ को पक्की घर, न.नं.६ को पर्खाल, न.नं.८ को पर्खाल, न.नं.१० को पानी ट्याङ्की, न.नं.११ को पक्की घर, न.नं.१४ को पक्की घर, न.नं.१५ को पर्खाल र सोमाथि लगाइएको तारबार र नं.१६ को विभिन्न व्यक्तिले घर बनाई बसोबास गरिरहेकोसमेतको भौतिक संरचनाहरू ९।१० वर्षअगाडि बनेको हो भनी नक्सा मुचुल्काको रोहवरमा बस्ने मानिसहरूले सहीछाप गरेको पाइने।

दाबीको जग्गाको सम्बन्धमा निवेदक प्रजादेवी नुनियाइन र विपक्षी जिल्ला खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बारासमेत भएको ०६९-WO-०२५९ को निषेधाज्ञाको निवेदन पुनरावेदन अदालत हेटौंडामा दायर भएको देखिन्छ। उक्त निषेधाज्ञाको निवेदन प्रस्तुत मुद्दामा भएको दाबीकै कि.नं.२१२ को ०-१-१२ जग्गामा विपक्षीहरूले हस्तक्षेप गर्ने प्रवल आशंका रहेको भनी दाबी लिएकोमा पानी ट्याङ्कीलगायतको संरचना पहिला नै निर्माण भइसकेको आधारमा निवेदन खारेज हुने ठहर भई मिति २०७०।०३।२६ मा आदेश भएको देखिने।

मूलतः वादीको कि.नं.२१२ र ऐलानी भई प्रत्यर्थीहरूले भौतिक संरचना निर्माण गरेको कि.नं.५ को दुवै जग्गाको ट्रायल चेकको क्षेत्रफल साबिक दर्ता स्रेस्तामा भएको क्षेत्रफलभन्दा कम भई नक्सा मुचुल्कामा अझ कम क्षेत्रफल देखिन्छ। विवादित भौतिक संरचना ९।१० वर्ष पहिले नै निर्माण भएको हो भनी नक्सा मुचुल्काका मानिसहरूले लेखाएको पाइन्छ। उक्त नक्सा मुचुल्काको बेहोरालाई वादीले प्रश्न उठाई कुनै चुनौती दिन सकेको पनि नदेखिने।

वस्तुतः वादीको नाउँमा दर्ता रहेको कि.नं.२१२ को जग्गाको दक्षिणतर्फ पूर्वपश्चिम समानरूपमा सिधा सिमा रही जोडिएको तथ्य नक्सा ट्रेसबाट देखिन आएको छ। विपक्षीहरूले कि.नं.५ को ऐलानी जग्गा सार्वजनिक खानेपानी ट्याङ्कीलगायतका संरचना निर्माण गरेको देखिन आएको छ। नक्सा मुचुल्कामा कुलोसमेत देखिन आएको छ। बिचमा कुलो रहेको र वडा नं. समेत फरकफरक रहेको स्थिति छ। नक्सा ट्रेस र भइआएको नक्सा

मुचुल्का भिडाई हेर्दा जग्गाको आकृति प्रकृतिसमेतबाट विवादित जग्गा ऐलानी कि.नं.५ अन्तर्गत नै रहेको देखिन्छ। तसर्थ, वादीको दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा भन्न नमिल्ने।

अतः उपर्युक्त आधार, प्रमाणबाट वादीको दाबी पुग्न नसक्ने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७२।१०।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : कालिबहादुर साम्यू लिम्बू
कम्प्युटर : संजय जैसवाल
इति संवत् २०७६ साल असार १९ गते रोज ५ शुभम्।

**६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०८९६, उत्प्रेषण / परमादेश, विज्ञानकुमार अर्याल वि. वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरसमेत*

बोलपत्र परीक्षण सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२)(घ) मा *बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजातमा संलग्न खरिद सम्झौताका सर्तअनुरूप बोलपत्र सारभूतरूपमा प्रभावग्राही भए वा नभएको* परीक्षण गर्ने बोलपत्र प्रस्तावकर्तामा अख्तियारी सुम्पेको देखिन्छ। साथै ऐ.को दफा २४(घ) मा *दफा २३ को उपदफा (२) बमोजिम नभएको* बोलपत्रउपर कारबाही नहुने भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थाबमोजिम वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको मूल्याङ्कन समितिबाट निवेदकको बोलपत्रउपर प्राविधिक स्पेसिफिकेसनको परीक्षण भएकोमा निवेदकको दुवै बोलपत्र प्राविधिक स्पेसिफिकेसनमा असफल भएको देखिन्छ। प्राविधिक स्पेसिफिकेसनको परीक्षणमा असफल भएको बोलपत्र कानूनतः प्रथमदृष्टि (prima facie) रूपमै अस्वीकृत रहन जाने देखियो। प्रथमदृष्टिमै रिट निवेदकको बोलपत्र सारभूतरूपमा प्रभावग्राही नभई अस्वीकृत भएको देखिँदा उक्त बोलपत्रको मूल्याङ्कित अङ्क न्यून वा अधिक रहेको भन्ने विषयमा प्रवेश नै गर्नुपर्ने नै नदेखिने।

मूलतः अस्पताल बिरामीको स्वास्थ्य उपचारसँग सम्बन्धित संस्था हो। यस्ता संस्थामा आवश्यक पर्ने उपचारसँग सम्बन्धित मेसिन व्यक्तिको स्वास्थ्यजस्तो संवेदनशील विषयसँग प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा जोडिन आउने विषयवस्तु हुँदा उक्त मेसिन गुणस्तरीय र भरपर्दो हुनुपर्ने अनिवार्य सर्त हुने कुरामा दुईमत हुनै सक्दैन। मेसिनको गुणस्तरको अभावमा व्यक्तिको स्वास्थ्यमा प्रतिकूल असर पर्नु हुँदैन नै। बोलपत्रदाताले आफ्नो बोलपत्रमा प्राविधिक स्पेसिफिकेसनलाई पूर्वसर्तको रूपमा आत्मसात् गरेको अवस्थामा मात्र बोलपत्र सारभूतरूपमा प्रभावग्राही हुन सक्ने देखिन्छ। पेस भएका सबै बोलपत्र सारभूतरूपमा प्रभावग्राही भई प्राविधिक स्पेसिफिकेसन परीक्षणमा सफल नै रहने हुन्छन् भनी यकिन गर्न पनि मिल्ने देखिँदैन। तसर्थ, रिट निवेदकले पेस गरेको बोलपत्र सारभूतरूपमा प्रभावग्राही रहेको भनी मान्न मिल्ने अवस्था देखिन नआउने।

अर्कोतर्फ, Bipolar TUR set with Generator को लागि बोलपत्रको स्वीकृतिको आशय पाई खरिद सम्झौतासमेत भएको विपक्षी Biomed International Pvt. Ltd को बोलपत्रमा उल्लेख भएको मेसिन (सामान) गुणस्तरयुक्त नभएकोले सम्झौतासमेत रद्द गरी ग्यारेन्टी जफत गरेको र विपक्षी East-West Concern Pvt. Ltd. को Anesthesia work station को बोलपत्र स्वीकृत भई सम्झौताबमोजिमको मेसिन जडान भई चालु अवस्थामा रहेको भन्ने तथ्य विपक्षीहरूको लिखित जवाफबाट देखिन आएको छ। यसरी विपक्षी अस्पतालबाट आह्वान भएको टेन्डरमध्ये Bipolar TUR Set with Generator

को बोलपत्रको स्वीकृतिको आशयपत्र पाउने विपक्षी Biomed International Pvt. Ltd. सँगको सम्झौता नै रद्द भएको र Anesthesia Work Station को बोलपत्र पेस गर्ने विपक्षी फर्म East-West Concern Pvt. Ltd. को बोलपत्र स्वीकृत भई उक्त फर्मसँग भएको सम्झौताअनुसार मेसिन जडान भई सेवासमेत सञ्चालन भई टेन्डरको कार्यान्वयन नै भइसकेको देखिँदा रिट निवेदन दाबीको औचित्यसमेत समाप्त भएको देखिने।

निवेदकले आफ्नो बोलपत्र अस्वीकृत भएउपर पुनरावलोकनको निवेदन मूल्याङ्कन समितिमा दिएको तथ्य निवेदनबाट देखिन आएको छ । निवेदकले न्यूनतम रकम बोलकबोल गरिएको आफ्नो टेन्डर पर्नुपर्ने तर्क देखाई सम्बन्धित निकायमा निवेदन दिएकोमा समयमै निवेदकको सो निवेदनउपर सम्बन्धित निकायले सम्बोधन गर्नुपर्नेमा सो गरेको देखिँदैन। आफ्नो संस्थामा परेको निवेदनको यथोचित समयमा निकास दिई नागरिकको सूचनाको हकको सम्मान गर्नु कुनै पनि संस्थाको कर्तव्य हुन्छ। विपक्षी वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालबाट आइन्दा यस प्रकारको ढिलासुस्ती गर्नु उचित हुने नदेखिँदा आफ्नो संस्थामा पर्न आउने निवेदनको यथोचित समयमा विधिसम्मत् निकास दिने कार्यमा कुनै प्रकारको ढिलासुस्ती एवं धिङ्न्याई हुने छैन भन्ने इजलासले अपेक्षा राखेको देखिने।

अतः विवेचित आधार कारणबाट रिट निवेदकको बोलपत्र प्राविधिक स्पेसिफिकेसनको परीक्षणमा प्रथमदृष्टिमै असफल भएको देखिएको र विपक्षी अस्पतालले आह्वान गरेको २ वटा बोलपत्रमध्ये Bipolar TUR Set with Generator को बोलपत्र पेस गर्ने Biomed International Pvt. Ltd. सँगको बोलपत्रको सम्झौता रद्द भइसकेको र अर्को Anesthesia Work Station को बोलपत्र पेस गर्ने फर्म East-West Concern Pvt. Ltd. को बोलपत्र स्वीकृत भई उक्त फर्मसँग भएको सम्झौताअनुसार सामान (मेसिन) जडान भई सेवा सञ्चालनसमेत हुन गई बोलपत्रको कार्यान्वयन नै भइसकेकोले रिट निवेदनको औचित्य नै समाप्त भएको देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कालिबहादुर साम्यू लिम्बू

इति संवत् २०७५ साल चैत्र १४ गते रोज ५ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री टंकबहादुर मोक्तान,** *०७५-WH-०२३४, बन्दीप्रत्यक्षीकरण, बबरजंगबहादुर सिंह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदक बन्दीलाई कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका, वडा नं.१६ घसिता बजारबाट मिति २०७६।०१।२७ मा पक्राउ गरी थुनामा राखेकोमा निजलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी यस अदालतबाट मिति २०७६।०३।२५ मा बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई कैलाली जिल्ला अदालतबाट मिति २०७६।०३।२७ मा थुनामुक्त गरिएकोमा निज निवेदकलाई सोही साँझ पुनः थुनामा राखिएको देखिने।

निवेदकलाई विपक्षी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले मिति २०७६।३।२८ मा कैलाली राजमार्ग एरियामा उच्छृङ्खल गतिविधि गरी शान्ति, सुरक्षासमेतमा खलल पुऱ्याउने गरी हुलहुज्जत गरेकोले निजलाई नियन्त्रणमा लिन खोज्दा प्रहरी कर्मचारीउपर गाली गलौज गरेको भनी निवेदकउपर सार्वजनिक शान्ति विरूद्धको कसुरमा कञ्चनपुर जिल्ला प्रशासनको कार्यालयबाट अनुसन्धानको लागि म्याद थप गरी थुनामा राखेको देखियो । विपक्षी कञ्चनपुर जिल्ला प्रशासनको कार्यालयबाट निवेदकलाई थुनामा राखी अनुसन्धान गर्न दिएको आदेशमा मनासिब आधार र कारण नै उल्लेख गरेको नपाइने।

उल्लिखित विवेचित तथ्य आधारबाट

निवेदक बन्दी बबरजंगबहादुर सिंहलाई कैलाली जिल्ला अदालतबाट मिति २०७६।०३।२७ मा थुनामुक्त गरिएकोमा सोही साँझ पुनः प्रहरीले नियन्त्रणमा लिई विपक्षी जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले थुनामा राखेको कार्यमा बन्दीलाई जसरी पनि थुनामा राख्ने प्रवृत्त धारणा बनाएको देखियो। अर्कोतर्फ विपक्षी कञ्चनपुर जिल्ला प्रशासनको कार्यालयबाट निवेदकउपर थुनामा राखी अनुसन्धान गर्न दिएको आदेशमा थुनामा राखी मुद्दाको अनुसन्धान गर्न यो, यसकारणले अनुमति दिएको भन्ने कुनै आधार र कारण नै उल्लेख गरेको पाइएन। मनासिब आधार, कारण नखुलाई निवेदकलाई थुनामा राखी अनुसन्धान गर्न भनी जिल्ला प्रशासन कार्यालयबाट भएको आदेश कानूनसङ्गत नभई कानूनप्रतिकूल बन्दी बनाइएको भन्ने देखिन आयो। जसबाट निवेदकको संविधान प्रदत्त वैयक्तिक स्वतन्त्रताको हक गैरकानूनी तवरबाट हनन् हुन गएको देखिन आउने।

अतः उपर्युक्तानुसार विपक्षीहरूबाट निवेदकलाई गैरकानूनी थुनामा राखेको देखिन आएकोले निवेदकलाई गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७६ साल श्रावण ६ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०५१३, उत्प्रेषण, विजयकुमार लजान वि. नेपाल दूरसञ्चार प्राधिकरण काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका, कमलादीसमेत*

नेपाल दूरसञ्चार प्राधिकरणले ६ नम्बर प्रदेशको ३ जिल्लामा To Build Broadband Network and Provide Internet Access Connectivity Services सम्बन्धी कार्य गर्न इजाजत प्राप्त व्यक्तिबाट Request For Application (RFA) माग गरी मिति २०७४।०५।१६ (सन् 2017 September 1) मा सूचना प्रकाशित भएको देखिन्छ। उक्त सूचनाअनुसार तोकिएको म्यादभित्र Mercantile Communication Pvt. Ltd., Vianet Communication Pvt. Ltd., World Link Communication Pvt. Ltd., Broadlink Communication Pvt. Ltd., Techmind Communication Pvt. Ltd. समेत जम्मा ५ वटा प्रस्तावहरू परेको देखिने।

बोलपत्र प्राप्त भएपश्चात् मूल्याङ्कन कमिटिको पहिलो बैठकबाट प्राधिकरणले जारी गरेको RFA को मुल योग्यताको दफा नं.५ मा Eligible Applicants को व्यवस्थाअन्तर्गत ५.३ मा The Applicant shall have Minimum Annual Revenue of Rs.1,00,00,000.00 in the last fiscal year भन्ने आवश्यक योग्यता तोकेको, टाइपको गल्तीले गर्दा RFA को Application to Datasheet ITA No.17.1 मा Minimum Annual Rural Telecommunication Development Fund of NRs.1,00,00,00.00 for last three Consecutive years भन्ने व्यवस्था भुलवश उल्लेख हुन गएकोले सो व्यवस्थालाई Annual Revenue को रूपमा कायम गरी सोहीअनुसार पर्न आएका प्रस्तावदाताहरूको आवेदन प्रस्तावको मूल्याङ्कनको कार्य अगाडि बढाउने निर्णय भएको र दूरसञ्चार ऐन, २०५३ को दफा ३० अनुसार खडा भएको कोषको सरकारी रकमबाट अनुदान दिई बोलपत्रअनुसारको कार्य गराउनको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीबमोजिम न्यून मूल्याङ्कित र सारभूत रूपमा प्रभावग्राही देखिएको प्रस्तावलाई छनौट गर्नुपर्ने व्यवस्थाबमोजिम टेकमाइन्ड नेटवर्क प्रा.लि. लाई छनौट गर्ने निर्णय भएको हो। सार्वजनिक खरिद ऐन,

२०६३ को दफा २७ बमोजिम मिति २०७४।०९।१८ मा LOI (Letter of Intent) प्रकाशित गरी प्रस्ताव छनौटको जानकारी अन्य बोलपत्रदाताहरूलाई समेत दिएको भन्ने विपक्षी नेपाल दूरसञ्चार प्राधिकरणको लिखित जवाफबाट देखिन्छ । यी रिट निवेदक उक्त मिति २०७४/०९/१८ को LOI (Letter of Intent) समेत बदर गरिपाउँ भनी प्रस्तुत रिट यस अदालतमा प्रवेश गरेको देखिने ।

विपक्षी नेपाल दूरसञ्चार प्राधिकरणबाट सम्पूर्ण प्रक्रिया पूरा भई LOI समेत जारी भइसकेको निर्णयमा चित्त नबुझेमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०४ बमोजिम जमानत राखी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५० बमोजिम पुनरावलोकन समितिसमक्ष निवेदन दिनुपर्नेमा यी निवेदकलगायत अन्य बोलपत्र प्रक्रियामा सहभागी हुने कुनै पनि पक्षबाट उजुरी नपरेबाट छनौट भएको टेकमाइन्ड नेटवर्क प्रा.लि. र नेपाल दूरसञ्चार प्राधिकरणबिच मिति २०७४।१०।२७ मा खरिद सम्झौता भएको देखिन्छ । खरिद सम्झौताअनुसार टेकमाइन्ड नेटवर्क प्रा.लि.लाई नेपाल दूरसञ्चार प्राधिकरणको तर्फबाट रू.२,७६,८७,९५५।२० पहिलो किस्ता पेस्कीसमेत भुक्तानी भएको देखिने ।

निवेदक एकातर्फ कानूनले तोकेको पुनरावलोकनको प्रक्रियामा नगई उल्टै आफूले बोलपत्रसाथ राखेको बिड बन्ड फुकुवा गरिपाउँ भनी मिति २०७४।१०।२८ मा नेपाल दूरसञ्चार प्राधिकरणमा निवेदन दिई सोही मितिमा च.नं. १७७० को पत्रबाट बिडबन्डसमेत फुकुवा भइसकेको देखिन्छ । उल्लिखित तथ्यबाट रिट निवेदक कानूनले निर्दिष्ट गरेको उपचारको प्रक्रियामा नगई विपक्षीबाट बोलपत्र सम्बन्धमा भएको कारबाहीलाई स्वीकार गरेको देखिने ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा १ मा बोलपत्रदाताले बोलपत्रसाथ तोकिएबमोजिम जमानत पेस गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३ को उपनियम उपनियम २ मा बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधिभन्दा कम्तीमा तीस दिन बढीको हुनुपर्ने छ" भन्ने व्यवस्था रहेको देखिन्छ । उल्लिखित व्यवस्थाअनुसार बोलपत्र मान्य हुनको लागि बोलपत्र जमानत (Bid Bond) को अवधिसमेत अनिवार्य रूपमा कायम हुनुपर्ने देखिन्छ । निवेदक प्रा.लि. ले बोलपत्रबापत राखेको बिडबन्ड फुकुवा गरी पाउन निवेदन दिएको र सोही निवेदनका आधारमा नेपाल दूरसञ्चार प्राधिकरणबाट बिडबन्ड फुकुवा गरिदिएको हुनाले बोलपत्रको मान्य अवधिको लागि जरूरी रहेको बोलपत्र जमानत (Bid Bond) को अवधि कायम रहिरहने अवस्था नदेखिने ।

तसर्थ: रिट निवेदनमा विपक्षी बनाइएका नेपाल दूरसञ्चार प्राधिकरण र टेकमाइन्ड नेटवर्क प्रा. लि. बिच मिति २०७४।१०।१७ मा खरिद सम्झौता भइसकेको र रिट निवेदक वल्डलिंक कम्युनिकेसन प्रा.लि.ले बोलपत्रको प्रयोजनको लागि राखेको Bid Bond फुकुवा गरिपाउँ भन्ने मिति २०७४।१०।२८ को निवेदनको आधारमा नेपाल दूरसञ्चार प्राधिकरणबाट Bid Bond फुकुवासमेत भइसकेको हुँदा अब निवेदनको औचित्य समाप्त भइसकेको देखियो । अत: प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः नविन खनाल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७६ साल आषाढ ९ गते रोज २ शुभम् ।

## इजलास नं.१०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-१२९६, हालैको बकसपत्र दर्ता बदर हक कायम दर्ता, *रामपुकार*

*रौनियार वि. किरणकुमारी रौनियारसमेत*

प्रस्तुत मुद्दामा विपक्षी आमा सरस्वती देवीले मेरो अंशहक लाग्ने सगोलको सम्पत्ति जिल्ला पर्सा, नगरानी गा.वि.स. वडा नं. १ कि.नं. १०१४ ज.वि. ०-०-५ र सो जग्गामा बनेको घरसमेत विपक्षीहरू किरण कुमारी र विष्णुकुमार रौनियारलाई मिति २०६७।५।१७ मा र.नं. १४३३(क) बाट हालैको बकसपत्रको लिखत गरिदिएकोले सो घरजग्गामध्ये ४ खण्डको १ खण्ड लिखत बदर गरी मेरो नाममा दर्तासमेत गरिपाउँ भन्ने फिराद दाबी रहेको देखिन्छ । वादीले दाबी लिएको घरजग्गा वादी दाबीबमोजिम निज वादी तथा प्रतिवादीहरूसमेतका नाममा अंश भाग लाग्ने हो । दाबीबमोजिम निजले आफ्नो अंश भाग लिएमा आपत्ति छैन भन्ने कुरा प्रतिवादी किरणकुमारी रौनियारसमेतको प्रतिउत्तर जिकिर रहेको मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिने।

पुनरावेदक वादीले दाबी लिएको प्रस्तुत विवादित हालैको बकसपत्रको लिखत हेर्दा वादी रामपुकार रौनियार आफैँ साक्षी बसी लिखतको किनारामा सहीछापसमेत गरी लिखत पारित भएको देखिन्छ । मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. मा भएको कानूनी व्यवस्थालाई अनदेखा गरी विवादित लिखतमा आफ्नै सहीछाप गरेको कुरालाई मलाई थाहा जानकारी नदिई आमा सरस्वती देवीले दिदी किरणकुमारी र भान्जा विष्णुकुमारलाई हालैको बकसपत्र गरी रजिस्ट्रेसनसमेत गरिदिएकाले मेरो अंश भागमा पर्ने हकजतिको लिखत बदर गरिपाउँ भनी यो वादीले फिराद दायर गरेको कुरालाई सही सत्य मान्न मिल्ने भन्ने देखिएन। त्यसरी आफू साक्षी बसी पारित भएको लिखत बदर गर्न पाउनु पर्छ भन्ने अधिकार यी पुनरावेदक वादीलाई रहे भएको भन्ने ऐनको मनसाय रहेको पनि पाइँदैन। उक्त लिखत गरिदिने पुनरावेदक वादीकी आमा सरस्वती देवीले आफ्नी छोरी किरण कुमारीसमेतको नाममा अंशियार छोरा वादीलाई साक्षी राखी बकसपत्र गरिदिएको अवस्था मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिएको अवस्था छ। यसरी उक्त विवादित भनिएको लिखतमा वादी स्वयं साक्षी बसी लिखत पारित गरी दिएपश्चात् निजसमेतको सल्लाह र सहमतिबाट नै आमा सरस्वती देवीको नाममा दर्ता रहेको जग्गा दिदी किरणकुमारी रौनियारसमेतका नाउँमा बकसपत्र गरिदिएको लिखतबाट वादीलाई थाहा नदिई लिखत पारित गरी आफ्नोसमेत अंशहकमा आघात पुऱ्याएको भन्न मिल्ने नहुँदा पुनरावेदक वादीको अंशहक जतिको लिखत बदर हुनुपर्छ भनी यी पुनरावेदक वादीका तर्फबाट उपस्थित रहनु भएका वैतनिक अधिवक्ता श्री शोभा कार्कीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणहरूबाट वादीको सहमतिविना हालैको बकसपत्र गरिदिएको देखिँदा फिराद दाबीबमोजिम वादी दाबीको भागजति बदर भई हक कायम दर्ता हुने ठहऱ्याई भएको सुरू पर्सा जिल्ला अदालतबाट भएको मिति २०७०।१।२४ को फैसला उल्टी गरी वादी दाबी पुग्न नसक्ने ठहऱ्याई भएको पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०७१।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : गीता श्रेष्ठ / डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७४ साल पौष ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-००९७, बन्दीप्रत्यक्षीकरण, *मोहम्मद मुन्ना वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत*

बालबालिकाको उमेर के-कसरी निर्धारण गर्ने भन्ने सम्बन्धमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ८३ ले प्राथमिकताक्रम निर्धारण गरेको देखिन्छ। अस्पतालबाट जारी भएको बालबालिकाको

जन्मदर्तामा उल्लिखित जन्ममिति तथा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममितिलाई प्राथमिक क्रममा समावेश गरिएको पाइन्छ। विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममितिसमेत उमेर निर्धारणको आधार बन्दछ। निवेदक मोहम्मद तुफानको हकमा त्रि.वि. शिक्षण अस्पतालबाट परीक्षण गरी राय (प्रतिवेदन) दिइएअनुसारको उमेरलाई नै यस मुद्दाको प्रयोजनका लागि वास्तविक उमेर हो भनी मान्नुपर्ने देखिन आउने । यसबाट महोम्मद तुफान नाबालक नभई १८ वर्ष पूरा भएका साबालक हुन् भन्ने देखिन आएको छ। निवेदकले उमेरका सम्बन्धमा पेस गरेको आधार कार्डमा उल्लिखित उमेरलाई ग्रहण गर्न सकिने कुनै विश्वसनीय प्रमाण प्रस्तुत हुन आएको पाइएन। निज मोहम्मद तुफानले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर १९ वर्ष भनी लेखाएको देखिन्छ। यसरी निवेदक नाबालक हुन् भन्ने तथ्य नै स्थापित भएको नदेखिएको हुँदा अहिले नै निजलाई बालबालिकासम्बन्धी ऐन, २०७५ बमोजिम सुविधा प्रदान गर्न मिलेन। निजलाई गैरकानूनी तवरबाट बन्दी बनाएको भन्ने अन्य कुनै कारण देखिन नआएको र न्यायिक प्रक्रियाका सन्दर्भमा मुद्दामा पुर्पक्षका लागि थुनामा राखेको भन्ने देखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७५ साल फागुन २१ गते रोज ३ शुभम्।

*३*

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७५-WH-०१५९, बन्दीप्रत्यक्षीकरण, *मोहन माया कार्की वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनको लागि कुनै व्यक्तिलाई गैरकानूनी किसिमले थुनामा राखेको अवस्था हुनु पर्छ। निवेदकको पति मोहनबहादुर कार्कीलाई सङ्गठित रूपमा हातहतियार खरखजाना ओसारपसार तथा सञ्चय मुद्दा थान-१, सङ्गठित रूपमा हातहतियार खरखजाना, विष्फोटक पदार्थको ओसारपसार, सञ्चय तथा सार्वजनिक सम्पत्तिमा विष्फोट गराएको मुद्दा थान-१ र सङ्गठित रूपमा आगजानी गरेको मुद्दा थान-१ गरी ३ थान मुद्दामा महानगरीय प्रहरी परिसर काठमाडौं, टेकुले काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ११ माइतीघरबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, संखुवासभा चैनपुरमा पठाएको देखिन्छ। जिल्ला प्रहरी कार्यालय, संखुवासभा चैनपुरले कानूनबमोजिम पटकपटक जिल्ला अदालत संखुवासभाबाट म्याद थप लिई जिल्ला सरकारी वकिल कार्यालयमार्फत मिति २०७६।१।१६ मा प्रस्तुत मुद्दाको अभियोगपत्र दायर गरेको पाइयो। संखुवासभा जिल्ला अदालतको मिति २०७६।१।१७ गतेको थुनछेक आदेशअनुसार मोहनबहादुर कार्की साधारण तारेखमा छुटिसकेको कुरा उक्त अदालतको लिखित जवाफसमेतबाट देखिन्छ । यसरी निवेदकलाई सङ्गठित अपराधसमेतको विभिन्न ३ वटा मुद्दामा अनुसन्धान गर्ने क्रममा प्रचलित कानूनबमोजिम अदालतको समेत अनुमति लिई पक्राउ गरेको देखिएको र पक्राउ गरिसकेपछि अनुसन्धानको लागि अदालतबाट म्याद थप गरी हिरासतमा राखी अदालतको आदेशबमोजिम साधारण तारेखमा छुटिसकेको देखियो। निवेदक मोहनबहादुर कार्की मुद्दा पुर्पक्षको क्रममा संखुवासभा जिल्ला अदालतको आदेशले साधारण तारेखमा छुटिसकेकाले प्रस्तुत निवेदनको प्रयोजन नै समाप्त भइसकेको देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने।

अतः निवेदक बन्दी अवस्थामा रहेको

नदेखिँदा मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन । निवेदन खारेज हुने ।

इजलास अधिकृत : डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७६ साल वैशाख १९ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७६-WH-००३३, बन्दीप्रत्यक्षीकरण / उत्प्रेषण, *प्रेम पुरी वि. विशेष अदालत, बबरमहलसमेत*

प्राकृतिक न्यायको सिद्धान्त यान्त्रिक विषयवस्तु होइन । निवेदकले वतन नै नभएको वतन उल्लेख गरी म्याद तामेल भएको कारणले सुनुवाइको मौकाबाट वञ्चित हुन पर्‍यो भनी लिएको जिकिर दाबीका सम्बन्धमा हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकलाई तोकेको मिति २०७०।१२।०५ को तारेख निवेदकले गुजारी बसेको देखिएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७१।०१।२४ गते विशेष अदालतमा मुद्दा दर्ता भएपछि निवेदक प्रेम पुरीको नाउँमा विशेष अदालत काठमाडौंबाट जारी भएको १५ दिने म्याद निजको एकासगोलको आमाले दुईजना साक्षीहरू र कर्मचारीको रोहवरमा मिति २०७१।०३।०९ गते बुझेको देखिन्छ । विशेष अदालत काठमाडौंबाट मिति २०७२।०३।०३ मा निवेदकउपरको कसुर ठहर्ने गरी फैसला भएको र समयको अन्तरालमा गा.वि.स. परिवर्तन भई हाल नगरपालिका भएको कारणले वडा नं. समेत फरक परेको देखिए तापनि निवेदकको घरद्वारमा गई कानूनको प्रक्रिया अवलम्बन गरी निवेदकको आमालाई म्याद बुझाएको कुरा म्याद तामेली बेहोरासमेतबाट देखिन आएको र निवेदकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा बयान गरी आयोगले तोकेको तारेख छोडी बसेको भन्नेसमेत मिसिलबाट देखिँदा सुनुवाइको मौकाबाट वञ्चित हुनुपर्‍यो भन्ने निवेदकको भनाइ बेहोरा तथ्यपरक देखिन नआएकोले मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन पर्ने नदेखिने ।

अतः निवेदकले सुनुवाइको मौकाबाट वञ्चित हुनुपर्‍यो भन्ने निजको भनाई विश्वासयोग्य र भरपर्दोसमेत नदेखिँदा आफूलाई लागेको अभियोगका सम्बन्धमा छानबिनको क्रममा तोकिएको तारेख छोडेर बसेको स्थिति र अवस्थाले सुनुवाइको मौका पाइन भन्ने निवेदकको भनाइ सत्य तथ्यमा आधारित नभई मनासिबसमेत नदेखिएकोले निवेदकको प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : अम्बिकाप्रसाद दहाल

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल भाद्र २४ गते रोज ३ शुभम् ।

- ०७६-WH-००३४, बन्दीप्रत्यक्षीकरण / उत्प्रेषण, *प्रेम पुरी वि. विशेष अदालत, बबरमहलसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७५-WH-०१११, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

२०७३ को स.फौ.नं. ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको नाउँमा तामेल भएको म्याद कानूनसम्मत छ वा छैन भन्ने प्रश्न सम्बन्धमा विचार गर्दा रोशनकुमार खड्गी र प्रकृति श्रेष्ठको नाउँमा काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद मिति २०७३।८।१ मा घरदैलोमा टाँस गरी म्याद तामेल भएको देखिन्छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११० नं. मा भएको कानूनी व्यवस्थाअनुसार सम्बन्धित व्यक्तिको घरमा एकाघरका उमेर पुगेको व्यक्ति भेट भएन भने घर दैलामा टाँस गरी म्याद तामेल गर्न सकिने नै देखिन्छ । ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको ठेगाना काठमाडौं जिल्ला, का.म.न.पा.

वडा नं. १३ कालिमाटी टंकेश्वर भनी उल्लेख भएको पाइन्छ । निवेदकहरूको रिट निवेदनमा समेत निजहरूको ठेगाना काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १३ कालिमाटी टंकेश्वर नै उल्लेख भएको देखियो । सोबाहेक अर्को वतन हो भनी निवेदकहरूले देखाउन सकेको पनि पाइएन । काठमाडौं जिल्ला अदालतबाट यी निवेदकहरूको नाउँमा म्याद जारी हुँदा निवेदकहरूको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १३ कालिमाटी टंकेश्वरमा निवेदकहरूको घरदैलोमा नै म्याद तामेल भएको पाइयो । म्याद तामेल गर्दा काठमाडौं जिल्ला का.म.न.पा वडा नं.१३ कालिमाटी बस्ने विमल शाक्य र अमृत श्रेष्ठलाई साक्षी राखी काठमाडौं महानगरपालिकाको वडा नं. १३ का सहायक प्रशासकीय प्रमुख विमला देवी कार्कीलाई रोहवरमा राखिएको देखियो । म्याद तामेल हुँदाका बखत स्थानीय जनप्रतिनिधि नभएको अवस्थामा सम्बन्धित वडाको सहायक प्रशासकीय प्रमुखले नै सो हैसियतमा म्याद तामेलीको रोहवरमा बसी तामेल भएको म्यादलाई बेरितको मान्न मिल्ने नदेखिने ।

निवेदक मधुकृष्ण नापितको हकमा प्रमोद नापित विपक्षी काठमाडौं जिल्ला अदालतसमेत भएको ०७३-WH-००९४ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा निवेदकको घरदैलोमा म्याद तामेल भई उक्त तामेली म्यादमा वडाको प्रशासकीय प्रमुखले जनप्रतिनिधिको हैसियतले रोहवरमा बसेको म्यादलाई रीतपूर्वक तामेल भएको भनी यस अदालतबाट मिति २०७४।७।८ मा आदेश (फैसला) भएको पाइन्छ । उक्त आदेश (फैसला) मा लिइएका समान सिद्धान्तसमेतका आधारमा ०७३ को स.फौ.नं. ०२९० को ठगी मुद्दामा यी निवेदकहरूको नाउँको म्याद निजहरूको घरदैलोमा टाँस भएको म्यादलाई रीतपूर्वक नै तामेल भएको मान्नुपर्ने देखिने ।

अत: विवेचित आधार कारणहरूसमेतबाट यी निवेदकहरू प्रतिवादी भएको २०७३ को स.फौ. नं. ०२९० को ठगी मुद्दामा निवेदक प्रतिवादीहरूलाई मुद्दाको रोहमा भएको फैसलाअनुसार ठहर भएको कैद र जरिवानाबापत कानूनबमोजिम कैदी पुर्जी दिई थुनामा राखिएको कार्यलाई गैरकानूनी थुना भनी मान्न मिलेन । निवेदकहरूलाई कानून प्रतिकूल बन्दी बनाएको देखिन नआएकोले निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- डल्लुराम चौधरी

कम्प्युटर : विजय खड्का

इति संवत् २०७६ साल वैशाख २० गते रोज ६ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०७५-WH-०११२, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*
- ०७५-WH-०११३, बन्दीप्रत्यक्षीकरण, *रोशनकुमार खड्गीसमेत वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७६-WH-००१६, बन्दीप्रत्यक्षीकरण, *सत्यमान लामा वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतबाट निवेदकको नामको म्याद काठमाडौं जिल्ला विशालनगर घर नं. १११ बस्ने वर्ष ६५ को सत्यमान लामा नामको ३० (तिस) दिने समाह्वान म्याद भनी म्याद जारी भई मिति २०७५।९।१८ मा बेपत्ते तामेल भई आएको देखिन्छ । पेस हुन आएको निजको नागरिकताको प्रमाणपत्रबाट निजको वतन काभ्रे जिल्ला पुरानो गाउँ गा.वि.स वडा नं. ७ हो भन्ने देखियो । अभियोगपत्रमा उल्लिखित विशालनगर घर नं. १११ भन्ने वतन निवेदकको वास्तविक वतन हो भनी देखिने कुनै प्रामाणिक आधार प्रस्तुत हुन आएको

नपाइने।

प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै पनि व्यक्तिलाई निज विरूद्ध लागेको अभियोगको सम्बन्धमा जानकारी दिई प्रतिवादको अवसर प्रदान गर्नु आवश्यक हुन्छ। प्रतिवादीका नाममा म्याद सूचना पठाउनुको उद्देश्य निज विरूद्ध चलेको मुद्दामा प्रतिवादको अवसर प्रदान गर्नु हो। यो न्यायिक कामकारबाहीमा औपचारिकता निर्वाह गर्ने विषय मात्र होइन। म्याद सूचना तामेल गरिएको व्यक्तिले जानकारी पाउन सक्ने गरी वास्तविक बसोबास रहेको स्थानमा रीतपूर्वक म्याद तामेल हुनु आवश्यक ठानिन्छ। गलत वतन उल्लेख गरी तामेल भएको म्याद सूचनाबाट प्रतिवादको अवसर प्रदान भएको सम्झन मिल्दैन। जारी गरिएको म्याद नै बेरितको छ भने त्यस्तो म्यादका आधारमा प्रतिवादको अवसर प्राप्त भएको मान्न सकिँदैन। परिणामत: प्रतिरक्षा गर्नबाट वञ्चित गरी भएका फैसला एवं काम कारबाही स्वच्छ सुनुवाइको सिद्धान्तविपरीत हुन पुग्ने।

निवेदक प्रतिवादी सत्यमान लामाको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको वतन काभ्रे जिल्ला पुरानो गाउँ गा.वि.स. वडा नं. ७ उल्लेख भएको देखियो। निजका नाउँमा उक्त बैंकिङ कसुरको मुद्दा चलाउँदा र म्याद जारी गरी पठाउँदा जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ विशालनगर वस्ती घर नं. १११ भनी उल्लेख भएको पाइयो। सो वतन निजको वास्तविक वतन हो भन्ने तथ्य पुष्टि हुने कुनै आधार प्रमाण पेस हुन आएको मिसिल संलग्न प्रमाणबाट देखिन आएन। मिति २०७५।९।१८ मा तामेल भएको भनिएको म्यादसमेत कुन घरद्वारमा तामेल गरेको हो सो स्पष्ट रूपमा खुल्न आएको देखिएन। यसबाट प्रतिवादीले रीतपूर्वक प्रतिवादको मौका पाएको मान्न मिलेन।

अत: रिट निवेदक सत्यमान लामाउपर प्राकृतिक न्यायको सिद्धान्त प्रतिकूल कारबाही र फैसला भएको देखिँदा निजका नाउँमा मिति २०७५।९।१८ मा तामेल भएको भनिएको बेरितको तामेली म्याद, सो आधारमा भएको उच्च अदालत पाटनको मिति २०७६।२।६ को फैसला र सो फैसलाअनुसार काठमाडौं जिल्ला अदालतबाट जारी भएको निजको नाउँको मिति २०७६।०४।९ को कैदी पुर्जीसमेत उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निज प्रतिवादी सत्यमान लामालाई कारागार कार्यालयबाट झिकाई विवादित बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनमा उपस्थित गराई निजको बयान लिने, थुनछेक आदेश गर्ने, प्रमाण बुझ्नेलगायतका जो जे प्रक्रिया पूरा गर्नुपर्छ गरी कानूनबमोजिम मुद्दामा पुन: फैसला गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ। उपर्युक्तअनुसार जारी भएको उत्प्रेषण तथा परमादेशको आदेशको परिणामस्वरूप निवेदकले कानूनी उपचार प्राप्त गरेको र अन्य तथ्यगत एवं कानूनी प्रश्नको निरूपण सुनुवाइका क्रममा हुने नै भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न नपर्ने। इजलास अधिकृतः दुर्गाप्रसाद बस्याल, ओजा लामिछाने

इति संवत् २०७६ साल श्रावण २४ गते रोज ६ शुभम्।

## इजलास नं.११

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-CI-१२५०, निषेधाज्ञा, आलम गिरी अन्सारीसमेत वि. जिल्ला प्रहरी कार्यालय, बारा कलैयासमेत

नागरिक अधिकार ऐन, २०१२ को दफा ४, ६ ले प्रदान गरेको अधिकारहरू कानूनबमोजिम बाहेक अपहरण हुन नसक्ने र कुनै विषयमा कुनै कसैको उजुर गर्न आएमा सो निकायलाई तत्कालै त्यस्तो उजुरी वा निवेदनउपर कारबाही नगर्नु भनी निषेधाज्ञा जारी गर्न मिल्ने देखिँदैन। जुन निकायमा निवेदन वा उजुरी पर्न आएको अवस्थामा सामान्य प्रारम्भिक छानबिन गरी

विधि र प्रक्रियाबमोजिम गर्नुपर्ने हुँदा कानून छाडी कसैको दबाब र प्रभावमा व्यक्तिगत दुर्भावना राखी सरकारी निकाय वा अधिकारीले कसैलाई थुन्ने वा दु:ख दिने गर्नु हुँदैन। अदालतले यस्तै अपेक्षा राखेको हुन्छ। बालिग भएसकेका इमतियाज अन्सारी र ब्युटी कुमारी भन्ने सयाना अन्सारीबिच माया प्रेम र सम्बन्धलाई लिएर दुई समुदायका व्यक्तिहरूबिच केही वैमनस्य रहनु स्वाभाविकै हुन्छ। यस्तो अवस्थामा प्रहरी प्रशासनले समेत सद्भाव खलबल्याउने गरी निवेदकहरूको निजी विषयलाई लिई अन्यथा कुनै कारबाही गरिहाल्छ भनी विश्वास गरिहाल्नुपर्ने अवस्था नहुँदा पुनरावेदन जिकिर पुग्न नसक्ने।

अत: उल्लिखित आधार, कारणसमेतबाट निवेदकको नागरिक हक अपहरण हुने आशंकाको स्थिति रहे भएको कुनै वस्तु तथ्य मिसिलमा नहुँदा निषेधाज्ञाको आदेश जारी गर्न मिलेन भनी रिट खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७३।३।२२ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७४ साल पुस २६ गते रोज ४ शुभम्।

## २

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७६-WH-००२६, (०७६-FN-०११४), बन्दीप्रत्यक्षीकरण, जयस्नु गुरूङ वि. उच्च अदालत पाटनसमेत*

यिनै निवेदकउपर उच्च अदालत पाटनबाट मिति २०७५।४।१४ मा फैसला भएका २ वटा बैंकिङ कसुरका मुद्दा (०७४-CB-००९० र ०७४-CB-०१५३) उपर यिनै निवेदक प्रतिवादी जयस्नु गुरूङको यस अदालतमा मिति २०७५।१२।१३ मा ०७५-RB-०६७१ र ०७५-RB-०६७२ नं. का पुनरावेदन परी अन्तिम फैसला हुन बाँकी नै रहेको र निवेदकको कानूनी उपचार प्राप्त गर्ने साधारण क्षेत्राधिकारको बाटो समाप्त भइसकेको नदेखिने।

जहाँसम्म निवेदकले आफ्नो रिट निवेदनमा उठाएको यस अदालतबाट मिति २०७६।३।९ मा फैसला भएको पुनरावेदक प्रतिवादी निर्मला सोडारी प्रत्यर्थी वादी नेपाल सरकार भएको ०७५-RB-०५६४ नं. को बैंकिङ कसुर मुद्दा छ उक्त मुद्दामा पनि यस अदालतबाट मिति २०७६।५।५ मा पुनरावलोकनको (०७६-RV-००२२) निस्सा प्राप्त भई अन्तिम फैसला हुन बाँकी नै देखियो। यस स्थितिमा संयुक्त इजलासबाट भएको फैसलालाई अन्तिम मान्न मिलेन। यस स्थितिमा उक्त मुद्दाकै आधारमा निवेदकको थुना गैरकानूनी हो भन्न मिल्ने अवस्था पनि देखिएन। साथै यी निवेदकको पुनरावेदनसमेत यस अदालतमा विचाराधीन रहेको अवस्थामा क्षेत्राधिकारको प्रश्न पनि सोही मुद्दाबाट निरूपण हुने नै देखिने।

अतः उल्लिखित आधार, कारणसमेतबाट काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।७।१८ मा जारी भएको निवेदक नाउँको कैदी पुर्जी र सोबमोजिमको थुनासमेत कानूनसम्मतको नै देखिँदा निवेदन मागबमोजिमको बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७६ साल भाद्र १५ गते रोज १ शुभम्।

## ३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७६-WH-००६६, बन्दीप्रत्यक्षीकरण / उत्प्रेषण / परमादेश, रामबहादुर ब्लोन वि. कारागार कार्यालय, नख्खु, ललितपुरसमेत*

रिट निवेदकको निवेदन मागदाबीबमोजिम गैरकानूनी थुनाबाट थुनामुक्त गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने सन्दर्भमा, रिट निवेदकलाई

पर्सा वन्यजन्तु आरक्ष कार्यालय, आधाभार बाराबाट ९ वर्ष कैद र रू. १,००,०००/- जरिवाना हुने ठहरी फैसला भएकोले कैदीपुर्जीअनुसार निजलाई नियमानुसार सिदा खान पाउने गरी थुनामा राखिएको र रिट निवेदक पाटेबाघको छाला र हड्डी ओसारपसार मुद्दामा सजाय भुक्तान गरिरहेका व्यक्ति हुन् । निज रिट निवेदकको मुद्दा कारागार नियमावली, २०२० को नियम २९ मा कैद कट्टा (कैद छोट्याउन) गर्न नमिल्ने मुद्दाको सूचीमा रहेको हुँदा निवेदकको माग दाबीबमोजिम कैद कट्टा हुन सक्ने अवस्था छैन भन्ने लिखित जवाफ पेस भएको पाइन्छ । निवेदनसाथ पेस हुन आएको पर्सा वन्यजन्तु आरक्ष कार्यालय, आधाभार, बाराको फैसला अध्ययन गरी हेर्दा, निवेदक रामबहादुर ब्लोन पाटेबाघ शिकार गरी त्यसको छाला र हड्डी ओसारपसार गरेको मुद्दामा मिति २०६७।१२।१६ देखि २०६८।१।८ सम्म अनुसन्धानको क्रममा र मिति २०६८।१।९ बाट मुद्दा हर्ने अधिकारीको आदेशले हालसम्म थुनामा बसेको देखिन्छ । रिट निवेदकले उक्त पर्सा वन्यजन्तु आरक्ष कार्यालय, आधाभार बाराको फैसलालाई चुनौती दिई उक्त फैसलाउपर पुनरावेदन गरेको नभई फैसलालाई स्वीकार गरी बसेको देखिएबाट मिति २०६७।१२।१६ देखि हालसम्म थुनामा नै बसेको अवस्थालाई गैरकानूनी थुनामा रहेको भन्न मिल्ने नदेखिने ।

अतः उपर्युक्त विवेचित आधार र कारणसमेतको आधारमा हाल निवेदक गैरकानूनी थुनामा रहेको भन्न सकिने अवस्था नहुँदा बन्दीप्रत्यक्षीकरणको रिट जारी हुनुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । साथै आवश्यक विधि र प्रक्रिया अविलम्ब तयार गरी ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२(१) तथा कारागार नियमावली, २०२० को नियम २९(२)(क) समेतका प्रचलित नेपाल कानूनबमोजिम निज रिट निवेदकले कैद छुट पाउने सुविधाको सम्बन्धमा शीघ्र निर्णय गर्नु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत: ताराकुमारी शर्मा, करूणा श्रेष्ठ
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७६ साल असोज १० गते रोज ६ शुभम् ।

४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७०-CI-१२६६, बेलगती मोही लगत कट्टा, पुनदेव महतो नुनिया वि. मधुसुदन प्रसाद जयसवाल*

विवादित कि.नं.३६को ज.बि.०-१५-१२ जग्गाको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि हेर्दा जग्गाधनी रामअधार राय यादवको नाम र मोहीको नाममा यी पुनरावेदक प्रतिवादी पुनदेव महतो नुनियाका बाबु बतहु महतो नुनियाको नाम उल्लेख भएको देखिन्छ । निज बतहु महतो नुनियाको मिति २०४८।०९।०५ मा मृत्यु भएको देखिएकोमा निज मृतकको नामबाट नै यी पुनरावेदक प्रतिवादी पुनदेव महतो नुनियाबाट साबिक जग्गाधनी रामअधार राय यादवले बि.सं.२०५५,२०५६ र २०५७ सालको कुलबाली बुझी लिएका भरपाइसमेत मिसिल सामेल रहेछन् । साथै उक्त कि.नं.३६को ज.बि.०-१५-१२ जग्गा मिति २०६४।०९।०२ मा खरिद गरी लिएपश्चात् सोमध्ये ज.बि.०-७-१६ कि.नं.३१७ कायम गरी फूलकुमारी देवी र ज.बि.०-७-१६ कि.नं.३१६ कायम गरी विरेन्द्रप्रसाद यादवलाई राजीनामा गरिदिएको र निज दुवैको नामको जग्गाधनी प्रमाणपुर्जामा मोहीको महलमा यी पुनरावेदक प्रतिवादीका बाबु बतहु महतो नुनियाको नाम नै उल्लेख भएको देखिने ।

मिति २०६४।०९।०२ मा साबिक जग्गाधनी रामअधार राय यादवबाट राजीनामा गरी खरिद गरी लिएकामा करिब एक महिनामा मिति २०६४।१०।१० मा नै मोहीको लगत कट्टा गर्न निवेदन दिने यी प्रत्यर्थी वादीले सो जग्गा प्राप्त गर्दा मोहियानी लागेकै जग्गा

हो भन्ने जानीबुझी खरिद गरी प्राप्त गरेको मान्नुपर्ने देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को वि.सं. २०५३ सालमा भएको संशोधनपछि मोहियानी हकको लगत कट्टा हुन सक्ने नदेखिने।

प्रत्यर्थी वादी मधुसुदन प्रसाद जयसवालले साबिक जग्गाधनी रामअधार राय यादवबाट मिति २०६४।०९।०२ मा राजीनामा गरी खरिद गरी लिँदा विवादित उक्त कि.नं.३६ को जग्गामा कायम रहेका मोही बतहु महतो नुनियालाई स्वीकारी आफ्नो जग्गाधनी प्रमाणपुर्जामा लगत कायम गरी आएको पाइएको र बतहु महतो नुनियाको मृत्युपश्चात् निजका छोरा पुनरावेदक प्रतिवादी पुनदेव महतो नुनियाले मुद्दा सकार गरेको अवस्था हुँदा पुनरावेदक प्रतिवादी लोकनाथ उपाध्याय विरूद्ध प्रत्यर्थी वादी देवीमाया भट्टराईसमेत भएको मोही बाली मुद्दामा **"संवैधानिक व्यवस्था, कानूनी व्यवस्था र सर्वोच्च अदालतसमेतद्वारा प्रतिपादित सिद्धान्तबमोजिम स्थापित मान्यताको विपरीत भूमिसम्बन्धी ऐनमा २०५३ सालको चौथो संशोधन र २०५८ सालको पाँचौं संशोधनपश्चात् बाँडफाँटको कार्य स्वतः हुनुपर्ने व्यवस्था भएकोले तत्पश्चात्को कुतबाली दिलाई मोही निस्काशन गरिपाउँ भनी मुद्दा चलेकोमा कुत नबुझाएको भनी मोही निस्कासन गर्नु संविधान र कानूनसम्मत नदेखिने"** भनी (संवत् ०६१ सालको दे.पु.नं.२३, फैसला मिति ०६२।०५।२३, ने.का.प.२०६२, अङ्क ६, नि.नं. ७५४९), प्रतिवादी तुलसी राउत प्रत्यर्थी वादी उमादेवी अग्रवाल भएको बेलगती मोही मुद्दामा **"जग्गाधनी प्रमाणपुर्जा, फिल्डबुकसमेतबाट मोही देखिएको र प्रत्यर्थी वादीले बुझेको अंश भरपाइसमेतमा मोही स्वीकार गरेको, साबिक जग्गाधनीले मोहीमा विवाद नउठाई मोही भागेको मात्र भनेको। तर सालबसाली मोहीले कुतबाली बुझाई आएको देखिएबाट मोहीलाई वादी दाबीबमोजिम मोही महलबाट नाम कट्टा हुने गरी गरेको भूमिसुधार कार्यालय, बाराको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नदेखिँदा उल्टी हुने ठहर्छ"** भनी (संवत् ०६३ सालको दे.पु.नं.०८८५, फैसला मिति ०६६।०५।०५) र पुनरानेदक, गोपालभक्त माथेमा विरूद्ध प्रत्यर्थी रामपुजन यादव भएको मोही प्रमाणपत्र मुद्दामा **"वास्तविक रूपमा आफ्नो श्रमबाट खेती किसानी गरी मोहीको हैसियतमा जग्गा कमाउने व्यक्तिले लगत भर्न छुट भएकै आधारमा निजलाई मोही हकबाट विमुख गराउन नमिल्ने। दर्ता स्रेस्ताका कागजात फिल्डबुक तथा स्वयं मोहीको रूपमा स्वीकार गरी कुतबाली बुझी भरपाइ गरी दिएको अवस्थामा लगत भरी अनुसूची प्रकाशित नभएको भन्ने आधारमा मात्र कायम रहेको मोही हक समाप्त गर्न कानूनले आत्मसात् गरेको भावना तथा उद्देश्यविपरीत हुने हुँदा युक्तिसङ्गत नदेखिने"** भनी (संवत् ०६५ सालको दे.पु.नं. ०६४५, फैसला मिति ०६६।११।१४ सर्वोच्च अदालत बुलेटिन, २०६७ जेठ पूर्णाङ्क ४२९, पृष्ठ ३९) मा प्रतिपादित सिद्धान्तहरू प्रस्तुत मुद्दामा आकर्षित हुने नै देखिँदा मोही लगत कट्टा हुने गरी भएको सुरू भूमिसुधार कार्यालय, बाराको निर्णयलाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको देखिएन। सो हुँदा उक्त निर्णयहरू सदर हुनुपर्दछ भन्ने प्रत्यर्थी वादीको फिराद दाबी एवं लिखित प्रतिवाद र निजको तर्फबाट बहस प्रस्तुत गर्नुहुने विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित तथ्य, कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तसमेतको आधारमा वादी दाबीबमोजिम मोही लगत कट्टा गर्ने गरी सुरू भूमिसुधार कार्यालय, बाराको मिति २०६५।०३।०८ को निर्णयलाई सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६६।११।१० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई मोही लगत कट्टा

गरिपाउँ भन्ने प्रत्यर्थी वादीको दाबी पुग्न नसक्ने।
इजलास अधिकृतः- भीमप्रसाद भुसाल
कम्प्युटर:- मञ्जु खड्का
इति संवत् २०७६ साल श्रावण २२ गते रोज ४ शुभम्।

५

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०७२-CI-१७३७, अंश चलन, ताराप्रसाद कायस्थ वि. तिलकप्रसाद कायस्थ*

वि.सं. २०३४ साल पौष २७ गतेभन्दा अघि बन्डापत्र खडा गरी वा नगरी घरसारमा नरम गरम मिलाई अचल सम्पत्ति अंशबन्डा गरी छुट्टिएको रहेछ भने रजिस्ट्रेसन नभए पनि बन्डा भएको सदर हुन्छ। यसमा आफ्नो आफ्नो हिसाब भाग शान्तिबमोजिम लिई पाई दाखिल खारिजसमेत गराइसकेको रहेछ वा बन्डाबमोजिम आफ्नो आफ्नो भागको अचल सम्पत्ति छुट्टाछुट्टै भोग बिक्री व्यवहार गरेकोमा व्यवहार प्रमाणबाट बन्डा भइसकेको ठहरेमा रजिस्ट्रेसन भएको छैन वा बन्डा घटीबढी असल कमसल भयो भन्न पाइँदैन भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यी वादी र प्रतिवादीकी आमा तुल्सी प्रभाको २०३० सालमा मृत्यु भएपछि आमाका नाउँमा रहेका जग्गाहरू वादी र प्रतिवादीका नाउँमा नामसारी भएको देखिन्छ। उक्त नामसारी निणर्यउपर वादीले कानूनका म्यादभित्र उजुरी गरेको अवस्था देखिँदैन। यसैगरी प्रतिवादी तिलकप्रसाद कायस्थका नाउँमा दर्ता भएको बर्दिया जिल्लाअन्तर्गतको जग्गा बिक्री गर्नको लागि वादीलाई नै २०४०/०२/२२ मा अधिकृत वारेसनामा पास गरी दिँदा प्रतिवादीले आफूखुस गर्न पाउने जग्गा भनी उल्लेख गरेको पाइने।

पुनरावेदक वादीले आफ्नो नाउँमा रहेका जग्गामध्ये विलास चमारलाई मिति २०३८/०३/०८ मा तिर्थराम कुमारलाई मिति २०३८/०४/०८ मा जुलखु कुर्मीलाई मिति २०४५/०१/२१ मा मेघनाथ बर्तौला र रामगोपाल राढलाई मिति २०४५।२।२१ मा बेचन कुर्मीलाई मिति २०२५।२।२५ मा कृष्णप्रसाद अर्याल, सोमनाथ पौडेल, चिरन्जिवी थपलिया र महेश्वर खनाललाई मिति २०४६/०१/२१ मा र कलाधर अर्याललाई मिति २०४७/०२/३१ मा आफ्नो नाममा दर्ता रहेको जग्गामध्ये केही जग्गा अलगअलग लिखत गरी बिक्री गरेको देखिन्छ। यसैगरी यिनै वादीका जेठी पत्नीतर्फका छोरालाई मिति २०४७/०३/२५ मा अंश भरपाइ गर्दा प्रतिवादीलाई र प्रतिवादीको छोरालाई अंश दिँदा वादीलाई अन्तर साक्षी राखेको बेहोरा मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ। सबै कागजात गर्दा कहीँ पनि हामी दाजुभाइबिच अंशबन्डा हुन बाँकी छ भनी उल्लेख भएको पाइँदैन। यसैगरी यी वादीकी जेठी पत्नी देवकी कायस्थले दायर गरेको अंश मुद्दामा मिति २०६५/०८/२६ मा प्रतिउत्तर दर्ता गर्दासमेत यी वादीले आफ्ना दाजुभाइबिच अंशबन्डा हुन बाँकी रहेको भनी उल्लेख गरेको नदेखिँदा यी वादी ताराप्रसाद कायस्थ र प्रतिवादी तिलकप्रसाद कायस्थबिच लिखत खडा गरी अंशबन्डा नभए पनि व्यवहार प्रमाणबाट २०३४/०९/२७ भन्दा अगाडि नै अंशबन्डा भई आ-आफ्नो भागमा परेको जग्गाको ७ नं. फाँटवारी भरी सोहीबमोजिम नापीमा दर्ता गरी बिक्री व्यवहार गरेको र आफ्ना छोराहरूलाई समेत आ-आफ्नो अंश भागबाट अंशबन्डा गरी दिएको देखिन आउने।

यसरी पुनरावेदक वादीले हामीहरूबिच अंशबन्डा भएको छैन भने तापनि व्यवहार प्रमाणबाट वादी प्रतिवादीबिच घरसारमा नै अंशबन्डा भई आ-आफ्नो भागको जग्गा बिक्री व्यवहारसमेत गरेको देखिँदा हामी दाजुभाइबिच हालसम्म पनि अंशबन्डा भएको छैन, अंशबन्डा गरिपाउँ भन्ने वादी दाबी वस्तुनिष्ठ प्रमाणको अभावमा पुग्न सक्ने देखिन आएन। मिसिल संलग्न दुवै पक्षबिच भएको जग्गाको अलग अलग बिक्री व्यवहार एवम् जग्गा जमिनको ७ नं. फाँटवारीको बेगल व्यवस्थापन र आफ्नो तल्लो

पुस्ताका छोराहरूलाई अंश भरपाइ गरिदिएको कागजसमेतको आधार कारणबाट यस अदालतले मुद्दा दोहोर्‍याई हेरी पाउन दिएको निस्साको आधार र उल्लिखित नजिरको व्याख्यासँग सहमत हुन सकिएन । प्रस्तुत विवादमा वादी प्रतिवादीबिच बन्डापत्रको लिखत नभए पनि निजहरूको समग्र व्यवहारबाट बन्डा भई छुट्टिई अलग अलग बसेको र व्यवहार भएको देखिँदा पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित मिसिल संलग्न मुद्दाको आधार तथ्य र प्रमाणबाट यी वादी र प्रतिवादीबिच मिति २०३४/९/२७ भन्दा अगाडि नै व्यवहार प्रमाणबाट घरसारमा नै अंशबन्डा भई आ-आफ्नो नाउँका जग्गा भोग चलन र बिक्री व्यवहारसमेत गरेको देखिँदा हामीबिच अंशबन्डा भएको छैन प्रतिवादीबाट अंश दिलाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६६।१।२७ को फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८/०८/०५ को फैसला कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तेजप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७६ साल जेठ ७ गते रोज ३ शुभम्।

६

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०६८-WO-०८०६, उत्प्रेषण / परमादेश, कोमलकुमार होडा (श्रेष्ठ) समेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण अनामनगरसमेत*

काठमाडौं जिल्ला साबिक चाबहिल पञ्चायत वडा नं. ६(ख) कि.नं. ६५ को ०-१-०-० र कि.नं. १८ को ०-३-३-० को घरजग्गा मा.पो.का.काठमाडौंको मिति २०३३।११।४ र.नं.२५०५ को पारित लिखतबमोजिम रिट निवेदकहरूका पिता हिराभाइका नाउँमा आएको र निजले तत्कालीन काठमाडौं उपत्यका नगर विकास योजना काठमाडौंको पत्रानुसार काठमाडौं नगरपालिकाको मिति ०३८।९।३।६ र मिति २०३९।९।१८ को निर्णयअनुसार सो जग्गामा नक्सा पास गरी २०४० सालमा घर निर्माण गरी नगरपालिकालाई घर करसमेत बुझाउँदै आएको देखिन्छ। नापी हुँदा कि.नं. ६५ र कि.नं. १८ जग्गा नयाँ नापीको कि.नं. ६२ कायम भई सोको क्षेत्रफल ०-४-१-१ कायम भएको र निवेदकहरूले अंशियारबिचमा मिति २०४९।१।१० मा र.नं.१०८८७/२ बाट अंशबन्डा गर्दा उक्त कि.नं. ६२ को जग्गा कित्ताकाट भई कोमलकुमार होडा श्रेष्ठको नाउँमा कि.नं. ३२६, विमलकुमार होडाको नाउँमा कि.नं. ३२५ र ३२८, निर्मल होडाको नाउँमा कि.नं. ३२७ तथा कोमल/ विमल र निर्मलकुमार होडा श्रेष्ठसमेतको संयुक्त नाउँमा कि.नं. ३२९ कायम भएको मिसिल संलग्न दर्ता स्रेस्ताबाट देखिन्छ भने उल्लिखित कि.नं. ३२५, ३२६, ३२७, ३२८ र ३२९ समेतका जग्गाहरू तत्कालीन श्री ५ को सरकारको मिति २०६१।७।३० को निर्णयअनुसार चोकहरूसहितको गौशाला-चाबहिल सडकलाई चौडा गरी सुधार गर्न भनी जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट मिति २०६१।११।१८ मा गोरखापत्रमा सूचना प्रकाशित भई कोमलकुमारको नाममा रहेको कि.नं. ३२६ को क्षेत्रफल ०-०-१-१ मध्ये ०.४५ ब.मि. र निर्मलकुमारको नाममा रहेको कि.नं. ३२७ को क्षेत्रफल ०-१-०-३ मध्ये १३.९३ ब.मी. जग्गा अधिग्रहणमा परेको र विमलकुमार होडा श्रेष्ठसमेतको नाममा रहेको कि.नं. ३२५, ३२८ र ३२९ समेतका जग्गाहरूको मुआब्जा सम्बन्धमा डिभिजन सडक कार्यालयबाट पत्राचारसम्म भएको र सोदेखि बाहेक अन्य कुनै पनि कारबाही भएको तथा सूचनामा उल्लिखित जग्गाधनीहरूले मुआब्जा प्राप्त गरेको बेहोरा कार्यालयको अभिलेखमा नरहेको साथै बाँकी जग्गासमेत पूरै सडकमा परेको भनी

डिभिजन सडक कार्यालय, काठमाडौंको च.नं. १३४४।०७३।७४ मिति २०७३।१०।१२ को पत्रबाट खुल्न आएको देखिने।

संवैधानिक र कानूनी व्यवस्थालाई हेर्दा सार्वजनिक हित, लाभ वा उपयोगको लागि नेपाल सरकारले व्यक्तिको जग्गा प्राप्त गर्न सक्ने नै देखियो । तर सो कार्यको लागि व्यक्तिको कानूनी हकभोग स्वामित्वको सम्पत्ति राज्यले अधिग्रहण गर्दा निश्चित कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने र अधिग्रहण गरिएको त्यस्तो सम्पत्तिको मुआब्जा / क्षतिपूर्ति दिनुपर्ने कुरालाई पनि सुनिश्चित गरेको देखिन्छ । कानूनी प्रक्रियाअनुसार क्षतिपूर्ति वा मुआब्जा नदिइकन व्यक्तिको सम्पत्ति सार्वजनिक हित, लाभ वा उपयोगको लागिसमेत नेपाल सरकारले प्राप्त गर्न सक्ने अवस्था नदेखिने।

प्रस्तुत रिट निवेदनमा उत्प्रेषण र प्रतिषेधको समेत माग गरेको देखिन्छ। उत्प्रेषणको माग सम्बन्धमा विचार गर्दा रिट निवेदकहरूले विपक्षीहरूको के कुन मितिको निर्णय बदर हुनुपर्ने हो स्पष्टसँग निवेदनमा उल्लेख गर्न सकेको देखिँदैन। विपक्षीबाट **"घरजग्गा प्राप्त गर्ने काम कारबाही एवम् निर्णय गरेको देखिए"** भन्ने वाक्यांश राखी अनुमानको आधारमा उत्प्रेषणको माग गरेको देखिन्छ। यस्तो अस्पष्ट जिकिरको आधारमा उत्प्रेषणको आदेश जारी हुन सक्ने देखिँदैन । त्यस्तै प्रतिषेधको माग सम्बन्धमा विचार गर्दा निवेदकहरूको तर्फबाट बहसको क्रममा हाल उक्त घरहरू भत्काई बाटो विस्तार भइसकेको भन्ने कुरा खुल्न आएको र उल्लिखित घरजग्गा बाटोमा परिसकेको भन्ने कुरालाई डिभिजन सडक कार्यालयको पत्रसमेतबाट पुष्टि भएको देखिन्छ । लिखित जवाफ तथा लगाउको रिट निवेदनबाट समेत उक्त जग्गामा परेको बाटोमा ग्राभेल भई कालोपत्रे गर्ने चरणमा सूचना जारी भइसकेको भन्ने देखिएको र निवेदकहरूले घरजग्गाको क्षतिपूर्ति माग गरेको अवस्था विद्यमान रहेको सन्दर्भमा प्रतिषेधको आदेशसमेत आकर्षित हुन सक्ने नदेखिने।

निवेदकहरूको परमादेशको माग सम्बन्धमा हेर्दा रिट निवेदकहरूले ०३८/०३९ सालमा नै काठमाडौं नगर पञ्चायतबाट नक्सा पास गरी २०४० सालमा नै घर निर्माण गरेको र घरजग्गाको मालपोत बुझाउँदै आएको देखिन्छ । मिति २०३३।११।४ मा रिट निवेदकको बुबा र काकाको बिचमा अंशबन्डा हुँदा उल्लिखित कि.नं. १८ र कि.नं. ६५ को जग्गा निवेदकको बुबाको नाउँमा परेको देखिन्छ। उल्लिखित जग्गाहरू नयाँ नापीमा कि.नं. ६२ कायम भई क्षेत्रफल ०-४-१-१ भएको र सो जग्गा २०४९।१।१० को अंश बन्डाले निवेदकहरूको हकमा आई सो साबिक कि.नं. ६२ को जग्गा कित्ताकाट भई क्रमशः कि.नं. ३२५, ३२६, ३२७, ३२८ र ३२९ गरी पाँच कित्ता कायम भएको देखिन्छ । सडक निर्माण गर्ने क्रममा उक्त घरजग्गा रहेको एरिया सडक विस्तारभित्र पर्ने भएपछि मिति २०६१।११।१८ को सूचनाबमोजिम रिट निवेदकहरूले मुआब्जाको लागि निवेदन दिएको देखिएको र मुआब्जा लिन आउनु भनी भनेकोमा निवेदकहरूले सो घरजग्गाको मुआब्जा लिइसकेको भनी विपक्षीबाट कुनै कागज प्रमाण पेस गर्न सकेको देखिँदैन । विपक्षीबाट सो जग्गाहरू २०३१ सालमा नै अधिग्रहण भएको भनी जिकिर लिएको देखिए पनि सो जग्गा अधिग्रहण गर्दा रिट निवेदकहरूले मुआब्जा लिइसकेको भन्ने खुलाउन सकेको पनि देखिँदैन। रिट निवेदकहरूले ०३८/०३९ सालमा नै नक्सा पास गरी कानूनबमोजिम नै घर निर्माण गरेको देखिन्छ। विपक्षी डिभिजन सडक कार्यालयले सडक विस्तार गर्ने क्रममा कसैको जग्गा वा घरजग्गा पर्ने भएमा त्यस्तो जग्गा वा घरजग्गा कानूनबमोजिमको प्रक्रिया पूरा गरी क्षतिपूर्ति दिन वा दिन नपर्ने भए सोको कारणसहितको जानकारी जग्गा वा घरजग्गा धनीलाई दिनुपर्ने हुन्छ। यसमा निवेदकहरूलाई सोअनुसारको कुनै जानकारी दिएकोसमेत नदेखिने।

रिट निवेदकहरूले मिति ०३८/०३९ मा कि.नं. १८ र ६५ को जग्गा देखाएर साबिक काठमाडौं नगर पञ्चायतबाट नक्सा पास गरेको देखिन्छ। विपक्षीले २०३१ सालको सूचना निस्केको भनी भने तापनि सोबमोजिमको जग्गा प्राप्त नै गरेको भनी निवेदकहरूलाई सूचना प्राप्त हुन सकेको देखिँदैन। नयाँ नापी हुँदा सो कि.नं. १८ र ६५ को जग्गा कि.नं. ६२ भएको संलग्न लालपुर्जाबाट देखिएको छ। सर्वे नापीको नक्सा हेर्दा कि.नं. ६२ को जग्गामा घर बनेको देखिन्छ। सो जग्गामा घर बनेको र सडक विस्तारमा घर भत्केको भन्ने रिट निवेदनबाट खुल्न आएको देखिन्छ। नक्सामा समेत घर देखिएको छ। उपर्युक्त तथ्यबाट २०६१ सालको सूचनामा जग्गाको अस्तित्व छैन भन्न मिल्ने देखिएन। कानूनबमोजिमको प्रक्रिया पूरा गरी घर भत्काउनुपर्नेमा २ कित्ता जग्गाको मात्र जग्गा प्राप्ति ऐन, २०३४ अनुसार सूचना जारी गरेको र बाँकी ३ कित्ताको सूचना जारी गरेको देखिएन। २०६८ सालमा सडकको पुनः विस्तार हुँदा बाँकी ३ कित्ता पनि सडकमा परिसकेको भन्ने डिभिजन सडक कार्यालयको २०७३।१०।१२ को पत्रबाट पुष्टि भएको देखिएकोले अब पुनः जग्गा प्राप्ति ऐनबमोजिम सूचना प्रकाशित गरी मुआब्जा दिने भन्ने कुरा निरर्थक हुन जाने देखिने।

उपर्युक्त विवेचित आधार, कारणसमेतबाट रिट निवेदकहरूको नाउँमा दर्ताको कि.नं. ३२५, ३२६, ३२७, ३२८ र ३२९ जग्गा तथा घरसमेत सडक विस्तारको क्रममा परिसकेको र निवेदकहरूले घरजग्गाको क्षतिपूर्तिसमेत माग गरेको देखिएकोमा विपक्षी डिभिजन सडक कार्यालयले सो घरजग्गाहरू अधिग्रहणमा परिसकेको भनी जिकिर लिएको देखिए पनि रिट निवेदकहरूले सो घरजग्गाको मुआब्जा / क्षतिपूर्ति पाइसकेको भनी भन्न सकेको देखिँदैन। संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम सार्वजनिक हित, लाभ वा उपयोगको लागि नेपाल सरकारले व्यक्तिको जग्गा प्राप्त गर्न सक्ने देखिए तापनि व्यक्तिको कानूनी स्वामित्वको सम्पत्ति अधिग्रहण गर्दा निश्चित कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने र अधिग्रहण गरिएको त्यस्तो सम्पत्तिको मुआब्जा / क्षतिपूर्ति दिनुपर्ने कुरालाई सुनिश्चित गरेको देखिन्छ। जग्गा प्राप्तितर्फ कारबाही गरिएको विषयमा निवेदकले कानूनबमोजिमको मुआब्जा प्राप्त गरिसकेको भनी विपक्षीहरूले भन्न सकेको नदेखिँदा रिट निवेदकहरूले घरजग्गाको मुआब्जा / क्षतिपूर्ति नपाएको भए के कति क्षतिपूर्ति प्राप्त गर्नुपर्ने हो यकिन गरी कानूनबमोजिम मनासिब क्षतिपूर्ति दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: महेन्द्रबहादुर कार्की, तेजप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल जेठ ९ गते रोज ५ शुभम्।

७

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-MS-००२०, अदालतको अवहेलना, प्रमोद श्रेष्ठ वि. नेपाल उद्योग वाणिज्य महासङ्घ, शहीद शुक्र एफ.एन.सी.सी.आई. मिलन मार्ग, पचली टेकुसमेत*

नेपाल उद्योग वाणिज्य महासङ्घको विधान, २०४९ को दफा ४६.३ (छ) ले सक्रिय रूपमा राजनीतिमा लागेमा अध्यक्ष तथा उपाध्यक्षको पदसमेत रिक्त हुने व्यवस्था गरेको अवस्थामा यी निवेदक प्रमोद श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासङ्घको उपाध्यक्ष पदमा रहेकै अवस्थामा म्याग्दी जिल्लाको वेनी नगरपालिकाको मेयर पदका लागि उम्मेदवारी दिई प्रत्यक्ष रूपमा राजनीतिमा संलग्न रहेको स्थितिमा निज नेपाल उद्योग वाणिज्य महासङ्घको उपाध्यक्ष पदमा रही काम काज गर्न सक्ने स्थिति नभई निजको उक्त पद स्वतः रिक्त भएको हुँदा नेपाल उद्योग वाणिज्य महासङ्घबाट उक्त रिक्त पदका लागि निर्वाचनको

प्रक्रिया अगाडि बढाएको कुरालाई पनि अन्यथा भन्न मिल्ने नदेखिने।

यसै लगाउको ०७४-WO-०१२५ को उत्प्रेषण परमादेश रिट निवेदनमा यस अदालतबाट मिति २०७५।५।१५ मा एक न्यायाधीशबाट विपक्षीहरूको नाउँमा कारण देखाउ आदेश जारी भई मिति २०७५।५।२७ को छलफलको मितिसम्मका लागि निर्वाचनसम्बन्धी काम कारबाही नगर्नु नगराउनु भनी आदेश भए पनि यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।७।१४ मा पूर्ण सुनुवाइको लागि पेस गर्नु भन्ने आदेश भएको र उद्योग वाणिज्य महासङ्घको रिक्त रहेको उपाध्यक्ष पदमा निर्वाचन गर्ने कार्य अर्को आदेश नहुँदासम्मको लागि स्थगित गर्ने भन्ने सम्बन्धमा कुनै पनि आदेश नभएको स्थितिमा विपक्षी उद्योग वाणिज्य महासङ्घबाट उक्त रिक्त उपाध्यक्षको पदको निर्वाचन मिति २०७४।११।२५ मा गर्ने भनी कार्यतालिका प्रकाशन गरेउपर निवेदकले प्रस्तुत अदालतको अवहेलनामा कारबाही गरिपाउँ भनी दिएको निवेदनमा पनि यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०७४।११।१६ मा र संयुक्त इजलासबाट मिति २०७४।११।२३ मा समेत उक्त निर्वाचनको कार्य स्थगित गर्नु भनी कुनै आदेश जारी नभई विपक्षी उद्योग वाणिज्य महासङ्घबाट मिति २०७४।५।१९ मा स्थगित भएको निर्वाचन मिति २०७४।११।२५ मा सम्पन्न गरिसकेको स्थितिलाई समेत विश्लेषण गर्दा पनि विपक्षीहरूबाट यस अदालतको आदेशको अवहेलना गरेको भन्न मिल्ने पनि देखिन नआउने।

अतः निवेदक प्रमोद श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासङ्घको उपाध्यक्ष पदमा रहिरहेकै अवस्थामा सक्रिय रूपमा राजनीतिमा संलग्न भएको देखिँदा नेपाल उद्योग वाणिज्य महासङ्घको विधान, २०४९ को दफा ४६.३ (छ) बमोजिम यी निवेदकको पद रिक्त भई उक्त पदमा मिति २०७४।११।२५ मा निर्वाचन भई सो पदसमेत पूर्ति भइसकेको र निवेदक वारेसले समेत प्रस्तुत निवेदनमा यस अदालतबाट तोकी पाएको मिति २०७६।२।३० को पेसी तारेखसमेत गुजारी बसेको देखिँदा निवेदन मागबमोजिम अदालतको अवहेलनामा विपक्षीहरूलाई कारबाही गरिपाउँ भन्ने निवेदन दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: विष्णु पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल भाद्र १६ गते रोज २ शुभम्।

८

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०४९३, ०६७५, भ्रष्टाचार घुस रिसवत, नरेन्द्रकुमार साउद वि. नेपाल सरकार*

प्रतिवादीहरू नरेन्द्रकुमार साउद र टिकाराम जोशीबाट भए गरिएको कार्य भ्रष्टाचार निवारण ऐन, २०४९ को दफा ३ को उपदफा १ को कानूनी व्यवस्थाको परिभाषाभित्र परे नपरेको सम्बन्धमा निजहरूको पुनरावेदन जिकिरतर्फ हेर्दा उजुरवाला सन्तोष यादव, जय नारायण यादव र गौरव गुप्ता तीनैजनाले आफूहरूले अत्तरियाका स्थानीय व्यापारीहरूका अर्डरबमोजिमका लत्ता कपडालगायतका सरसामानहरू धनगढी बजार तथा भारतको गौरीफन्टा तर्फबाट खरिद गरी साइकलमा राखी स्थानीय व्यापारीहरूलाई बिक्री गर्ने काम गरी आएकोमा हामीले यसरी ल्याएका सर सामानहरूको कम भन्सार तिरेको तथा न्यून बिजक गर्ने गरेको भनी राजश्व अनुसन्धान मध्यपश्चिम तथा सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, कोहलपुरअन्तर्गतको कैलाली अत्तरिया स्थित अस्थायी चेक पोष्टका नायब सुब्बा नरेन्द्रकुमार साउदले जनही रू.१५,०००।– (पन्ध्र हजार) का दरले रकम दिएमा मात्र काम गर्न दिने, अन्यथा काम गर्न नदिने भनी (घुस र रिसवत) माग गरेकोले रू.४५,०००।– (पैंतालिस हजार रूपैयाँ) आयोगबाटै हामीलाई

उपलब्ध गराई पाउँ भन्नेसमेत बेहोराको संयुक्त उजुरी निवेदन दिई मागबमोजिमको रकम बुझी लिएको र मार्क लगाइएका उक्त नोटहरूसमेत रू.६०,०००।– (साठी हजार रूपैयाँ) मिति २०७४।५।५ गते कार्यालय समयमा करिब ३.०० बजे प्रतिवादी टिकाराम जोशीले लगाइरहेको हाफ पाइन्टको अगाडिको दायाँ खल्तीबाट रङ्गेहात बरामद भएको भन्ने बरामदी मुचुल्का र सो बरामदी मुचुल्का निज प्रतिवादीहरूको रोहवरमा भई निजहरूबाट सनाखतसमेत भएको देखिने।

प्रतिवादीहरूमध्ये नायब सुब्बा नरेन्द्रकुमार साउँदले बोलेको शब्दहरूको उतारको बेहोरा आयोगसमक्ष गरेको बयानमा उल्लेख गरेको **म सन्तोष यादव र गौरव गुप्ताले मिति २०७४।५।५ गते कञ्चनपुर स्थित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा निवेदन दिई अख्तियारले नै PHENOLPHTHALEN लगाई उपलब्ध गराएको रू.४५,०००।- (पैंतालिस हजार रूपैयाँ) बुझी लिई सो रकम नरेन्द्रकुमार साउदलाई घुसबापत दिन सन्तोष यादव र म निजकै अफिसतर्फ जाँदै गर्दा निजले मलाई फोन गरी एकजनाको पन्ध्र हजारको दरले चारजनाको साठी हजार ल्याउनु भनेकाले निज नरेन्द्रकुमार साउदले मागेबमोजिम हामीले अख्तियारबाट बुझी ल्याएको रकममा रू.१५,०००।- (पन्ध्र हजार) थपी जम्मा रू.६०,०००।- (साठी हजार) बनाई सो रकम नरेन्द्रकुमार साउदलाई दिन खोज्दा निजले यता क्यामरा छ, उता गएर टिकाराम जोशीलाई देउ भनेकाले उक्त घुस रकम कार्यालय सहयोगी टिकाराम जोशीलाई दिई हामी फर्केका हौं। निजहरूलाई घुस दिएको रकममध्ये रू.१५,०००।- (पन्ध्र हजार रूपैयाँ) मेरो रकम भएकोले मलाई फिर्ता दिलाई पाउँ भन्नेसमेत बेहोराको निवेदक जय नारायण यादवको घटना विवरण** कागज बेहोरासँग मेल खानुलाई संयोग मात्र हो भन्न मिलेन। निज प्रतिवादी **नरेन्द्रकुमार साउद उक्त घुस रिसवतबापतको रकम लिनखानमा लालायित भई तारतम्य मिलाएका रहेनछन् भन्न पनि नमिल्ने।**

एउटा कार्यालय सहयोगी पदीय हैसियत भएको व्यक्तिले कार्यालय समयभित्र आफ्नो कार्यस्थलमा यति ठुलो रकम रू.६०,०००।– (साठी हजार रूपैयाँ) आफ्नो कार्यालयको आफूभन्दा माथिल्लो ओहोदाको कार्यालय प्रमुखलाई नसोधी नचिने नजानेको व्यक्तिले दिँदा सार्वजनिक पद धारण गरेको निज राष्ट्रसेवक टिकाराम जोशीले नसोधी नबुझी उक्त रकम लिई आफ्नो खल्तीमा राख्ने कार्य सेवाग्राहीबाट लिने खाने नियतबाट भए गरिएको देखिँदा आफैँमा गैरकानूनी प्रकृतिको भई सो कार्य घुस रिसवतको परिभाषाअनुरूपको देखिने।

यसमा अनुसन्धानको क्रममा अभियोजन पक्षले विद्युतीय माध्यमबाट सङ्कलन गरी प्रतिवेदनसाथ पेस भएको श्रव्यदृश्ययुक्त भि.सि.डी.को **लिपीबद्ध उतार** हेर्दा वार्तालापको क्रममा यी पुनरावेदक प्रतिवादीहरूमध्येका नरेन्द्रकुमार साउदले **"पैसा लिने कि नलिने, के गर्ने, हँ गुरु ? मेरो नाम आयो भने म जान्नेवाला छैन, नदेउ बरू। उता जाउ, क्यामरा छ"** भन्ने शब्दहरू बोलेको अभिलेख तथा **"मबाट बरामद भएका बरामदी मुचुल्कामा नम्बर उल्लेख भएबमोजिमका रू.१,०००।- (एक हजार) दरका नोटहरू थान-४५ (पैंतालिस) र रू.५००।- (पाँच सय) दरका नोटहरू थान-३० (तिस) निवेदकहरूले भारततर्फबाट भन्सार छली ल्याएका सामानहरू राजस्वले नसमातोस् भनी घुसबापत दिएका हुन्। नायब सुब्बा नरेन्द्रकुमार साउदले लिई राख्नु भनेअनुसार मैले निवेदक सन्तोष यादवसमेतबाट सो रकम लिई आफ्नो हाफ पाइन्टको खल्तीमा राखेको हुँ"** भन्ने निज तिकाराम जोशीको भनाई, निजको सँगसाथबाट सो रकम रङ्गेहात बरामद भएको अवस्थासमेतका मिसिल संलग्न प्रमाणबाट उजुरवालाहरूसँग उक्त घुस रिसवत लिने कार्य

प्रतिवादीहरू नरेन्द्रकुमार साउद र टिकाराम जोशीको आपसी सल्लाह र सहमतिबाट भए गरिएको पुष्टि हुने।

यस स्थितिमा निज प्रतिवादीहरूले आ-आफ्ना पुनरावेदन जिकिरमा उल्लेख गर्नुभएका नजिर सिद्धान्तसमेत प्रस्तुत मुद्दामा आकर्षित हुने नदेखिकाले निज प्रतिवादीहरूका साक्षीहरूले प्रतिवादीहरू असल चालचलन भएका मानिस हुन्, घुस रिसवत लिएका होइनन् भनी बकपत्र गरेकै आधारमा मात्र यी प्रतिवादीहरूबाट अभियोग दाबीबमोजिमको कार्य भए गरिएको रहेनछ भनी पुनरावेदन जिकिर र पुनरावेदकहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, उल्लिखित आधार, प्रमाण र कारणबाट प्रतिवादीहरू नरेन्द्रकुमार साउद र टिकाराम जोशीले उजुरवाला सन्तोष यादवसमेतबाट रू.६०,०००।- (साठी हजार रूपैयाँ) घुस रिसवत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) तथा दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको अभियोग दाबीबमोजिम निज प्रतिवादीहरू नरेन्द्रकुमार साउद र टिकाराम जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) र ३(१)(ग) बमोजिम जनही ४(चार) महिना कैद र बिगोअनुरूप रू.६०,०००।–(साठी हजार रूपैयाँ) जरिवानासमेत हुने ठहराई विशेष अदालत काठमाडौंबाट मिति २०७५।३।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भिमप्रसाद भुसाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७६ साल भदौ ३१ गते रोज ३ शुभम्।

## इजलास नं.१२

### १

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CR-११८९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजकुमार चेम्जोङ*

प्रस्तुत मुद्दामा यी प्रतिवादी राजकुमार चेम्जोङले मृतक महेन्द्र लिम्बूको ज्यान मार्ने मनसायले पूर्वरिसइवी राखी सोही रिसइवीका कारण योजना बनाई लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी, हानी, रोपी, घोची निजको ज्यान मारेको भन्ने देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा ***"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ"*** भन्ने कानूनी व्यवस्था छ। वारदातमा प्रतिवादीको ज्यान मार्ने मनसाय रहेको देखिँदैन, तत्काल उठेको रिसको आवेगमा काठको दाबिलोले प्रहार गरेको अवस्था छ। प्रतिवादीउपरको अभियोग मागदाबीबमोजिमको कसुर वादी पक्षले स्वतन्त्र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको देखिन आएन। यसर्थ निज प्रतिवादीउपर अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिमको कसुर ठहर गरी ऐ. १३(३) नं.बमोजिम सजाय गर्न मिल्ने देखिन नआउने।

निज प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी एवम् मनसाय भएको देखिँदैन। प्रतिवादी राजकुमार चेम्जोङले मृतक महेन्द्र लिम्बू आफ्नी श्रीमतीसँग कुराकानी, ख्यालठट्टा गरेको एवम् अश्लील शब्दले गाली गरेकोले सो कुरा सहन नसकी, तत्काल उठेको रिस थाम्न नसकी, सोही रिस आवेशका कारण जाँड पकाउन प्रयोग गरिने काठको दाबीलोले पेटमा १ पटक प्रहार गर्दा सोही चोट पीरका कारण निज महेन्द्र लिम्बूको मृत्यु भएको देखिन्छ। यहाँ प्रतिवादीले मृतकलाई पटकपटक प्रहार गरेको अवस्था नभई रिस

एवम् आवेगमा आएको अवस्थामा सोही झोँकमा १ पटक मात्र प्रहार गरेको अवस्था छ। कसैले कसैलाई पटकपटक प्रहार गर्नुलाई ज्यान मार्ने मनसाय भएको भन्न सकिएला तर रिस एवम् आवेगमा आएको अवस्थामा १ पटकको प्रहारले कसैको मृत्यु हुन्छ भने अन्यथा प्रमाणित नभएसम्म त्यसलाई ज्यान मार्ने नै मनसाय थियो भनी अनुमान गर्न मिल्ने हुँदैन। प्रस्तुत वारदातको सिलसिलाबद्ध तथ्यहरूले प्रतिवादीको मृतकलाई मार्ने पूर्वयोजना एवम् मनसाय भएको देखिँदैन। यस्तो घटनालाई मनसायप्रेरित घटना भन्न मिल्ने नभई आवेशप्रेरित घटना मान्नुपर्ने हुन्छ। यसर्थ प्रस्तुत घटनाका सम्बन्धमा अभियोग दाबीबमोजिमको १३(३) नं.को व्यवस्था आकर्षित हुने नभई १४ नं.बमोजिमको व्यवस्था आकर्षित हुने देखिन आउने।

अतः उल्लिखित विवेचित आधार कारणहरूबाट प्रतिवादी राजकुमार चेम्जोङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा ऐ. १४ नं.बमोजिम १०(दस) वर्ष कैद सजाय हुने ठहर गरी सुरु मोरङ जिल्ला अदालतबाट मिति २०७४।०५।२० मा भएको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगरबाट मिति २०७५/३/२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।

## २

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-RC-००५० र ०७५-RC-२०८५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विकास राय र विकास राय वि. नेपाल सरकार*

प्रतिवादीले सानो पैसाको सामान्य वादविवादका विषयमा आफ्नो घरबाट धारिलो हतियार कत्ती ल्याई मृतकलाई प्रहार गर्नु, धारिलो हतियार प्रहार गर्दा मृत्यु हुनसक्छ भन्ने सामान्य चेतनाको विषयमा यी प्रतिवादी गम्भीर नहुनु, वारदात स्थलबाट घर जान आउन लाग्ने समयको अवधिमा धारिलो हतियारको प्रहारको परिणामका बारेमा केही नसोच्नु, मृतकलाई ढालेपछि अन्य प्रत्यक्षदर्शी साथीहरूलाई समेत सोही हतियारले प्रहार गर्न खेदाउनु आदि जस्ता क्रियाकलापको विश्लेषण गर्दा यी प्रतिवादीमा मृतकलाई मार्ने पूर्वयोजना एवम् मनसाय थिएन भन्न मिल्ने अवस्था नदेखिने।

प्रतिवादीले निज मृतकलाई मार्नुपर्नेसम्मको कार्य गर्न लामो समयदेखिको योजना बनाएको नदेखिएको, निजहरूबिच उक्त सानो रकमको विषयबाहेक अन्य पूर्वरिसइवीसमेत भएको नदेखिएको, वारदातको समयमा यी प्रतिवादीले मादक पदार्थ सेवन गरेको भन्ने देखिएको, यी प्रतिवादी २६ वर्ष उमेरको अविवाहित एवम् सामान्य परिवारको भएको देखिएकोसमेतका परिस्थितिजन्य अवस्थाहरूसमेत प्रस्तुत मुद्दामा हुने सजायका सन्दर्भमा विचारणीय मानिने।

उपर्युक्त आधार कारणबाट प्रतिवादीलाई सुरु सुनसरी जिल्ला अदालतबाट मिति २०७२।१२।२५ मा सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.बं. १८८ नं.बमोजिम १५(पन्ध्र) वर्ष कैद सजाय हुने भनी व्यक्त गरेको राय सदर हुने गरी उच्च अदालत विराटनगरबाट मिति २०७५।२।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । निज प्रतिवादीलाई भएको उक्त सजायको राय साधकको रोहबाट कम गर्नुपर्ने अवस्था देखिएन। उक्त सजायभन्दा कम सजाय गरिपाउँ भन्ने पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी विकास रायलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको उच्च अदालत विराटनगरको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१

गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने उल्लेख गरेको र उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी विकास रायलाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदको सजाय हुनेमा साबिक मुलुकी ऐन, अ.वं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ।

इजलास अधिकृत:- कुलप्रसाद दाहाल

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम् ।

## इजलास नं.१४

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CI-०१७९, मोही लगत कट्टा, *हरिनारायण मोची (चमार) वि. जमुना गुरूङ*

कि.नं. २५ र २६ को जग्गाधनी बमबहादुर गुरूङ भएको भन्ने देखिन्छ । उक्त जग्गाको मोही दुखिलाल मोची भएको तथ्यमा पनि विवाद रहेको छैन। २०३२ सालमा नै दुखिलाल मोचीले जग्गा छाडी भागी गएको भनी भूमि सुधार कार्यालयमा निवेदन दिएको र उक्त निवेदनमा आफूले सनाखतसमेत गरेको भन्ने आधारमा २०४९ सालमा मोही लगत कट्टाको लागि जग्गाधनी बमबहादुरले निवेदन दिएको देखिन्छ । बमबहादुरले मोही लगत कट्टाको निवेदन दिएको सम्बन्धमा भूमि सुधार कार्यालयबाट आदेश हुँदा उल्लिखित आदेश बेहोराबाट विवादको कि.नं. २५ र २६ को मोहीको लगत कट्टा गर्ने निर्णय गर्नुभन्दा पूर्व सो सम्बन्धमा मोहीलाई म्याद सूचना जारी गरी बुझ्नुपर्नेमा साधिकार निकाय भूमिसुधार कार्यालय, सुनसरीले सो सम्बन्धमा कुनै कारबाही गरेको देखिएन। कुनै व्यक्तिका विरूद्ध कुनै कारबाही हुने अवस्था रहेको छ भने प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सो निर्णयबाट प्रभावित हुन सक्ने व्यक्तिलाई सुनुवाइको अवसर दिनु पर्दछ । उजुरी, नालिस, निवेदन परेपछि विपक्षीको नाउँमा कानूनबमोजिमको म्याद जारी गरी त्यस्तो म्याद सूचना कानूनबमोजिम तामेल भएको अवस्थासमेत विद्यमान हुनुपर्दछ अनि मात्र सम्बन्धित पक्षले सुनुवाइको अवसर पाएको मानिने अवस्था रहन्छ । भाइराम खड्के विरूद्ध ज्ञानु वैद्यसमेत भएको उत्प्रेषण परमादेश मुद्दा (ने.का.प.२०७१, अङ्क ६, भाग ५६, नि.नं.९१७५, संयुक्त इजलास) मा आफ्नो मुद्दामा कानूनबमोजिम प्रतिवाद गर्न पाउने हकलाई कसैले हनन् गर्न सक्दैन । यसरी प्रतिवाद गर्न पाउने त्यस्तो कानूनी हक प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रहने हुँदा प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुने गरी भएको काम कारबाहीले वैधता प्राप्त गर्न नसक्ने भनी सिद्धान्त प्रतिपादन भएर रहेकोसमेत अवस्थामा प्रस्तुत मुद्दामा कायम मोही दुखिलाल मोचीको नाउँको लगत कट्टा गर्नुभन्दा अगाडि

प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज मोहीलाई सो सम्बन्धमा सुनुवाइको अवसर प्रदान गर्नुपर्नेमा नगरी मोही लगत कट्टा गर्ने गरी निर्णय गरिएको अवस्था पाइँदा त्यस्तो निर्णयलाई कानून र न्यायसम्मत निर्णय मान्न मिल्ने नदेखिने।

मोहीको लगत कट्टा गरिपाउँ भनी निवेदन परिसकेपछि विपक्षीका नाउँमा म्याद तामेली गर्नुपर्नेमा सो केही नगरेको, मोहीको लगत कट्टाको निर्णय भइसकेपछि पनि सो निर्णयमा चित्त नबुझेमा पुनरावेदन सुन्ने अदालतमा कानूनबमोजिम पुनरावेदन गर्नु भनी म्याद जारी गर्नुपर्नेमा सोसमेत भए गरेको नदेखिएको अवस्थामा भूमिसुधार कार्यालयबाट निर्णय सारी थाहा पाएको मितिले ३५ दिनभित्र पुनरावेदन गरेकोलाई अन्यथा भन्न सकिने अवस्था नरहने।

इटहरी नगरपालिकाले पुनरावेदक हरिनारायण मोची चमार दुखिलाल चमारकै छोरा हुन् भन्ने सम्बन्धमा दिएको सिफारिसमा द्विविधा उत्पन्न भई नातामा विवाद देखिएकोमा पुनरावेदन अदालत विराटनगरबाट नाता सम्बन्धमा समेत प्रमाण बुझी यकिन गरी निर्णयमा पुग्नुपर्नेमा सोसमेत गरेको नदेखिने।

अतः विवेचित आधार कारणहरूबाट वादीले कि.नं. २५ र २६ मा रहेको मोहीको लगत कट्टा गरिपाउँ भनी निवेदन दर्ता गरेपछि साधिकार निकाय भूमिसुधार कार्यालयबाट विपक्षी मोहीको नाउँमा म्याद सूचना जारी गरी प्रतिवाद गर्ने मौकासमेत प्रदान गरी लगत कट्टा हुने नहुने सम्बन्धमा निर्णय गर्नुपर्नेमा सो नगरी प्राकृतिक न्यायको सिद्धान्तसमेत विपरीत मोहीको लगत कट्टा गर्ने गरेको भूमिसुधार कार्यालय, सुनसरीको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६९।१२।२७ को फैसला न्यायसङ्गत नदेखिएकोले सो फैसला बदर गरिदिएको छ। अब जो जे बुझ्नुपर्ने हो बुझी पुन: इन्साफ गर्नु भनी तारेखमा रहेका पक्षहरूलाई तारेख तोकी सुरू र पुनरावेदन अदालत विराटनगरको मिसिल उच्च अदालत विराटनगरमा पठाइदिने।

इजलास अधिकृतः- जनकसिंह बोहरा

कम्प्युटरः- चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल आषाढ २५ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CI-१२४३, अंश दर्ता, *साबित्री दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत*

धनञ्जय खतिवडाको परलोकपश्चात् धनकुमारी खतिवडा, रामेश्वर खतिवडा, युवराज खतिवडा, राजन खतिवडा, केदार खतिवडा, पुस्कर खतिवडाबिचमा मिति २०५०/९/२६ मा अंशबन्डा लिखत मालपोत कार्यालय, सर्लाहीबाट रजिस्ट्रेसन पास गरी छुट्टी भिन्न भएको ततपश्चात् मिति २०५३/११/२६ मा सावित्रीकुमारी दाहालसँग विवाह भएको भन्ने प्रतिवादी पुस्कर खतिवडाको प्रतिउत्तर लेखबाट देखिन्छ। प्रतिवादीले उल्लिखित मितिमा अंशबन्डा भएको भनी जिकिर लिएकोमा सुरू अदालतबाट तायदाती माग गर्ने आदेश गर्दा मूल अंशियार धनकुमारी खतिवडा, रामेश्वर, युवराज, राजन, केदार र पुस्करप्रसाद खतिवडासमेतको बिचमा र.नं.२९७१ मिति २०५०/९/२६ मा रीतपूर्वकको अंशबन्डा लिखत गरी छुट्टि भिन्न भई बसेपश्चात् प्रतिवादीमध्येका पुस्करप्रसादसँग यी वादीको २०५३/११/२६ मा विवाह भएकोमा वादी आफ्नो पति पुस्करप्रसाद खतिवडाबाट अंश पाउन सक्ने अवस्था र स्थिति देखिँदा फिराद परेको दिनलाई मानो छुट्टिएको मिति कायम गरी सोभन्दा अघिल्लो दिनसम्मको तायदाती फाँटवारी वादी प्रतिवादी पुस्करप्रसाद खतिवडा र सरस्वती खतिवडाबाट दाखेला गराउने भनी आदेश भएको देखिन्छ। उक्त तायदाती आदेशलाई वादीले चित्त बुझाई निजको

तर्फबाट तायदाती फाँटवारीसमेत पेस गरेको अवस्था हुँदा उक्त अंशबन्डाको अस्तित्वलाई वादीले स्वीकार गरेको देखिने।

वादीले पुनरावेदन गर्दा मिति २०५०।०९।२६ को बन्डापत्रमा रामेश्वर उपाध्याय खतिवडाको नामको जिल्ला धनुषा कुवारामपुर परिवर्तित जनकपुर न.पा.३ कि.नं. ३०६ को ०-६-१२ मध्ये उत्तर पश्चिमबाट ०-०-१५ जग्गा पुष्करप्रसाद खतिवडाको अंश भाग भनी पारित बन्डामा प्रस्ट उल्लेख भएको जग्गा दा.खा.नगरी रामेश्वर उपाध्यायकै नाममा राखी रामेश्वर उपाध्यायको मृत्युपश्चात् मिति २०५७।०५।१८ मा विपक्षी डोरकुमारीले आफ्नो हक भनी नामसारी गराई विभिन्न व्यक्तिहरूलाई बिक्री गरेको स्वयं वादी पुनरावेदकले पुनरावेदन दायर गर्दा उल्लेख गरेको अवस्था रहेको छ। वादीको उक्त पुनरावेदन बेहोराबाट समेत यी वादीका पति पुस्करप्रसाद खतिवडा अन्य विपक्षी प्रतिवादीहरूबाट मिति २०५०/९/२६ मै अंशबन्डा लिखत गरी छुट्टी भिन्न भएको देखिन आयो। यसरी एक पटक एकासगोलका अंशियारहरूबिच विधिवत् रूपमा अंशबन्डा भई आफ्नो भागको अंश बुझिसकेपछि पुनः दोहोरो रूपमा त्यस्तो अंशियारले अंश प्राप्त गर्ने अवस्था नहुने।

प्रतिवादीमध्येका पुस्करप्रसाद खतिवडा मिति २०५०/९/२६ अंशबन्डा गरी छुट्टी भिन्न भएको भन्ने देखियो । यी प्रतिवादी सावित्रीकुमारी दाहालको निज प्रतिवादी पुस्करप्रसाद खतिवडासँग मिति २०५३/११/२६ मा विवाह भएको भन्ने देखिन्छ । उक्त कुरालाई यी वादीले अन्यथा भनेको अवस्था देखिँदैन । वादीको प्रतिवादी पुस्करप्रसाद खतिवडासँग विवाह हुनुभन्दा अगाडि नै प्रतिवादी पुस्करप्रसाद खतिवडाले आफ्नो अंश भाग बुझी लिइसकेकोमा त्यस्तो अंशबन्डाबाट पछि विवाह भएकी यी वादीको अंश हकमा असर पुग्न गएको भनी मान्न मिल्ने नहुने।

अंश माग्ने भनेको आफूले अंश प्राप्त गर्नेसँगबाट हो भने प्राप्त गर्ने पनि निजैसँगबाट हो। आफूले अंश माग गर्नेले नै अंश नपाइसकेको अवस्थामा निजले समेत अंश पाउने अन्य अंशियारलाई विपक्षी बनाई अंश दायर गर्न सकिने कानूनी प्रचलन र न्यायिक परम्परा हो। प्रस्तुत मुद्दामा आफ्नो पति पुस्कर खतिवडासमेत अन्यलाई विपक्षी बनाउन पुस्कर खतिवडाले अन्य अंशियारबाट अंश नलिई वा नपाई एकासगोलमा रहेको अवस्था हुनु पर्दछ । त्यस्तो अवस्था मिसिल संलग्न कागज प्रमाणबाट देखिँदैन। रितादेवी खाती क्षेत्री विरूद्ध दमबहादुर खाती भएको अंश मुद्दामा (ने.का.प.२०५२, अङ्क ३, नि.नं.५०७३, संयुक्त इजलास) सिद्धान्त प्रतिपादन भई यी वादीले प्रतिवादी पुस्कर खतिवडा र अन्य अंशियारबिच मिति २०५०/९/२६ मा भएको अंशबन्डालाई स्वीकार गरेको अवस्थामा यी वादीले आफूले अंश प्राप्त गर्ने आफ्ना पति तथा प्रतिवादी पुस्करप्रसाद खतिवडाबाहेक अन्यलाई प्रतिवादी बनाउन र निजहरूबाट समेत अंश प्राप्त गर्ने भन्न मिल्ने नदेखिने।

प्रतिवादी पुस्करप्रसाद खतिवडाले उल्लिखित मितिमा अंशबन्डा लिखत गरी छुट्टी भिन्न भएको अवस्थामा यी वादी निजको पति तथा प्रतिवादी पुस्करप्रसाद खतिवडाको नाउँ तथा अंश भागमा परेको सम्पत्तिको अंशियारसम्म कायम हुने देखियो । प्रतिवादी पुस्करप्रसादका श्रीमती वादी सावित्रीकुमारी दाहाल र अर्की श्रीमती सरस्वती खड्का भन्ने देखिन्छ । प्रस्तुत अंश मुद्दा पर्दाको अवस्थामा निज प्रतिवादी पुस्करप्रसाद खतिवडाको दुई अविवाहित छोरीसमेत रहेको भन्ने मिसिल संलग्न कागज प्रमाणबाट देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी पुस्करप्रसाद खतिवडाको अंश भाग पाउने निज पुस्करप्रसाद खतिवडा, श्रीमती सावित्रीकुमारी दाहाल, सरस्वती खतिवडा, दुई अविवाहित छोरीसमेत पाँच अंशियार कायम हुन जाने अवस्था देखियो । मुलुकी

ऐन, अंशबन्डाको महलको १ नं. मा **अंश गर्दा यो नम्बर प्रारम्भ भएपछि अंशबन्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जियजियैको अंश गर्नुपर्दछ** भनी उल्लेख भएको र यी वादी, प्रतिवादी पुस्करप्रसाद खतिवडा, निजकी अर्को श्रीमती सरस्वती खतिवडा र दुई छोरीसमेत पाँच अंशियार हुँदा वादीले पाँच भागको १ भाग अंश पाउने देखिन आउने।

अंशबन्डाको १७ नं. ले विवाह नभएका छोरा छोरीको विवाह खर्च परसारी मात्र अंशबन्डा गर्नुपर्ने भन्ने उल्लेख भएको देखिन्छ। उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीका दुई छोरीहरू अविवाहित रहेको भन्ने देखिँदा निजहरूको विवाह खर्च पर सार्नुपर्ने देखिन्छ। यस स्थितिमा दुई छोरीको विवाह खर्च पर सार्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब देखिने।

डोर कुमारीका पति रामेश्वर र यी वादीका पति पुस्करप्रसाद खतिवडाबिच अंशबन्डा भइसकेको अवस्था देखिन्छ। अंश मुद्दामा प्रतिवादीहरूसँग अंश माग गर्दा सोको कानूनी आधारसहित वादीले दाबी लिनु पर्दछ। प्रस्तुत मुद्दामा वादीले डोरकुमारीसमेतका प्रतिवादीबाट समेत अंश पाउनुपर्ने भनी जिकिर लिए तापनि सोको स्पष्ट आधार देखाउन सकेको देखिँदैन। वादीका पति पुस्करप्रसाद खतिवडाले स्वयं प्रतिउत्तर लगाउँदा वादीले आफूसँगबाट अंश प्राप्त गर्न सक्ने भनी जिकिर लिएको र निज प्रतिवादीले आफ्नो अंश बुझी लिइसकेको अवस्थामा अन्य प्रतिवादीहरूबाट समेत अंश पाउनुपर्ने भन्ने वादीको पुनरावेदन जिकिरमा सहमत हुन सक्ने अवस्था नरहने।

त्यसैगरी वादीले पुनरावेदन गर्दा प्रतिवादी डोरकुमारीले विभिन्न लिखत पारित गर्दा लिखतमा पुस्करप्रसाद खतिवडा एकासगोलको भनी उल्लेख गरेको भनी जिकिर लिएतर्फ हेर्दा एकासगोलमा रहेको भनी लेखिनु र साच्चिकै एकासगोलमा रहनु फरक अवस्था हो। अंश नहुँदैको अवस्थामा अंशियार एकासगोलमा रहने अवस्था हुन्छ भने अंश भइसकेपछि पनि कानूनबमोजिम मानो जोरिएको लिखत पारित गरेको अवस्थामा एकासगोलमा रहेको भनी कानूनतः मान्न सकिने अवस्था हुन्छ। यस सम्बन्धमा (ने.का.प.२०७१, भाग ५६, अङ्क १२, नि.नं.९३०७, संयुक्त इजलास) उमादेवी कार्की विरूद्ध कुमारी कार्की भएको अपुताली हक कायम नामसारी मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिँदा पुनरावेदिका वादीले प्रतिवादी पुस्करप्रसाद खतिवडा सासू डोरकुमारीसँग एकासगोलमा रहेको भन्ने कुरा पुष्टि हुन सक्ने आधार देखिएन। यसस्थितिमा एकासगोलमा रहेको भनी पारित लेखिएकै आधारमा एकासगोलमा रहेको भनी अर्थ गर्न मनासिब नहुने।

अतः विवेचित आधार कारणहरूबाट पुनरावेदन अदालत हेटौंडाले प्रतिवादी पुष्करप्रसाद खतिवडाका जम्मा ५ जना अंशियारहरू कायम गरी वादीले प्रतिवादीबाट ५(पाँच) भागको १ (एक) भाग अंश पाउने ठहऱ्याई गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। पुष्करप्रसाद खतिवडाका नाम दर्ताको सर्लाही र सिन्धुली जिल्लाको कि.नं.२८, १६६, १६३, १६१, १६६, १७०, ७८, १०४, र १७१ को सम्पत्तिबाट विवाह नभएका २ जना छोरीहरूको विवाह खर्च पर सारी बाँकी सम्पत्तिबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहर्छ भनी पुनरावेदन अदालत हेटौंडाले मिति २०७३।०२।१६ मा गरेको फैसला मिलेकै देखिँदा सो फैसला सदर हुने।

इजलास अधिकृत: जनक सिंह बोहरा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल असार २३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७३-CI-१२४३, अंश दर्ता, *सावित्री दाहाल (खतिवडा) वि. डोरकुमारी खतिवडासमेत* रहेको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७०-CR-१२५६, बहुविवाह, *नेपाल सरकार वि. गीता परियार*

प्रतिवादी गीता परियारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबित रही बयान गरे तापनि अदालतमा बयान गर्दा आफूलाई कृष्ण परियारसँग विवाह गर्दाका बखत निजको जेठी पत्नी रहेको कुरा थाहा थिएन भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । तर अदालतमा गरेको इन्कारी मात्र निज विरूद्धको अभियोग खण्डित गर्ने आधार हुन सक्दैन अर्थात् प्रतिवादी कसुरमा इन्कारी हुनुले मात्र निज निर्दोष रहेछन् भनी मान्न मिल्ने अवस्था हुँदैन । त्यस्तो इन्कारी विश्वसनीय प्रमाणहरूबाट पुष्टि समर्थित भएको अवस्था मात्र त्यस्तो इन्कारी प्रतिवादी विरूद्धको अभियोग खण्डित गर्ने आधार बन्न सक्छ । प्रस्तुत मुद्दामा प्रतिवादीको इन्कारी विश्वसनीय प्रमाणहरूबाट समर्थित हुन सकेको अवस्था नदेखिने ।

कुनै पनि महिलाले कुनै पुरुषसँग विवाह गर्दा निजको पृष्ठभूमि बुझेर नै विवाहजस्तो कुराको निर्णय लिनुपर्ने हुन्छ । आफूले विवाह गर्न लागेको पुरूष विवाहित वा अविवाहित के हो भन्ने कुरा सम्बन्धित महिलाले विवाह गर्नुअघि विचार गर्नुपर्ने कुरा हो । कुनै महिलाले कुनै पुरूषसँग विवाह गर्ने अनि निजलाई बहुविवाहको अभियोग लागेपछि सो कुरा विवाह गर्दा मलाई थाहा थिएन भनी भन्दै जाने र निजको भनाइलाई मात्र आधार मानी सफाइ दिँदै जाँदा कुनै पुरूषको श्रीमती भएको जानी जानी बहुविवाह गर्ने प्रवृत्तिले प्रोत्साहन र प्रश्रय पाउने अवस्था रहन्छ भने बहुविवाहको कसुरलाई नियन्त्रण गर्ने विधायिकी मनसायसमेत पराजित हुन पुग्दछ । उल्लिखित सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादीले कृष्ण परियारसँग विवाह गर्नुभन्दा अगाडि निजको जेठी श्रीमती थाहा थिएन भनी व्यक्त गरेको कथन अन्य प्रमाणहरूबाट समर्थित नभएको अवस्थामा निजलाई कसुरबाट उन्मुक्ति दिन मनासिब हुने नदेखिने ।

प्रतिवादी गीता परियारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा निज कृष्ण परियारको घरमा विवाह गरेकी जेठी श्रीमती र छोरासमेत छन् भन्ने कुरा आफूलाई थाहा भएको र निजहरूको सम्बन्ध राम्रो नभएको भन्नेसमेत जानकारी भई मलाई नै मायाप्रेम गर्छन् भन्ने सोची विवाह गरेको हुँ भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । प्रतिवादी कृष्ण परियारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान हेर्दा गीता मामाकी छोरी हुन् । सानैदेखि घरमा आउने जाने थियो । जुना परियारसँग सम्बन्ध बिग्रेको सबै विषयमा गीता परियारलाई राम्रो जानकारी थियो भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादी कृष्णका साक्षी शुस्मा परियारले अदालतसमक्ष गरेको बकपत्रमा प्रतिवादी कृष्ण परियार फुपूको छोरा र यी प्रतिवादी गीता परियार मामाकी छोरी नाताकी हुन् भनी लेखाएको देखिन्छ । गीता परियारलाई मेरो जुना परियारसँग सम्बन्ध बिग्रेको थाहा थियो भनी कृष्ण परियारले अनुसन्धानको क्रममा गरेको बयानमा लेखाएको देखिन आउने ।

यसैगरी जाहेरवाला जुना परियारले अदालतमा बकपत्र गर्दा गीता र मेरो श्रीमान्बिच विवाह हुनुपूर्व गाउँले दिदी बहिनी छिमेकी नाता थियो । विवाहपूर्व प्रतिवादी हाम्रो घरमा आउने गरेकी थिइन् । कृष्ण परियारको घरमा जेठी श्रीमती छ भन्ने कुरा प्रतिवादी गीतालाई गाउँले छिमेकबाट पनि थाहा थियो भनी बकपत्र गरेको देखिन्छ । प्रतिवादी गीता परियार र कृष्णको घर भौगोलिक रूपमा टाढा रहेको भन्ने कुरा पनि देखिन आउँदैन । प्रतिवादी कृष्ण परियारको साक्षी सुष्मा परियारले अदालतसमक्ष गरेको बकपत्रमा प्रतिवादी कृष्ण परियार फुपूको छोरा र यी प्रतिवादी गीता परियार मामाकी छोरी नाताकी हुन् भनी लेखाएको देखिन्छ । वस्तुस्थिति मुचुल्काका मानिस सुरज पाण्डेले अनुसन्धानको क्रममा गरिदिएको कागज

बेहोरामा प्रतिवादी गीता परियारले घरमा श्रीमती छ भन्ने जानी बुझी नै विवाह गरेकी रहिछन् भनी उल्लेख गरेको देखिने।

प्रतिवादी गिता परियार र कृष्ण परियारको उल्लिखित बयान बेहोरा, जाहेरवालाको जाहेरी र निजले अदालतमा गरेको बकपत्र, प्रतिवादी कृष्ण परियारको साक्षी सुष्मा परियारले अदालतमा गरेको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिस सुरज पाण्डेले अनुसन्धानको क्रममा गरेको कागज हेर्दा गीता परियार र कृष्ण परियारबिच मामाको छोरी फुपूको छोराको नाता रहेको देखिएको, उक्त नाता सम्बन्ध रहेकै कारण गीता परियार कृष्णको घरमा आउने जाने गरेको भन्ने कुरा स्वाभाविक भएको, गीता परियार र कृष्ण परियारको गाउँ घर पनि भौगोलिक रूपमा एकले अर्कोको बारेमा थाहा नपाउने टाढा रहेको भन्ने नदेखिएकोसमेतका अवस्थालाई विचार गर्दा यी प्रतिवादी गीता परियारलाई कृष्ण परियारको जेठी श्रीमती रहेको कुरा निजसँग विवाह गर्नुपूर्व थाहा थिएन भन्ने भनाइ विश्वासलायक नदेखिने।

फौजदारी मुद्दामा Physicial Evidence को महत्त्वपूर्ण स्थान हुन्छ तर सबै फौजदारी कसुरमा Physicial Evidence उपलब्ध हुन्छ नै भन्ने हुँदैन। बहुविवाह मुद्दा फौजदारी मुद्दा भए तापनि यस्ता मुद्दामा भौतिक सबुद प्रमाणको उपलब्धता नहुन सक्छ। यस्तो अवस्थामा प्रतिवादीहरूले गरेको बयान बकपत्र, साक्षी प्रमाण नै Non- Physicial Evidence रूपमा रहने हुँदा तीनै प्रमाणहरूलाई विश्लेषण गरी न्यायिक निर्णयको बिन्दुमा पुग्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीको इन्कारी बयान विश्वसनीय प्रमाणबाट समर्थित नभएको, तर निजको अनुसन्धानको क्रममा गरेको साबिती बयान जाहेरवालाको जाहेरी, निजले अदालतमा गरेको बकपत्र, प्रतिवादी कृष्ण परियारको साक्षी सुष्मा परियारको बकपत्र, निजहरू भौगोलिक रूपमा पनि टाढा नरहेको अवस्था, वस्तुस्थिति मुचुल्काका मानिस सुरज पाण्डेले अनुसन्धानको क्रममा गरेको कागजसमेतबाट समर्थित भएबाट यी प्रतिवादी गीता परियारलाई कृष्ण परियारसँग विवाह गर्नुपूर्व निजको जेठी पत्नी रहेको थाहा थियो भन्ने कुरा पुष्टि हुन आउने।

यसै सम्बन्धमा निर्मला यादव विरूद्ध नेपाल सरकार भएको बहुविवाह मुद्दा (स.अ. बुलेटिन, वर्ष १९, अङ्क १९, माघ १, २०६७, पूर्णाङ्क४४५) मा प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक देखिने।

अतः विवेचित आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतको आधारबाट निज प्रतिवादी गीता परियारले कृष्ण परियारको जेठी श्रीमती रहेको कुरा जान्दाजान्दै निजसँग विवाह गरी मुलुकी ऐन, विवाहवारीको महलको ९ र १० नं. बमोजिमको कसुर अपराध गरेको देखिन आएकोले निजले अभियोग दाबीबमोजिमको कसुर गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादी गीता परियारलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको सुरू कास्की जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पोखराको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी गीता परियारलाई ऐ. १० नं. अनुसार १ वर्ष कैद र रू. ५,०००।- जरिवाना हुने।

इजलास अधिकृत : जनकसिंह बोहरा

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल आषाढ २७ गते रोज ६ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री हरिकृष्ण कार्की,** *०७४-WO-०९३३, उत्प्रेषण, रामप्रितप्रसाद गुप्तासमेत वि. अनिताकुमारी गुप्तासमेत*

निवेदकसमेत प्रतिवादी प्रत्यर्थीहरू

अनिताकुमारीसमेत वादी भई पर्सा जिल्ला अदालतमा विचाराधीन अंश मुद्दामा पर्सा जिल्ला अदालतबाट वादी दिप्ती गुप्ताको जैविक बाबु डि.एन.ए. परीक्षणबाट यकिन गर्नुपर्ने भएको कारण दिप्ती गुप्ता, अनिताकुमारी गुप्ता, विरेन्द्र गुप्ता र दिपेन्द्र गुप्तासमेतलाई ललितपुर जिल्ला अदालतमार्फत राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा गई डि.एन.ए. परीक्षण गराउनु भन्ने आदेश भएकोमा सो आदेशउपर प्रतिवादीहरूको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा अ.बं.१७ नं. बमोजिमको निवेदन परी सो निवेदन पेस हुँदा कैफियत माग भई विरेन्द्र गुप्ताको छोरी दिप्ती कुमारी हो, होइन ? भन्ने प्रयोजनार्थ डि.एन.ए. परीक्षण गर्न भनी पर्सा जिल्ला अदालतबाट मिति २०७५/०१/०४ को आदेशलाई उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट दिप्ती गुप्ताको जन्ममिति २०६६/०१/१४ मा भएको तथ्य मिसिल संलग्न जन्मदर्ताको प्रमाणपत्र तथा निजको अस्पतालको वर्थ सटिफिकेटबाट देखिएको र सो कागजहरूमा दिप्ती गुप्ताको बाबुको नाम विरेन्द्रकुमार गुप्ता र आमाको नाम अनितादेवी उल्लेख भएको देखिएको आधारमा बेरितको देखिँदा विरेन्द्रकुमार गुप्ताको छोरी दिप्तीकुमारी हो, होइन ? भन्ने प्रयोजनार्थ DNA परीक्षण गर्ने भनी सुरू पर्सा जिल्ला अदालतबाट मिति २०७५/०१/०४ मा भएको आदेशको प्रकरण नं. २, ३, ४ मा भएको हदसम्मको आदेश बेरितको देखिँदा सो हदसम्मको आदेश बदर गरिदिएको पाइने।

वादी दिप्ती गुप्ताको जैविक बाबुको DNA परीक्षण गर्ने सम्बन्धमा यी रिट निवेदक विरेन्द्रकुमार गुप्ताले बारा जिल्ला अदालतमा चढाएको हाडनाता करणी मुद्दाको फिरादपत्रमा २०६८ सालको आरम्भतिरदेखि नै विपक्षी दिपेन्द्रकुमार र विपक्षी अनिताकुमारीबिच भित्रभित्रै देवर भाउजूबिच अनैतिक सम्बन्ध भएको कुरा उल्लेख गरेको देखियो भने रिट निवेदकले आफ्नो निवेदनमा समेत सोही बेहोरा उल्लेख गरेको पाइयो । निवेदकले अनितादेवीको आफ्नै देवर दिपेन्द्रसँग अवैध सम्बन्ध रहेको आरोपित गरेको मितिभन्दा झण्डै २ वर्षअगावै दिप्तीको जन्म भएको भन्ने तथ्य निजको जन्मदर्ता प्रमाणपत्र तथा अस्पतालको वर्थ सर्टिफिकेटबाट स्थापित भएको भन्ने आधारमा उच्च अदालतले आदेश गरेकोमा सो तथ्यलाई अन्यथा हो भनी रिट निवेदनमा उल्लेखनसम्म पनि गरेको देखिँदैन। यसबाट उक्त तथ्यलाई रिट निवेदकले स्वीकार नै गरेको मान्नुपर्ने हुन्छ। अतः उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७५/०१/२७ मा भएको आदेश कानूनबमोजिम नै देखिएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७५ आषाढ ४ गते रोज २ शुभम्।